गाउँ कार्यपालिकाको कार्यालय
बरेङ गाउँपालिका
हुग्दिशिर, बाग्लुङ, गण्डकी प्रदेश

# प्रथम आवधिक विकास योजना

(२०७८/७९ – २०८२/८३)

मंसिर, २०७८

## कार्यकारी सारांश

गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा संस्थागत विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज गाउँपालिकाको आवधिक योजना हो । यस दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हाँसिल गर्न विभिन्न सिद्धान्त, रणनीति र कार्यनीति तथा योजनाहरूका साथै लागत पहिचान गरी उल्लेख गरिएको छ । यस आवधिक योजनाले बरेङको आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण र सुशासन विकासलाई नियोजित गर्न र लगानीलाई प्रोत्साहन गर्न आधारभूत भूमिका खेल्ने छ । प्रस्तुत आवधिक योजनाको कार्यान्वयन अवधि आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म तोकिएको छ ।

गण्डकी प्रदेश अन्तर्गत बाग्लुङ जिल्लामा अवस्थित बरेङ गाउँपालिका समुन्द्र सतहबाट १०७१ मि. देखि २७७३ मि. सम्मको उचाइमा रहेको यस गाउँपालिकाको क्षेत्रफल ७५.२८ वर्ग कि.मि. रहेको छ । बरेङ पार्श्वचित्र २०७५ अनुसार यस गाउँपालिकाको जनसंख्या १४,४९२ रहेको छ । अधिकांश जनसंख्या मगर जातीको रहेको यस गाउँपालिकामा मगर संस्कृतिको प्रवर्द्धन र संरक्षण भएको देखिन्छ । साग्दी सत्यवती मन्दिर, सिग्दी होमस्टे, भैंसेखोला झरना, भातेपोखरा, आरुखर्क, भित्रिवन, कौडे डाँडा यस गाउँपालिकाका महत्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक पर्यटकीय स्थलहरु हुन् । सामान्यतः गाउँपालिकाको कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ, कोदो, फापर, आलु आदि हुन् । यस्तै दलहन बालीमा मास, वोडी, केराउ उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल, भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, वन्दा, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् । कुखुरा, बाख्रा, भैंसी, मौरी, बंगुर आदि यहाँ पालन गरिने मुख्य पशुपंक्षीहरु हुन् । कृषि उत्पादनलाई मुल्य श्रृङ्खलासँग तथा कृषि उद्योगसँग जोड्दै र कृषियोग्य जमिनमा दिगो सिंचाई सुविधा उपलब्ध गर्दै कृषि क्षेत्रलाई व्यवसायिकिकरण र आधुनिकिकरण गर्न सकिन्छ ।

खेतीयोग्य जमिन ३०.५७% भएता पनि पशुपालन र कृषि क्षेत्र निर्वाहमुखी हुनु, पानीको मुहान पर्याप्त नहुनाले खानेपानी तथा सिंचाईको मुख्य अभाव रहनु, पर्याप्त सम्भावना बोकेका पर्यटकीय स्थलहरुमा दिगो पहुँच सडक नहुनु साथै उचित प्रचारप्रसार र व्यवस्थापन नहुनु, उद्योग सञ्चालन र व्यवस्थापनमा पूर्वाधार तथा योजनाको कमी, उद्योगजन्य पदार्थको कमी हुनु, प्राविधिक धारको शिक्षा उपलब्ध नहुनु, अस्पताल नहुनु, अधिकांश स्थानीय सडक कच्ची हुनु र वर्खामा बाटो असहज हुनु, भरपर्दो विद्युत सेवाको कमी हुनु, गुणस्तरीय इन्टरनेटको पहुँच विस्तार नहुनु, व्यवस्थित खेल मैदानहरु नहुनु, वस्तीहरु छरिएर रहनु, तालिम प्राप्त दक्ष जनशक्तिको कमी हुनु, गाउँपालिका भवन तथा वडा कार्यालय भवनहरु व्यवस्थित र सुविधा सम्पन्न नहुनु जस्ता समस्याहरु यस गाउँपालिकामा रहेका छन् ।

माथि उल्लेखित समस्याहरुलाई समाधान गर्दै योजनाबद्ध प्रकृया अनुसार विकासलाई अगाडि बढाउन समग्र गाउँपालिकाको विकासको नारा **"समृद्ध बरेङ, सुखी बरेङवासी"** तय गरिएको छ ।

कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गरी विभिन्न बाली तथा उत्पादनको पकेट क्षेत्र बनाउने, उपयुक्त सिंचाईको व्यवस्था गर्ने, युवालाई सीपमूलक तालिम तथा आर्थिक सहयोग गरी व्यवसायिक कृषिमा आकर्षित गर्ने, धार्मिक, ऐतिहासिक तथा परम्परागत कला साँस्कृतिको जगेर्ना गर्दै पर्यटकीय स्थलहरुमा पूर्वाधार विकास गर्ने, उद्योगग्राम निर्माण गरी विभिन्न ग्रामीण उद्योग स्थापना गर्ने लक्ष्य राखिएको छ । शिक्षा र स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्ने, प्राविधिक धारका शिक्षाको विकास गर्ने, सुविधा सम्पन्न एक अस्पताल निर्माण गर्ने, सडक र पुलहरु निर्माण गर्ने, सभा हल तथा सरकारी कार्यालय भवनहरु निर्माण गर्ने, सबै घरधुरीमा दिगो विद्युत उपलब्ध गराउने, खानेपानी र खेलमैदानका आयोजनाहरु निर्माण गर्ने लक्ष्य राखिएको छ । त्यस्तै वातावरणमैत्री वस्ती विकास गर्ने, विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन अर्न्तगत पनि विभिन्न योजना निर्माण गर्ने लक्ष्य राखिएको छ । यसरी तय गरिएका कार्यक्रमलाई प्राथमिकीकरण गरी मध्यमकालीन खर्च संरचना पनि तयार गरिएको छ ।

यस आवधिक योजनाले समग्र बरेङ गाउँपालिकाको विकासको अवधाराणालाई मूर्त रुप दिने विश्वास लिइएको छ । आर्थिक वर्ष २०८२/८३ सम्ममा आर्थिक वृद्धि दर १०.२ पुऱ्याउने, प्रति व्यक्ति आय अमेरिकी डलर १८५० पुऱ्याउने, साक्षता प्रतिशत १०० पुऱ्याउने, शतप्रतिश प्रजनन सेवा स्वास्थ्य संस्थाबाट हुने, सबै घरधुरीमा भरपर्दो विद्युत सेवा पुऱ्याउने लक्ष्यका साथ विभिन्न योजनाहरु समावेश गरिएका छन् । कृषि सम्बन्धी आवश्यक पूर्वाधारहरु जस्तै संकलन केन्द्र, चिस्यान केन्द्र आदि निर्माण भएको हुनेछ । विभिन्न पर्यटकीय स्थलहरुमा पूर्वाधारको विकास भएको हुनेछ । पार्किङ स्थल, बस स्टप,

पुल तथा बाटाहरु प्राथमिकताका आधारमा निर्माण तथा स्तरोन्नती भएको हुनेछ । उल्लेख्य मात्रामा सडकहरु कालोपत्रे भएको हुने र गाउँपालिका स्तरीय खेलमैदान, सभा हल, गाउँपालिका र वडा कार्यालय भवनहरु बनेका हुनेछन् ।

गाउँपालिकालाई सामाजिक, आर्थिक लगाएत विभिन्न विकास निर्माणका लागि कम्तीमा **रु.२.६१ अर्ब** लाग्ने प्रारम्भिक अनुमान छ । उल्लेखित सम्पूर्ण कार्य सम्पन्न गर्न आगामी ५ वर्ष पर्याप्त देखिँदैन । यसमध्ये करिब **रु. ९८.०३ करोड (३८%)** बराबरको कार्य यस आवधिक योजनाको मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरिएको छ । कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरी तिनको निरन्तरताबारे पुनर्विचार गर्न सकिनेछ ।

## मन्तव्य

नेपालको संविधानले मुलुकको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा कायम गर्दै तिनै तहका सरकारलाई संविधान तथा कानुन बमोजिम राज्यशक्तिको प्रयोग गर्ने अधिकार प्रदान गरेको छ । यस अनुसार संविधानको अनुसुचि ८ मा स्थानीय तहको एकल अधिकार र अनुसुचि ९ ले साझा अधिकारलाई सुचीबद्ध गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यमकालीन र वार्षिक विकास योजना बनाई लागु गर्नु पर्ने उल्लेख गरेको छ । राष्ट्रिय योजना आयोगले आवधिक विकास योजना तर्जुमा सम्बन्धी (नमुना ) कार्यविधि तर्जुमा गरी मार्ग निर्देशित गरेको छ । यसैगरी नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम र आयोजनाको वर्गिकरण र बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

बरेङ गाउँपालिकाले योजनाबद्ध विकासद्धारा आर्थिक सामाजिक समृद्धिका निमित्त **"समृद्ध बरेङ, सुखी बरेङवासी"** भन्ने दीर्घकालीन सोच सहित आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्मका लागि प्रथम आवधिक योजना तर्जुमा गरी कार्यान्वयन आरम्भ गरेको छ । गाउँपालिकाको प्रोफाइलको आधारमा, विभिन्न चरणमा जनस्तरवाट र बिज्ञहरुवाट सुझावहरु संकलन गरी आगामी ५ वर्षको आवधिक विकास योजनाका साथै दीर्घकालीन र मध्यमकालीन योजना सहितको दस्तावेज बनेको छ ।

ऐतिहासिक तथा साँस्कृतिक विशेषता, प्राकृतिक सम्पदा तथा जैविक विविधता भएको बरेङ गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहनाअनुसार योजनावद्ध विकास गर्न यो प्रतिवेदन एउटा मार्गदर्शक मार्गचित्र हुनेछ । खेतीयोग्य जमिनमा सिंचाई पुऱ्याउने, उद्योगग्राम निर्माण गर्ने, पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधारहरु निर्माण गर्ने, माध्यमिक विद्यालयहरुमा प्राविधिक धारको कक्षा सञ्चालन हुने, सुविधा सम्पन्न अस्पताल सञ्चालन हुने, शतप्रतिशत घरहरुमा स्वच्छ खानेपानीको सुविधा तथा दिगो विद्युत सेवा पुऱ्याउने, सडकको वर्गीकरण गरी स्तरोन्नती गर्ने, व्यवस्थित खेलमैदानहरु निर्माण गर्ने, सभा हल निर्माण गर्ने, व्यवस्थित वस्ती विकास गर्ने, विपद व्यवस्थापनका लागि विभिन्न स्थानमा उद्धार टोली र व्यवस्थापन केन्द्र बनाउने, वातावरणमैत्री पूर्वाधारहरु निर्माण गर्ने, ल्यान्डफिल साइट निर्माण गर्ने, सुविधा सम्पन्न गाउँपालिका तथा वडा कार्यालयबाट सेवा सञ्चालन गर्ने लगाएत सबै क्षेत्रलाई समेट्ने गरी लक्ष्यहरु राखिएका छन् ।

यस प्रथम आवधिक योजना तर्जुमामा गाउँ कार्यपालिकाका पदाधिकारी, राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु, गाउँ सभाका सदस्य, शिक्षक, बुद्धिजिवि एंव गैरसरकारी, निजि तथा सहकारी क्षेत्र, विभिन्न संघ–संस्थाहरु प्रति उहाँहरुको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु । यसैगरी आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी गर्नुहुने प्रमुख प्रशासकिय अधिकृत लगायत सबै कर्मचारी प्रति धन्यवाद प्रकट गर्दछु । अन्तमा यस गाउँपालिकाले तर्जुमा गरेको प्रथम आवधिक विकास योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरुका सदभाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु ।

धन्यवाद ।

---

श्री कृष्ण प्रसाद शर्मा
गाउँपालिका अध्यक्ष

## मन्तव्य

साविकका धुल्लुबास्कोट, हुग्दीशिर, बाटाकाचौर, सल्यान र सुखौरा गरि ५ गाविसलाई समावेश गरी गठन गरिएको बरेङ गाउँपालिकामा हाल जम्मा ५ वडाहरु रहेको छन् । साविकका ५ गाविसलाई नै अलग अलग ५ वडा बनाइएको छ, साविकका वडा नम्बर १ र २ को सिमानामा रहेको बरेङ बजारको नाम बाट यो गाउँपालिकाको नामकरण गरिएको हो । बरेङ गाउँपालिकालाई आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक रुपमा रुपान्तरण गरी समृद्ध बरेङ निर्माण गर्ने दीर्घकालीन सपना सहित यस गाउँपालिकाको प्रथम आवधिक विकास योजना तयार भई कार्यान्वयनको चरणमा रहेको छ ।

बरेङ गाउँपालिकालाई विकसित गाउँपालिका बनाउनका लागि आधार योजनाको रुपमा आर्थिक वर्ष २०७८/०७९ देखि २०८२/०८३ सम्म **"समृद्ध बरेङ, सुखी बरेङवासी"** को दीर्घकालीन सोच सहित तयार गरिएको छ । यसले बरेङ गाउँपालिकाको इतिहासमा योजनाबद्ध विकासको थालनीको प्रयास गर्नेछ । आगामी दिनहरुमा यसकै जगमा रहेर विभिन्न विषयका योजना तथा लक्ष्य निर्धारण गर्न आधार दस्तावेज बन्नेछ ।

वैज्ञानिक र दुरदर्शी योजनाले मात्र सर्वाङ्गिण र दिगो विकासलाई अघि बढाउन सहयोग पुऱ्याउँछ । विना योजना सिमित श्रोत साधनबाट निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हाँसिल गर्न सकिँदैन । संविधानले स्थानीय सरकारलाई सेवा प्रवाह गर्ने शक्तिशाली सरकारको रुपमा परिकल्पना गरेको छ । प्राकृतिक स्रोतको सम्भाव्यता, आर्थिक, सामाजिक विकासको पूर्वाधारको उपलब्धतामा तथा संस्थागत क्षमतालाई सम्बोधन गर्दै स्थानीय तहलाई आफ्नो क्षेत्रको आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा संस्थागत विकासका लागि योजना बनाई लागू गर्नुपर्ने जिम्मेवारी सुम्पिएको छ । तसर्थ, सेवाको प्रभावकारितालाई गुणस्तरीय र चिरस्थायी बनाउन तथा सन्तुलित विकासलाई मुर्त रुप दिन एवम् विद्यमान विभिन्न प्रकृतिका समस्याहरूको दिगो र समयानुकूल समाधानको प्रयासलाई अगाडि बढाउन यो आवधिक योजनाको आवश्यकता अपरिहार्य छ । सुखी गाउँपालिकावासी र समृद्ध गाउँपालिका बनाउन लक्ष्य प्राप्त गर्ने दिशामा यो प्रथम आवधिक विकास योजना एउटा महत्वपूर्ण आधार दस्तावेज बन्नेछ भन्ने विश्वास लिएको छु ।

यस महत्वपूर्ण कार्यको अभिभावकत्व प्रदान गर्ने यस गाउँपालिकाका अध्यक्ष ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस क्रममा सक्रिय सहभागिता जनाई सहयोग गर्नुहुने गाउँ सभाका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँपालिकामा कार्यरत कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सहकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, स्थानियक क्लब, आमा समुह, महिला समुह, लगायत सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस गाउँपालिकाको प्रथम आवधिक योजनाको कार्यान्वयनको चरणमा यहाँहरु सबैको सकरात्मक सहयोग रहने छ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

---

श्री दिल कुमारी पुन
गाउँपालिका उपाध्यक्ष

# मन्तव्य

बाग्लुङ जिल्लामा अवस्थित बरेङ गाउँपालिकामा प्रादेशिक रणनैतिक सडक र स्थानीय सडक सहित कुल सडक लम्बाई करिब १३९ कि.मि रहेको छ । गाउँपालिकामा रहेका अधिकांश सडकहरु अस्थायी र कच्ची छन् । यस गाउँपालिकामा हिन्दु धर्म मान्नेको बाहुल्यता रहेको छ भने साग्दी सत्यवती मन्दिर यहाँको प्रमुख धार्मिक स्थल हो । कौडे डाँडाबाट रमणीय प्राकृतिक हिमश्रृंखला र हिमपात अवलोकन गर्न सकिने, भैँसी खोला झरना यस गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय स्थलहरु हुन् । पर्यटकीय हिसाबले महत्वपूर्ण मानिएता पनि पर्यटकीय पूर्वाधार निर्माण र यसको व्यापक प्रचार प्रसार हुन सकिरहेको अवस्था छैन । यसका साथै सामाजिक रुपमा पछाडि परेको, आर्थिक रुपमा कमजोर, शैक्षिक रुपमा अशिक्षित समाज, राजनितिक रुपमा केन्द्र सरकारसम्म पहुँचको कमीका कारण विकासको दृष्टिकोणमा यो गाउँपालिका अगाडि बढ्नुपर्ने देखिन्छ । यी यावत कुराहरुलाई मध्य नजर गर्दै गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि दीर्घकालीन परिकल्पना **"समृद्ध बरेङ, सुखी बरेङवासी"** को सपना साकार पार्नका लागि आ.व ०७८/०७९ देखि ०८२/०८३ सम्म कार्यान्वयन गर्ने गरी प्रथम आवधिक विकास योजना तयार गरी विकासको प्रतिफल नागरिकसम्म पुऱ्याउने प्रयासको थालनी गरिएको छ ।

नेपालको संविधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको ***"समृद्ध नेपाल, सुखी नेपाली"*** तथा गण्डकी प्रदेशले लिएको ***"समृद्ध प्रदेश, सुखी नागरिक"*** को सोचलाई साकार पार्न र प्रभावकारी सरकारी वित्त व्यवस्थापनको निमित्त तीनै तहका सरकारको योजना चक्र प्रभावकारी हुनु जरुरी छ । संविधानले व्यवस्था गरेको सरकारका तीनै तहको एकल तथा साझा अधिकार सूचीहरुरको प्रभावकारी कार्यान्वयनबाट मात्र यी उद्देश्यहरु पूरा हुँदै जान्छन् । यसको लागि संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तीनै तहले तर्जुमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा तादम्यता हुनु आवश्यक हुन्छ । यसै सर्न्दभमा संघीय व्यवस्थाको महत्वपूर्ण आधारको रुपमा रहेको स्थानीय सरकारले पनि स्वभाविक रुपमा संविधानले निर्देश गरे अनुसारको नीतिसँग समायोजन हुने गरी आफ्नो दिगो विकासका लक्ष्य हाँसिल गर्न आफ्नो योजनाबद्ध आवधिक र दीर्घकालीन योजना तर्जुमा गर्ने निर्णय भएको हो । दक्ष जनशक्तिको अभाव, श्रोत साधनको कमी, प्रविधिको पहुँचमा कमी, भौगोलिक विकटताका बाबजुद पनि गाउँपालिकालाई समृद्धिको बाटोमा हिँडाउनका लागि आवधिक योजना तयार गर्न पाउँदा मैले आफैलाई भाग्यमानी ठानेको छु र गौरवान्तिन महशुल गरेको छु ।

आवधिक योजनाको तयारी चरणदेखि दस्तावेजीकरणसम्म अभिभावकत्व प्रदान गर्न यस गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस क्रममा सक्रिय सहभागिता जनाई सहयोग गर्नुहुने गाउँ सभाका सदस्यहरु, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँपालिकामा कार्यरत कर्मचारी साथीहरु, राजनितिक दलका प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, स्थानीय ब्लब, आमा समुह, महिला समुह, लगायत सरोकारवाला सबैप्रति आभार व्यक्त गर्दछु । यसैगरी गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा परामर्शदाताको तर्फबाट सहभागी टिमलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस गाउँपालिकाको प्रथम आवधिक योजनाको सोचलाई सार्थक तुल्याउन र आवधिक योजनाको शतप्रतिशत लक्ष्य प्राप्त गर्नका लागि योजनाको कार्यान्वयनको चरणमा यहाँहरु सबैको तह र तत्काबाट सहयोग, सदभाव, सुझाव र समन्वयनको अपेक्षा गर्दछु ।

धन्यवाद ।

____________

श्री जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

**विषयसूची**

परिच्छेद १ : आवधिक विकास योजनाको परिचय 1
१.१ पृष्ठभूमि 1
१.२ आवधिक योजनाको परिचय 1
१.२.१ परिभाषा 1
१.२.२ नीतिगत र कानुनी व्यवस्था 2
१.२.३ राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनासँगको सम्बन्ध 2
१.३ आवधिक विकास योजना तर्जुमाको उद्देश्य 2
१.४ अध्ययन सीमा 3
१.५ कार्य परिधि 3
१.६ योजना तर्जुमा अपनाईएका विधि 4
१.७ सूचना संकलन तथा विश्लेषण 4
१.८ प्रतिवेदनको प्रस्तुतीकरण 5
१.९ अपेक्षित उपलब्धिहरू 6
परिच्छेद २ : गाउँपालिकाको विद्यमान वस्तुस्थिति 6
२.१ गाउँपालिकाको वस्तुस्थिति विवरण 6
२.१.१ जलवायु 7
२.१.२ नदी तथा ताल तलैयाहरु 7
२.१.३ महत्वपूर्ण धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थलहरु 8
२.२ भू तथा भू-उपयोगको स्थिति 10
२.२.१ भू-उपयोग 10
२.२.२ भू-बनौट 10
२.३ गाउँपालिकाको विद्यमान सामाजिक आर्थिक स्थिति 11
२.३.१ गाउँपालिकाको जनसांखिक विवरण 11
२.३.२ जातजाती, भाषा र धर्मका आधारमा जनसंख्या विवरण 11
२.३.३ मातृभाषा अनुसार जनसंख्याको विवरण 12
२.३.४ धर्मअनुसार जनसंख्याको विवरण 12
२.३.५ घरमूलीको लैङ्गिक विवरण 12
२.३.६ अपाङ्गताको विवरण 12
२.३.७ कृषि र पशुपालनको स्थिति 12
२.३.८ शिक्षा र साक्षरताको स्थिति 13
२.३.९ शिक्षण संस्थाहरूको विवरण 13
२.३.१० खानेपानी तथा सरसफाईको स्थिति 14
२.३.११ स्वास्थ्य सेवाको अवस्था 17

२.३.१२ उद्योग र व्यवसायको अवस्था 17

२.३.१३ सहकारी वित्तीय क्षेत्र 18

२.४ गाउँपालिकाको भौतिक संरचना तथा सेवाको स्थिति 19

२.४.१ सडक तथा यातायातको अवस्था 19

२.४.२ सिंचाई 24

२.४.३ विद्युत, सञ्चार र अन्य सुविधा सञ्चार 25

२.४.४ सुरक्षा निकाय 26

परिच्छेद ३ : दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति 27

३.१ पृष्ठभूमि 27

३.२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति 28

३.३ परिमाणात्मक लक्ष्य 31

३.४ राजश्व प्रक्षेपण 32

परिच्छेद ४ : आर्थिक विकास 33

४.१ कृषि 33

४.२ पर्यटन 41

४.३ उद्योग तथा व्यवसाय 48

४.४ सहकारी तथा वित्तीय क्षेत्र 53

परिच्छेद ५ : सामाजिक विकास 58

५.१ शिक्षा 58

५.२ स्वास्थ्य 67

५.३ खानेपानी तथा सरसफाई 74

५.४ लैङ्गिक समानता र सामाजिक समावेशिता (लैससास) 80

५.५ युवा तथा खेलकुद 88

परिच्छेद ६ : भौतिक पूर्वाधार विकास 95

६.१ यातायात, सडक र पुल 95

६.२ सिंचाई 102

६.३ भवन तथा ग्रामीण विकास 106

६.४ विद्युत तथा ऊर्जा 111

६.५ सूचना तथा सञ्चार प्रविधि 116

परिच्छेद ७ : वातावरण तथा विपद व्यवस्थापन विकास 121

७.१ वन, वातावरण र जैविक विविधता 121

७.२ विपद व्यवस्थापन 128

परिच्छेद ८ : सुशासन तथा संस्थागत विकास 134

८.१ सुशासन तथा सेवा प्रवाह 134

८.२ लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासन 143

परिच्छेद ९ : श्रोत व्यवस्थापन तथा मध्यकालिन खर्च संरचना 150

९.१ श्रोत व्यवस्थापन 150

९.२ मध्यमकालीन खर्च संरचनाको खाका 151

परिच्छेद १० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था 172

१०.१ योजनाको कार्यान्वयन 172

१०.२ अनुगमन तथा मूल्याङ्कन 172

१०.३ मध्यावधि मूल्याङ्कन 173

१०.४ अनुगमन मूल्याङ्कन खाका 173

अनुसूची १ : विस्तृत योजना विवरण 175

अनुसूची २ : नक्सा 183

अनुसूची ३ : वडागत छलफलका माइन्यूट 195

# परिच्छेद १ : आवधिक विकास योजनाको परिचय

## १.१ पृष्ठभूमि

नेपालका धेरैजसो स्थानीय सरकारहरु सहरी सेवा सुविधा, सडक सञ्जाल, सुरक्षित खानेपानी, सरसफाइ, फोहोर-मैलाको उचित प्रबन्ध, सामाजिक पूर्वाधार तथा मनोरञ्जनात्मक सुविधा जस्ता पूर्वाधारबाट वञ्चित छन् । सहरीकरणका विविध वर्हिभावहरूबाट प्रभावित यस्ता गाउँपालिकाहरू विविध वातावरणीय चुनौतीहरूसँग पनि जुझिरहेका छन् । धेरैजसो खोला-नालाहरू, समथल भूमि, ताल एवं पोखरी जस्ता जलाशयहरू अनियन्त्रित विकासका कारण एकातिर तीव्र अतिक्रमित हुँदै गइरहेका छन् भने अर्कोतिर यस्ता क्षेत्रहरूमा ढल, नाला एवं फोहोर-मैलाको अव्यवस्थित मिल्काइले प्रदूषित समेत बन्दै गइरहेका छन् ।

कतिपय स्थानीय तहहरूले धेरै अगाडिदेखि नै अव्यवस्थित यातायात, वायुको ह्रासोन्मुख गुणस्तर जस्ता कारणहरूले वातावरणीय ह्रासताको नतिजा भोगिसकेका छन् । आवासको लागि जङ्गल क्षेत्र, खोलाको बगर, सार्वजनिक जग्गा लगायत ऐतिहासिक भवन जस्ता सार्वजनिक धरोहर माथिको गैर-कानुनी अतिक्रमणले प्राकृतिक तथा मानव निर्मित वातावरणलाई प्रत्यक्ष रूपले नकारात्मक असर पुऱ्याइरहेको छ । आन्तरिक द्वन्द्वको परिणाम स्वरूप विस्थापित व्यक्तिहरूको सहरमुखी आगमनले समेत यस्ता गैर-कानुनी आवासको समस्या अझ भयावह रूपले थपिएको छ । एकातिर अव्यवस्थित सहरीकरणले खेतीयोग्य जमिनको ह्रास बढ्दो छ भने कतिपय सहरी क्षेत्रहरू स्व-रोजगारका अवसरहरू तथा खाद्य पर-निर्भरता निम्त्याउने कारक तत्वको रूपमा स्थापित हुँदै गइरहेका छन् । जनसंख्या वृद्धिको उर्धगति र आशातीत आर्थिक विकासका प्रतिफल बीच तालमेल नहुनुको परिणाम स्वरूप धेरै गाउँपालिकाको लागि सहरी गरिबी प्रमुख चुनौतीका रूपमा स्थापित हुँदै गइरहेको छ। यसले गाउँपालिकाहरूका विकास प्रयास वृहत्तर रूपमा कमजोर सावित भएका छन् ।

गाउँपालिकाको विकास प्रयासहरू योजनाबद्ध तथा समन्वयात्मक भन्दा पनि क्षणिक समस्या निराकरण गर्ने दिशातिर अघि बढेका देखिन्छन् । विशेषत : मानव-संशाधन प्रतिको कमजोर संस्थागत क्षमता, न्यून प्राविधिक तथा आर्थिक श्रोतहरू नै कमजोर प्रस्तुतीकरणको प्रमुख कारक तत्वको रूपमा रहेको पाइन्छ । समग्रमा, व्यवस्थित योजनाहरूको अभावले गाउँपालिकाको कार्य असंयोजित क्रियाकलाप जस्तो हुन गएको देखिन्छ, जसले गाउँपालिकाको विकास प्रयासहरू न्यून उपलब्धिमूलक र सिमित अवसरयुक्त सावित भएका छन् । गाउँपालिकाको विगतको योजना मूलतः भौतिक पक्षसँग मात्र लक्षित रहेको देखिन्छ । केही गाउँपालिकाहरूको भौतिक पक्षहरू सुधारोन्मुख गराएता पनि शिक्षा, स्वास्थ्य जस्ता कतिपय समाजिक समस्याहरूमा भने यो न्यून उपलब्धि मूलक रह्यो । भौतिक र सामाजिक विकास बीचको गहिरो खाडल पुर्न असफल देखियो । विगतका प्रयासहरू सामाजिक समावेशिता, सहरी गरिबी न्यूनिकरण, वातावरणीय संरक्षण, आर्थिक विकास तथा परिचालन, गाउँपालिकाको क्षमता अभिवृद्धि गर्ने जस्ता मूल मुद्दाबाट अलग रहेको पाइन्छ । परिमाणतः धेरै गाउँपालिकाहरू समग्र विकासको अवधारणाका साथसाथै राष्ट्रिय विकासको मूल प्रवाहमा अहम् योगदान गर्नबाट चुक्न गएको देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकाको योजनामा पुनः विचार गरी सिमितताबाट छुटकारा प्राप्त गरिनु पर्ने कुरामा जोड दिएको छ । ऐनले स्पष्ट रूपमा सहभागितात्मक विकासको आवश्यकता र गाउँपालिकाको भौतिक विकासमा दीर्घकालीन सोचसँग सामञ्जस्यता राखी गाउँपालिकाको आवधिक योजनामा विषयगत उद्देश्यहरू तथा कार्यक्रमहरूलाई समावेश गरिनु पर्ने कुरामा जोड दिएको छ । यस बाहेक आवधिक योजनाले वडास्तर भेलाबाट प्राप्त तत्काल सम्बोधन गरिनु पर्ने क्षेत्रका समस्यालाई निराकरण गर्ने र अल्पकालीन कार्य योजनासँग पनि सामञ्जस्यता कायम गर्नु पर्ने व्यवस्था छ ।

त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि ३-५ वर्षको कार्यतालिका समाविष्ट रहेको आवधिक योजना तथा योजना निर्माण र स्वीकृतिको प्रक्रिया समेतको आवश्यकता प्रति निर्दिष्ट गरेको छ ।

## १.२ आवधिक योजनाको परिचय

### १.२.१ परिभाषा

गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ३-५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज गाउँपालिकाको आवधिक योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हाँसिल गर्न, सिद्धान्त, रणनीति र कार्य नीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिएको छ ।

### १.२.२ नीतिगत र कानुनी व्यवस्था

स्थानीय तहहरूको जिम्मेवारी पूरा गर्न क्षमता अभिवृद्धिमा जोड दिने र ती तहहरूलाई स्थानीय विकासको प्रमुख इकाईको रूपमा विकास गरी जन-उत्तरदायी बनाउने नीति पन्धौं योजनाको रहेको छ । उक्त नीति हाँसिल गर्ने प्रयोजनका लागि आवधिक योजनाले ठोस सहयोग पुऱ्याउने देखिन्छ । यस सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रत्येक गाउँपालिकाले आवधिक योजना बनाउनु पर्ने अनिवार्य व्यवस्था गरी आवधिक योजनामा समेट्नु पर्ने देहाय बमोजिमका विषयहरू उल्लेख गरेको छ :

(क) गाउँपालिकाको भौगोलिक, आर्थिक एवं प्राकृतिक सम्पदाहरूको वर्तमान उपयोग ।

(ख) विभिन्न क्षेत्रमा तुलनात्मक लागत एवं लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरू ।

(ग) पिछडिएका जन-जातीहरू एवं गरिबी भएको क्षेत्र तथा त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरू ।

(घ) महिला र बालबालिकाको लागि आयमूलक र सीपमूलक कार्यहरू ।

(ङ) सम्पन्न भएका विभिन्न विषय क्षेत्र अर्न्तगतका आयोजनाहरूको विवरण र तिनीहरूको सञ्चालन तथा सम्भार सम्बन्धी व्यवस्था ।

(च) विकासका सम्भावनाका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालीन एवं दीर्घकालीन विकास कार्यहरू ।

(छ) स्थानीय बासिन्दाबाटै तयार गरिनु पर्ने विभिन्न विषय क्षेत्रका जनशक्ति विकास सम्बन्धी योजना ।

त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आवधिक योजना बनाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था उल्लेख गरेको छ :

(१) प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रको विकासका लागि कम्तीमा तीनदेखि पाँच वर्षको आवधिक योजना तर्जुमा गर्नपर्ने छ ।

(२) तर्जुमा गरिने आवधिक योजनामा योजनाको दीर्घकालीन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी गाउँ क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, श्रोत परिचालन तथा आयआर्जनका सम्भावना, सरकारी एवं निजी क्षेत्रको लागत सहभागिता लगायत गाउँपालिकाले गर्ने काम समावेश भएको हुनुपर्ने छ ।

(३) आवधिक योजना तर्जुमा गर्दा विषयगत समितिसँग परामर्श गरी विषयगत क्षेत्रका कार्यक्रमलाई समावेश गरी अन्तिम रूप दिनुपर्ने छ ।

माथिको व्यवस्थाका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरूलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी प्रत्येक गाउँ क्षेत्रको विकासको निमित्त गाउँस्तरीय वस्तुगत तथ्याङ्क सङ्कलन गरी वस्तुस्थिति देखिनेश्रोत, नक्सा तयार गर्नुपर्ने व्यवस्था उल्लेख गरीएको छ ।

### १.२.३ राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनासँगको सम्बन्ध

गाउँपालिकाको योजनाबद्ध विकासबाट नै राष्ट्रिय विकास सम्भव हुन्छ । विकासका निम्ति स्थानीय बासिन्दाहरू नै योजनाकार र कार्यान्वयन कर्ता हुन् । राष्ट्रिय योजना आयोगबाट तर्जुमा भएको निर्देशिकाको आधारमा प्रदेशको समग्र विकासका लागि प्रदेशले आवधिक योजना तर्जुमा गरिसकेका छन् । राष्ट्रिय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरू हाँसिल गर्न गाउँपालिकाहरूको आवधिक योजनाले महत्वपूर्ण टेवा पुऱ्याउँछ । राष्ट्रिय, प्रदेश र स्थानीय स्तरका योजनाहरूको बीच आवश्यक समन्वय र अन्तर्सम्बन्ध हुनु जरुरी छ । त्यस्तो सम्बन्धले एक अर्का बीच तालमेल भई प्रभावकारिता कायम हुने र दोहोरोपन (Duplication) समेत हटाउन सहयोग गर्छ । गाउँपालिकाको आवधिक योजना बनाउँदा गाउँपालिकासँग जोडिएका अन्य स्थानीय तह सम्मको वार्षिक तथा आवधिक योजना तर्जुमा भएको भए त्यस्ता योजनाहरूलाई समेत हेर्नु पर्दछ ।

### १.३ आवधिक विकास योजना तर्जुमाको उद्देश्य

यस आवधिक विकास योजना तर्जुमा गर्नुको निम्न उद्देश्यहरु छन्:

क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ द्वारा निर्दिष्ट प्रावधान अन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागका आवधिक योजना तर्जुमा निर्देशिकाद्वारा निर्देशित बरेङ गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने ।

ख) बरेङ गाउँपालिकाको दीर्घकालीन सोच अनुरुप विकास लक्ष्य प्राप्त गर्न दीर्घकालीन सोच तय गरी सर्वाङ्गीण विकासको उद्देश्य लिएको आवधिक विकास योजना अन्तर्गत भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत

विकास जस्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकार वालाहरुको पहिचानलाई समेत समेटी अल्पकालीन एवं सहभागितामूलक योजना तथा लगानी कार्यक्रम तर्जुमा गर्ने ।

## १.४ अध्ययन सीमा

आवधिक योजनामा समावेश हुने कतिपय विषयहरू कानुनी रूपमा गाउँपालिकाको कार्य क्षेत्रमा पर्ने हुनाले गाउँपालिकाको पूर्ण नियन्त्रण र निर्देशनमा सञ्चालन हुन सक्छन् भने कतिपय विषयहरूमा गाउँपालिकाले पथ प्रर्दशन मात्र गर्न सक्छ । त्यसैले गाउँपालिकाको पूर्ण नियन्त्रणमा रहने क्षेत्रहरूको सन्दर्भमा आवधिक योजना विस्तृत रूपमा तयार गर्न सकिन्छ । त्यस अनुरूप वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्छ तर गाउँपालिकाको विकास कार्यक्रममा संलग्न गैरसरकारी संस्था, सामुदायिक संघसंस्था र निजी क्षेत्रका कार्यक्रमका साथै केन्द्र, प्रदेश तथा वैदेशिक श्रोतबाट सञ्चालन हुने कार्यक्रमहरूलाई गाउँपालिकाको आवधिक योजनाले नीतिगत आधार र प्राथमिकता तोकी निर्देशित मात्र गर्न सक्दछ । गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना तथा प्रदेश सरकारबाट तयार गरिएका दीर्घकालीन योजना तथा राष्ट्रिय नीतिहरूसँग मेल कायम गर्नुपर्ने हुन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ निम्नानुसारका क्षेत्रका कामहरू गाउँपालिकाहरूले अनिवार्य रूपमा गर्नु पर्ने गरी आवधिक योजनाको क्षेत्रलाई परिभाषित गरेको पाइन्छ :

(क) आर्थिक विकास

(ख) सामाजिक विकास

(ग) पूर्वाधार विकास

(घ) वातावरण तथा विपद जोखिम नियन्त्रण

(ङ) संस्थागत विकास तथा सुशासन

गाउँपालिकाले गर्ने उपर्युक्त कार्यहरूलाई जोड्ने आवधिक योजनामा यी सबै पक्षहरू समावेश हुनुपर्छ । गाउँपालिकाको आवधिक योजनाले गाउँपालिका क्षेत्रको विकासको समग्र पक्षहरूलाई समेटेको हुनुपर्दछ । त्यसैले स्थानीय योजनाको विशेषताहरूलाई समेटी तयार गरिएको बहुक्षेत्रगत आवधिक योजनाको एकिकृत स्वरूपका सम्बन्धमा स्पष्ट धारणा बनाएर मात्र योजना तर्जुमा गर्ने तर्फ अग्रसर रहनु पर्दछ ।

यस अध्ययन कार्यले प्रस्तुत गरेका दस्तावेजहरू निम्नानुसार छन् :

- गाउँपालिकाको वस्तुस्थिति बिवरण
- सवल/दुर्वल तथा चुनौती/अवसरको पहिचान एवं विश्लेषण
- गाउँपालिकाको दीर्घकालीन सोच अनुरूप भौतिक विकास गरुयोजना तर्जुमा
- भौतिक विकास तथा पूर्वाधार, वातावरण, सामाजिक, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरूसँग सम्बद्ध विषयगत दीर्घकालीन सोच अनुरूप तर्कबद्ध प्रणालीमा आधारित लक्ष्य, उद्देश्य, नतिजा तथा कार्यक्रमहरूको पहिचान
- मध्यमकालिन खर्च संरचना
- कार्यान्वयन रणनीति सुझाव तथा अनुगमन

## १.५ कार्य परिधि

माथि उल्लेखित उद्देश्यहरुले प्रमुख पक्षहरुलाई स्पष्ट गरी निम्न कार्य परिधि स्पष्ट पारेको छ ।

क) गाउँपालिकाको वस्तुस्थिति विवरण ।

ख) दीर्घकालीन सोचको साथै श्रोत सम्भावना र विकासलाई निर्देशित गर्न सक्ने अग्रणी क्षेत्रको पहिचान, र अन्तर्निहित अवसर, समस्या तथा चुनौतीको पहिचान तथा विश्लेषण ।

ग) दीर्घकालीन भौतिक विकास योजना तर्जुमा गर्दा गाउँपालिकाको भविष्यको भौतिक स्वरुप, भू-उपयोग, सहरी विस्तार क्षेत्रहरु र वातावरणीय संवेदनशील क्षेत्रहरु, भौतिक पूर्वाधारहरु समावेश ।

घ) 'तर्कबद्ध प्रणाली' (Logical Framework Approach) अपनाई विषयगत लक्ष्य, उद्देश्य (भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि), नतिजा, सूचकहरु, पुस्ट्याईं आधारहरु, जोखिम पक्षहरु, कार्यक्रमको पहिचान ।

ङ) मध्यमकालिन खर्च संरचना अन्तर्गत आयोजना र कार्यक्रमहरु, लागत अनुमान, र वित्तीय श्रोतहरु तथा उत्तरदायी संस्थाहरु आदि समावेश ।

च) योजना कार्यान्वयन, अनुगमन मूल्याङ्कन पक्षहरुको उल्लेख ।

### १.६ योजना तर्जुमा अपनाईएका विधि

बरेङ गाउँपालिकाको आवधिक योजना तर्जुमा प्रकृयामा उल्लेखित सिद्धान्तहरुको परिधिमा रहनुको साथै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन - २०७५ लाई आधार मानी सोमा उल्लेखित प्रावधानहरुलाई मनन गरी योजना तयार गरिएको छ । सिमित साधान श्रोतलाई मध्यनजर गरी योजना तर्जुमा प्रकृयालाई सरलीकृत गरी योजना तर्जुमा गरिएको हो ।

योजना तर्जुमा कार्यलाई दिशा निर्देश गर्न सबै सरोकारवालाहरुको प्रतिनिधित्व भएको एउटा निर्देशक समिति र विभिन्न विषयगत उप समितिहरुको गठनमा जोड दिइएको छ । यसरी योजनाहरु सबै सरोकारवालाहरुको सहभागितामा बनाइएकोले बढी प्रभावकारी हुनको साथै योजनाहरुको विश्वसनीयता र वैधानिकतामा वृद्धि भएको महशुस गरिएको छ ।

योजना तयार गर्ने दौरानमा वडा भेला लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु (NGOs, सामुदायिक संस्थाहरु (CBOs), टोल विकास संस्थाहरु (TDO), वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, सञ्चारकर्मीहरु तथा योजना तर्जुमा टोली (Planning Team) आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गराई योजना तयार गरिएको छ ।

यस योजनामा निर्देशक समितिले गाउँपालिकाको दीर्घकालीन सोच तयार गर्नुको साथै योजना तर्जुमा टोलीलाई आवश्यक निर्देशन एवं सरोकारवालाहरु बीच आवश्यक समन्वय गरी योजना तर्जुमा गर्न सहयोग पुऱ्याएको थियो । साथै गाउँपालिकाको विकास सिद्धान्तहरु समेत तयार गरी योजना निर्माण गरिएको थियो । साथै योजना स्वीकृती प्रकृया तथा कार्यान्वयनमा पनि संस्थागत समन्वय र लगानीलाई अभिवृद्धि गर्न निर्देशक समितिको भूमिकालाई महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

निर्देशक समिति र विभिन्न विषयगत समितिहरु गठन गरी सरोकारवाला तथा विज्ञहरुको संलग्नतामा विषयगत योजना तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ । योजना तर्जुमाको हरेक चरण र प्रकृयामा योजना तर्जुमा टोलीबाट विश्लेषण एवं विशेषज्ञको राय प्रदान गरिएको छ । वडावासी, वडा कार्यालय, बुद्धिजिवी एवं वडामा कार्यरत संघ संस्थाहरुको सहभागितामा वडा भेलाहरु गराई वडाको समस्या र प्राथमिकीकरण गर्दै तद अनुरुप वडाको खाँचो र कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

### १.७ सूचना संकलन तथा विश्लेषण

योजना तर्जुमा गर्ने कार्य प्राथमिक तथा द्वित्तीय सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, खुलेका सडकहरु र सो को गुणस्तर तथा वातावरणीय समस्याहरु जस्ता प्राथमिक तथ्याङ्कहरु, डिजिटल तथ्याङ्क (Digital Data), स्थल स्वरुप नक्सा, हवाई नक्सा, नापी नक्सा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरु र खाँचोहरु वडा वासीहरु बीच सहभागितामूलक छिटो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुका पदाधिकारीहरु, बृद्धिजिवीहरु उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरुसँग छलफल एवं अन्तरवार्ता गरी गाउँका प्रमुख समस्या एवं विकासका सम्भावनाहरु माथि जानकारी लिइएको छ । गाउँका समग्र तथ्याङ्कहरु जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरु गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरुको रेकर्डबाट र केही तथ्याङ्कहरु विभाग तथा अन्य निकायहरुबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरु अध्ययन गरी संकलन गरिएको छ । विश्लेषणको हकमा मूख्य रुपमा विकासको SWOT (Strength, Weakness, Opportunities and Threats) विश्लेषण, समस्याहरुको विश्लेषणहरु रहेको छ र यस प्रयोजनका लागि कम्प्यूटरमा आधारित GIS पद्दतिहरु प्रयोग गरिएको छ ।

बरेङ गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानविय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गरी ती क्षेत्रको उच्चतम सदुपयोगका लागि वडावासीले महसुस गरेका अवसर तथा समस्याहरुको चित्रण गर्न वडा स्तरीय छलफल गरियो । वडा स्तरीय छलफलमा वडागत सम्भावना/अवसर तथा समस्या/चुनौतीको समुहगत कृयाकलापका आधारमा छलफल गरियो । छलफलमा प्रत्येक वडा अर्न्तगतका राजनीतिक

प्रतिनिधि, शिक्षक, स्थानीय जानकार, कृषक, आमा समुह, नीजि क्षेत्र लगायतका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गराईएको थियो । वडा स्तरीय छलफल २०७७ चैत्र महिनामा सम्पन्न गरिएको थियो ।

| क.सं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १ | चैत्र १९,२०७७ |
| २ | ३ | चैत्र २०, २०७७ |
| ३ | २ | चैत्र २२, २०७७ |
| ४ | ४ | चैत्र २३, २०७७ |
| ५ | ५ | चैत्र २४, २०७७ |



वडास्तरीय परामर्श

## १.८ प्रतिवेदनको प्रस्तुतीकरण

यस मुख्य प्रतिवेदनमा निम्न परिच्छेदहरुको विस्तृत विवरणहरु उल्लेख गरिएको छः

१ : आवधिक विकास योजनाको परिचय
२ : गाउँपालिकाको विद्यमान वस्तुस्थिति
३ : दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति
४ : आर्थिक विकास
५ : सामाजिक विकास
६ : पूर्वाधार विकास
७ : वातावरण तथा विपद जोखिम नियन्त्रण
८ : संस्थागत विकास तथा सुशासन
९ : बहुक्षेत्रगत लगानी योजना र मध्यमकालीन खर्च संरचना
१० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था

## १.९ अपेक्षित उपलब्धिहरू

प्रस्तुत योजनामा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन - २०७५ अनुसारका उपलब्धिहरू रहेका छन् । तर सारांशमा प्रस्तुत योजना तर्जुमाले निम्न उपलब्धिको अपेक्षा राखेको छः

क) गाउँपालिका विकासको लागि बरेङ गाउँपालिकाको दूरदृष्टि (vision) स्पष्ट किटान गर्ने :
यसको साथसाथै प्रस्तुत योजनामा गाउँपालिकाको विकास (vision) लाई मूर्त रुप दिन चाहिने कार्यगत नीतिहरूको स्पष्ट किटान तथा क्षेत्रगत पूर्वाधार विकासको पहिचान तथा विश्लेषण गरिएको छ । यो किटान एवं विश्लेषण गाउँपालिका स्तरमा खडा गरिने बृहत सहभागितामूलक समन्वय समितिसँग (Steering Committee) को छलफलबाट गरिएको छ ।

ख) क्षेत्रगत विकासको लक्ष्य, उद्देश्य, नतिजा तथा कार्यक्रमको विश्लेषण :
भौतिक, वातावरणीय व्यवस्थापन, सामाजिक-आर्थिक संस्थागत तथा वित्त क्षेत्रहरूको विकासका लागि क्षेत्रगत कार्य सूचकको आधारमा विश्लेषण गरिएको छ । यी क्षेत्रगत योजना तथा कार्यक्रम बृहत समन्वय समिति अन्तर्गत बन्ने विषयगत समितिहरूको छलफलबाट बनाइएको छ ।

ग) दीर्घकालीन विकास योजना :
दीर्घकालीन विकास दृष्टिकोण तथा क्षेत्रगत विकासको सम्भावना चुनौती र समस्या सम्बन्धी छलफल तथा विश्लेषणको आधारमा दीर्घकालीन विकास योजनाको तर्जुमा गरिएको छ । योजनामा गाउँपालिकाको इच्छाइएको वस्तीको स्वरुप, सहरी विस्तारका लागि उपयुक्त क्षेत्रहरू तथा प्राकृतिक श्रोतहरूको स्पष्ट चित्रण भएको छ । यसका साथसाथै गाउँपालिकाको भौतिक, सामाजिक, आर्थिक र वातावरण क्षेत्रहरूसँग सम्बन्धित विद्यमान स्थिति तथा यसको लागि दीर्घकालीन योजनाको स्पष्ट चित्रण गरिएको छ ।

# परिच्छेद २ : गाउँपालिकाको विद्यमान वस्तुस्थिति

## २.१ गाउँपालिकाको वस्तुस्थिति विवरण

बरेङ गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत बाग्लुङ जिल्लामा अवस्थित छ । ७५.२८ वर्ग कि.मि. मा फैलिएको बरेङ गाउँपालिकाको पूर्वमा जैमिनी नगरपालिका (बाग्लुङ जिल्ला), पश्चिममा गुल्मी जिल्ला, उत्तरमा गल्कोट नगरपालिका (

बाग्लुङ जिल्ला) र दक्षिणमा चन्द्रकोट गाउँपालिका र कालीगण्डकी गाउँपालिका (गुल्मी जिल्ला) रहेका छन् । बरेङ गाउँपालिका २८° ०६'४६" देखि २८° १०'४४" उत्तरी आक्षांससम्म र ८३° २३'३१" देखि ८३° ३३'३४" पूर्वी देशान्तरसम्म फैलिएको छ । साविकका धुल्लुबास्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गरी ५ वटा गा.वि.स. लाई ५ वडाहरू कायम हुने गरी नेपाल सरकारद्वारा मिति २०७३/११/२२ मा बरेङ गाउँपालिका घोषणा गरिएको हो ।




## २.१.१ जलवायु

बरेङ गाउँपालिका समुन्द्र सतहबाट १०७१ मि. देखि २७७३ मि. सम्मको उचाइमा रहेको छ । जलवायुको हिसाबले यस गाउँपालिकाको बेशी क्षेत्रमा उष्ण तथा पहाडी क्षेत्रमा समशितोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गाउँपालिकामा वार्षिक औसत बर्षा १९७१ मि.मि. देखी २३३१ मि.मि. सम्म हुने गरेको छ । गर्मी याममा यहाँको औषत ताफक्रम अधिकतम ३१ डिग्री सेल्सियससम्म पुग्छ भने न्यूनतम २ डिग्री सेल्सियससम्म पुग्छ ।

## २.१.२ नदी तथा ताल तलैयाहरु

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी तथा खोलाहरु र जलक्षेत्रले विभिन्न किसिमका जलचरहरू र पंक्षीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ । साथै यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत सिंचाईको लागि प्रयोग गर्दछन् । जलवायु परिवर्तन, सुख्खा वन विनास, भू-मण्डलिय तापक्रम वृद्धिको कारण साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक जलक्षेत्रहरु सुक्ने सम्भावना रहेको छ । यस गाउँपालिकामा सिमसार क्षेत्र छैन तर विभिन्न स्थानमा पोखरीहरु रहेका छन् । जहाँ माछापालनको सम्भावना रहेको छ । यस गाउँपालिकामा रहेका खोला तथा पोखरीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १ : गाउँपालिकामा रहेका खोलाहरुको विवरण**

| क.सं. | नदी तथा खोलाको नाम | वडा नं. | | क.सं. | नदी तथा खोलाको नाम | वडा नं. |
|---|---|---|---|---|---|---|
| १ | पालुङ खोला | १ | | १० | लुङ्दी खोला | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | हुग्दी खोला | २,३ र ४ | ११ | तमु खोला | ५ |
| ३ | खाल्ले खोला | ३ | १२ | बुही खोला | ५ |
| ४ | झुले खोला | १ | १३ | छहरे खोला | ३ |
| ५ | ठूलो खोला | १ | १४ | पाहा खोला | ३ |
| ६ | ढाव खोला | १ | १५ | ठाडो खोला | ३ |
| ७ | रोहटे खोला | ३ | १६ | भण्डार खोला | २ |
| ८ | भैंसे खोला | ४ | १७ | भालु खोला | १ |
| ९ | रुषि खोला | ४ | | | |

*श्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७३*

**तालिका नं. २ : गाउँपालिकामा रहेका पोखरीहरु सम्बन्धी विवरण**

| वडा | विवरण |
|---|---|
| १ | गोइम ठूलो पोखरी, पाताल पोखरी |
| २ | खिरकटेरी (२ संख्या) , ठूलो दलेङ (२ संख्या), भयाथुम, साविकको वडा नं. ३ (६ संख्या), फेदी बराहकोट (२ संख्या), ल्याड, पुनखोला, सेनखर्क, गजुरा, डाँडाकटेरी (४ संख्या), तल्लो डाँडाकटेरी (२ संख्या), हाँडी पोखरी ( २ संख्या), भेडीखोर, पोखराचौर (२ संख्या), थाप्ले, सिग्धारा पानीपरी, ठूलो पोखरी, छेडा पोखरी, सता पोखरी, डारेगौडा पोखरी, दोब्ता पोखरी |
| ३ | सल्यान ठूलो पोखरी, डहरे पोखरी, ठूलो स्वारा पोखरी, पालेवन पोखरी, डाँडा पोखरी, चुरे पोखरी, उच्छा डाँडा पोखरी, खालीडाँडा पोखरी |
| ४ | गल्छीना पोखरी, मालुङ्गे पोखरी, वुशर पोखरी, हुलडाँडा पोखरी, पिडालुबारी पोखरी, धम्पु पोखरी, कालिका थान पोखरी, भित्रिवन पोखरी, आर्खुरे पोखरी, वास्कोटा पोखरी, पारीपाखा पोखरी |

*श्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७३*

### २.१.३ महत्वपूर्ण धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

बरेङ गाउँपालिका एक मध्य पहाडी श्रृङ्खलामा अवस्थित रमणीय स्थान मात्र नभएर यहाँको मौलिक मगर संस्कृति तथा सामाजिक, धार्मिक तथा जातीय विविधताले सिर्जना गरेको सुन्दर पर्यटक आकर्षणको एक सबल पक्ष हो । यस बाहेक यहाँका ऐतिहासिक तथा धार्मिक स्थलहरुको प्रचारप्रसारका साथै भौतिक प्रर्वद्धन गरी यातायातको राम्रो सुविधा प्रदान गर्न सके विकासमा थप टेवा पुग्न जाने निश्चित छ । यस गाउँपालिकामा रहेका धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३ : गाउँपालिकामा रहेका धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरु**

| वडा | विवरण |
|---|---|
| १ | देवी मन्दिर, खडक् मन्दिर, शिवजी मन्दिर, कालरात्री मन्दिर, भुमेस्थान, सिद्ध मन्दिर, जिजुथान मन्दिर, भवानी मन्दिर, देलेङ शिव मन्दिर, रेङ दुर्गा मन्दिर |
| २ | बराह मन्दिर, शिव मन्दिर (खर्क), माईस्थान मन्दिर, देवी मन्दिर, खडक् मन्दिर (बरेङ), भैरव मन्दिर, शिव मन्दिर (सानो दलेङ), शिव मन्दिर (दाउन्ने),शिव मन्दिर (काफलठुटा), खडक् मन्दिर (तंग्राम), चौरासीमाई मन्दिर |
| ३ | श्री साग्दी सत्यवती भागवती मन्दिर, छत्र मन्दिर (खाल्ले), शिवजी मन्दिर (प्रगती चोक), कालिका मन्दिर, खड्क मन्दिर (बाहुनथोक), शिवजी मन्दिर (तारिकाचौर), शिवजी मन्दिर (भण्डार), छत्र मन्दिर (थाहाद्विप), खड्क मन्दिर (पदमफुल), माईकाथान, दुर्गा मन्दिर, कालिका देवि मन्दिर, चिन्निथान मन्दिर, कमल जैसी मन्दिर |

| | |
|---|---|
| ४ | द्रिब्रुङ देउराली मन्दिर, शिवालय मन्दिर (डहरेपोखरा),राम मन्दिर, छत्रथान मन्दिर (कामिटोल), माईस्थान मन्दिर, छत्रथान मन्दिर (चुरियापोखरा), कालिका मन्दिर, शिवालय मन्दिर (थाप्लुङ), शान्ती शिवालय, खड्क मन्दिर, माई मन्दिर (बाघखोर), माई मन्दिर (सेतिढुङा), स्वत दिब्रुङ मन्दिर, शिवालय मन्दिर (सपौंदे) |
| ५ | कालिकाथान मन्दिर, दिब्रुङ मन्दिर, माईस्थान मन्दिर (पञ्चौली), एल बेथेल चर्च, माईस्थान मन्दिर ( तितेपाखा) |
| | *श्रोत : स्थलगत सर्वेक्षण, २०७७* |

**तालिका नं. ४ : गाउँपालिकामा रहेका पर्यटकीय महत्वका स्थलहरु**

| क्र.सं. | पर्यटकीय स्थल | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | श्री सत्यवती भगवती मन्दिर | ३, २ | गाउँपालिकाकै प्रमुख धार्मिक पर्यटन स्थल |
| २ | कौडे डाँडा र पदमार्ग | २ | वडा २ को दक्षिण भागमा रहेको मनोरम दृश्यावलोकन गर्न सकिने अग्लो धुरी एवं होमस्टेदेखि धुरीसम्म पदमार्ग निर्माणको योजना रहेको |
| ३ | सिग्दी होमस्टे | २ | वडा २ मा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सञ्चालित होमस्टे |
| ४ | भातेपोखरा | ३ | वडा ३ को दक्षिण भागमा रहेको ठूलो तलाउ र मनोरम दृश्यावलोकन गर्न सकिने अग्लो स्थल, वनभोज स्थलको रुपमा स्थापित गर्न सकिने |
| ५ | भैंसेखोला झरना | ४ | पालिकाकै उच्च र ठूलो झरना |
| ६ | ठूलोपोखरी | ४ | गाउँपालिकाको मनमोहक र ठूलो तलाउ |
| ७ | आरुखर्क | ४ | वडा ३ र ४ को सिमानामा रहेको मनोरम दृश्यावलोकन गर्न सकिने अग्लो स्थल |
| ८ | बास्नेटा देउराली | ४ | वडा ४ मा रहेको मनोरम दृश्यावलोकन गर्न सकिने अग्लो स्थल, वनभोज स्थलको रुपमा स्थापित गर्न सकिने |
| ९ | फाफरखोरिया | ५ | वडा ५ मा रहेको मनोरम दृश्यावलोकन गर्न सकिने, वनभोज स्थलको रुपमा स्थापित गर्न सकिने |
| १० | देउराली | ५ | वडा ५ को उत्तर भागमा रहेको मनोरम दृश्यावलोकन गर्न सकिने अग्लो धुरी |
| ११ | भुमेस्थान | १ | मगर संस्कृतिले मान्दै आएको धार्मिक पर्यटकीय स्थल |
| १२ | ठुल्डाँडा | १ | वनभोज स्थलको रुपमा स्थापित गर्न सकिने |
| १३ | काली लेक | १ | वडा १ को दक्षिण भागमा रहेको मनोरम दृश्यावलोकन गर्न सकिने अग्लो धुरी, भ्यू टावर निर्माणको योजना रहेको |
| | | | *श्रोत : स्थलगत सर्वेक्षण, २०७७* |

| **तालिका ५: गाउँपालिकाको घाटको विवरण** | |
|---|---|
| **वडा** | **घाटको नाम** |
| १ | कालाखोला मसान घाट, लिउँवा, काला खोला |
| १ | दोबिल्ला मसान घाट, लुङ्दी खोला |
| १ | जिमिरे घाट, जिमिरे, पालुङ खोला |
| १ | गोईम सामुदायिक वन, गोईमडाँडा |
| २ | बगाले ओडार मसान घाट, बगाले ओडार |
| २ | भूते पहरा मसान घाट, भूते पहरा |
| २ र ३ | मान्द्रेढुङ्गा मसान घाट, मान्द्रेढुङ्गा |
| ४ | नौरङे मसान घाट, ढाव |
| ४ | दोबिल्ला मसान घाट, थप्लुङ |
| ५ | तम्बुखोला मसान घाट, तम्बुखोला |

*श्रोत: स्थलगत सर्वेक्षण*

## २.२ भू तथा भू-उपयोगको स्थिति

### २.२.१ भू-उपयोग

यहाँको ३०.५७ प्रतिशत जमिन खेतीपातीको लागि उपयोगी देखिन्छ । त्यसैगरी ५१.३९ प्रतिशत जमिन वनजङ्गल, ५.७३ प्रतिशत वसोवास क्षेत्र, ०.००५ प्रतिशत तलाउ पोखरी क्षेत्र, ०.५६५ प्रतिशत बालुवा तथा बाँभ्रो क्षेत्र, ३.१७ प्रतिशत घाँसे मैदान र ८.५४ बुट्यान तथा झाँडीले ओगटेको छ ।

| **तालिका ६: भू उपयोगको अवस्था** | | | |
|---|---|---|---|
| **क स** | **विवरण** | **क्षेत्रफल (वर्ग कि.मि)** | **प्रतिशत** |
| १ | कृषियोग्य क्षेत्र | २३.०१६ | ३०.५७ |
| २ | आवास क्षेत्र | ४.३१७ | ५.७३ |
| ३ | वन क्षेत्र | ३८.६८६ | ५१.३९ |
| ४ | तलाउ पोखरी क्षेत्र | ०.००१ | ०.००५ |
| ५ | बालुवा तथा बाँभ्रो क्षेत्र  बाँझो | ०.४२१ | ०.५६५ |
| ६ | घाँसे मैदान क्षेत्र | २.३८७ | ३.१७ |
| ७ | बुट्यान तथा झाँडी | ६.४३२ | ८.५४ |
| ८ | अन्य | ०.०२ | ०.०३ |
| | **जम्मा** | **७५.२८** | **१००** |

*श्रोत : नापी विभाग GIS Data*

### २.२.२ भू-बनौट

गाउँपालिकाको केही सिमित भू-भाग बेशी, केही शिवालिक र मुख्यतया पहाडी क्षेत्र रहेको छ । भू-आकृतिमा भएको यस फरक अनुसार यस गाउँपालिकालाई तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

(क) बेशी :

नदीले बनाएका फाँटहरुका साथसाथै केही ठूला खोलाहरुले बनाएको भाग यस क्षेत्रमा पर्दछन् । पहाडको फेदमा रहेको खुल्ला समथर खेतीयोग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछ । भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ ।

(ख) शिवालिक क्षेत्र :

यस गाउँपालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पर्दछ । यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगाको समिश्रणले भरिएको छ । यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ । यो मानव वस्तीको प्रधानता रहेको क्षेत्र हो । समुद्री सतहबाट १००० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

(ग) पहाडी भू-भाग :

समुन्द्री सतहबाट १५०० मि. देखि २७७३ मिटर सम्म उचाई रहेको यो भू-भाग कडा चट्टान कठिन धरातलीय स्वरुप भएका कारण मानव वस्ती यहाँ कम रहेको छ । उच्च पहाडी श्रृंखलाहरु र झाँडी बुट्यानले यस क्षेत्रलाई ढाकेको छ ।

## २.३ गाउँपालिकाको विद्यमान सामाजिक आर्थिक स्थिति

### २.३.१ गाउँपालिकाको जनसांखिक विवरण

राष्ट्रिय जनगणना, २०६८ अनुसार बरेङ गाउँपालिकाको कुल जनसंख्या १४,४९२ रहेको छ भने कुल घरधुरी ३२४० तथा औषत जनघनत्व १९२ रहेको छ । वडा नं. २ सबैभन्दा ठूलो वडा (२१.५१ वर्ग कि.मि.) तथा वडा नं. ४ सबैभन्दा सानो ( १०.९९ वर्ग कि.मि.) वडाको रुपमा रहेको छ । ५ वटा वडाहरुमध्ये सबैभन्दा वढी जनसंख्या क्रमश वडा नं. २ (४२००) र वडा नं. ३ (३८५९) रहेको छ भने अर्को तर्फ सबैभन्दा कम जनसंख्या क्रमश वडा नं. ५ (१११८) र वडा नं. ४ (१७२१) रहेको छ ।

**तालिका ७: गाउँपालिकाको जनसांखिक विवरण**

| वडा नं | क्षेत्रफल (वर्ग कि.मि.) | जनसंख्या | | | जनघनत्व | घरधुरी संख्या | औषत घरधुरी आकार |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | १४.०९ | २०४३ | १५५१ | ३५९४ | २५५ | ७७९ | ४.६१ |
| २ | २१.५१ | २४१५ | १७८५ | ४२०० | १९५ | ९३३ | ४.५० |
| ३ | १७.३४ | २२३३ | १६२६ | ३८५९ | २२३ | ८६९ | ४.४४ |
| ४ | १०.९९ | १०१२ | ७०९ | १७२१ | १५७ | ३९३ | ४.३८ |
| ५ | ११.३६ | ६२५ | ४९३ | १११८ | ९८ | २६६ | ४.२० |
| **जम्मा** | ७५.२९ | ८३२८ | ६१६४ | १४४९२ | १९२ | ३२४० | ४.४७ |

*श्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार, बरेङ गाउँपालिकाको कुल जनसंख्यामध्ये ०-१४ वर्ष उमेर समुहको संख्या ५,३५३ ( ३६.९४ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समुहको जनसंख्या ५,८४६ (४०.३४ प्रतिशत) छ, काम गर्ने उमेर समुह १५ देखि ५९ वर्षसम्मको जनसंख्या ७,५३० (५१.९६ प्रतिशत) रहेको छ । लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या ८३२८ ( ५७.४७ प्रतिशत) र पुरुषको जनसंख्या ६१६४ (४२.५३ प्रतिशत) रहेको र यस प्रकार महिला र पुरुषको जनसंख्याको अन्तर १४.९३ प्रतिशत देखिन्छ । लैङ्गिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७४.०१ रहेको छ । जनघनत्व १९२ जना प्रतिवर्ग किलोमिटर रहेको छ ।

### २.३.२ जातजाती, भाषा र धर्मका आधारमा जनसंख्या विवरण

बरेङ गाउँपालिकामा विभिन्न जातजाती, समुह अनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी मगर जाती रहेका छन् । दोस्रोमा क्षेत्री र तेस्रोमा ब्राह्मण पहाडी देखिन्छन् ।

### २.३.३ मातृभाषा अनुसार जनसंख्याको विवरण

गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ । मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा बढी मगर जातीको बसोबास भए पनि नेपाली भाषा नै बोल्नेहरुको संख्या सबैभन्दा बढी रहेको देखिन्छ। दोस्रोमा मगर भाषा, तेस्रोमा गुरुङ भाषा रहेको पाइन्छ ।

### २.३.४ धर्मअनुसार जनसंख्याको विवरण

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन् । पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्याको ८६.६२ प्रतिशत हिन्दु, १२.५७ प्रतिशत बौद्ध धर्मावलम्बीहरु रहेको पाइन्छ। यस गाउँपालिकामा मगर, क्षेत्री र ब्राम्हण समुदायका मानिसहरुको बसोबास धेरै भएको हुनाले यहाँ अधिकांश मानिसहरु हिन्दु धर्मावलम्बीहरु रहेको पाइन्छ।

### २.३.५ घरमूलीको लैङ्गिक विवरण

पछिल्लो जनगणना अनुसार जम्मा ३,२४० घरधुरी संख्या रहेको यस गाउँपालिकामा ५२.१३ प्रतिशत घरमा पुरुषहरु घरमूली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ४७.८७ प्रतिशत महिलाहरु घरमूली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा जम्मा ४.२६ प्रतिशतको मात्र अन्तर देखिन्छ।

### २.३.६ अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार बरेङ गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा कुल जनसंख्याको १.९५ प्रतिशत अपाङ्गता रहेको छ। महिलाको तुलनामा पुरुष अपांङ्गता ३.८९ प्रतिशत बढी छ। पुरुष १४७ (५१.९४ प्रतिशत) छ भने महिला १३६ (४८.०६ प्रतिशत) रहेको छ।

### २.३.७ कृषि र पशुपालनको स्थिति

सामान्यतः गाउँपालिकाको कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ, कोदो, फापर, आलु आदि हुन् । यस्तै दलहन बालीमा मास, वोडी, केराउ उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल, भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, वन्दा, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन बरेङ गाउँपालिकामा कृषि सेवा केन्द्र हुग्दिशिरमा स्थापना गरिएको छ। यस गाउँपालिकामा स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

गाउँपालिकाको पहाडी भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

**तालिका ८: गाउँपालिकामा सञ्चालित प्रमुख कृषि कार्यक्रमहरुको विवरण**

| विवरण | स्थान |
|---|---|
| आलु पकेट सञ्चालन | सुखौरा, वडा नं. २ र ५ |
| व्यवसायिक च्याउ खेती | बाटाकाचौर |
| सुन्तला कागती क्षेत्र विस्तार | बाटाकाचौर |
| अलैची खेती क्षेत्र विस्तार | हुग्दिशिर वडा नं. २ |

*बरेङ गाउँपालिकाको कार्यालय, २०७७*

गाउँपालिकामा विशेष गरी गाई, भैंसी, बाखा नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । यसबाट गाउँपालिका वासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भइरहेको छ। पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ।

### २.३.८ शिक्षा र साक्षरताको स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यस जिल्लाका अन्य स्थानको तुलनामा बरेङ गाउँपालिका केही अगाडि रहेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार, यस गाउँपालिकाको साक्षरता दर ७२.५१ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैङ्गिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र जस्तै धेरै विभेद रहेको पाइन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८१.२६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६६.३१ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा १४.९६ प्रतिशतको फरक देखिन्छ।

### २.३.९ शिक्षण संस्थाहरूको विवरण

गाउँपालिकामा पठनपाठनका लागि आधारभूत विद्यालय २८ र माध्यामिक विद्यालय ८ गरी जम्मा ३६ वटा विद्यालयहरु रहेका छन् भने गाउँपालिकामा उच्च शिक्षाको लागि वडा नं. २ बरेङ स्थित सर्वोदय क्याम्पस रहेको छ । जहाँ शिक्षा संकायमा स्नातक तहसम्मको पठनपाठन हुने गर्दछ । साथै यस गाउँपालिकामा २८ वटा बाल विकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । यस गाउँपालिमा रहेका विद्यालयहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ९ : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण**

| विद्यालय | तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| आधारधूत | १ | १ | ० | १ |
| | १-३ | १० | | १० |
| | १-५ | २ | | २ |
| | १-८ | २ | | २ |
| माध्यामिक | १-१० | २ | १ | ३ |
| | १-११ | १ | | १ |
| | १-१२ | ४ | | ४ |

*श्रोत : बागलुङ शैक्षिक दर्पण, २०७३*

**तालिका नं. १० : तहगत विद्यालय विवरण**

**सामुदायिक विद्यालयहरु**

| क्र.स | विद्यालयको नाम | वडा | क्र.स | विद्यालयको नाम | वडा |
|---|---|---|---|---|---|
| १ | टिमुरेघाट प्रा.वि., धुल्लु | १ | १९ | सर्वोदय मा.वि., हुग्दिशिर | २ |
| २ | शान्ति प्रा.वि., धुल्लु | १ | २० | सगरमाथा प्रा.वि., हुग्दिशिर | २ |
| ३ | पञ्चरत्न प्रा.वि., धुल्लु | १ | २१ | वसन्त प्रा.वि., बाटाकाचौर | ३ |
| ४ | नेपाल विश्वस्वतन्त्र प्रा.वि. | १ | २२ | बालविकास आ.वि., बाटाकाचौर | ३ |
| ५ | नेपाल आमा प्रा.वि., धुल्लु | १ | २३ | साग्दी प्रा.वि., बाटाकाचौर | ३ |
| ६ | मंगलमय नेपालतारा प्रा.वि. | १ | २४ | जनता प्रा.वि., बाटाकाचौर | ३ |
| ७ | नेपाल तारा प्रा.वि., धुल्लु | १ | २५ | धनज्योती प्रा.वि., बाटाकाचौर | ३ |
| ८ | धुल्लु लिउवा मा.वि., धुल्लु | १ | २६ | ज्ञानोदय प्रा.वि., बाटाकाचौर | ३ |
| ९ | नेपाल कर्तव्य पा. प्रा.वि., धुल्लु | १ | २७ | शारदा मा.वि., बाटाकाचौर | ३ |
| १० | अरनिको प्रा.वि., हुग्दिशिर | २ | २८ | शिवालय प्रा.वि. सल्यान | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | बराहकोट प्रा.वि., हुग्दिशिर | २ | २९ | सत्यवती प्रा.वि., सल्यान | ४ |
| १२ | हुग्दिशिर प्रा.वि., हुग्दिशिर | २ | ३० | सरस्वती प्रा.वि., सल्यान | ४ |
| १३ | बालज्योती प्रा.वि., हुग्दिशिर | २ | ३१ | धवलागिरी प्रा.वि., सल्यान | ४ |
| १४ | जनज्योती प्रा.वि., हुग्दिशिर | २ | ३२ | जनजागृती प्रा.वि., सल्यान | ४ |
| १५ | पुरुषोदय मा.वि, हुग्दिशिर | २ | ३३ | सल्यान सुखौरा मा.वि., सल्यान | ४ |
| १६ | सिर्जना प्रा.वि., हुग्दिशिर | २ | ३४ | जनकल्याण प्रा.वि., सुखौरा | ५ |
| १७ | भृकुटी मा.वि., हुग्दिशिर | २ | ३५ | सुखौरा प्रा.वि. सुखौरा | ५ |
| १८ | प्रगति प्रा.वि, हुग्दिशिर | २ | ३६ | महेन्द्र मा.वि., सुखौरा | ५ |
| **संस्थागत विद्यालयहरु** | | | | | |
| १ | बालज्योती बोर्डिङ स्कुल, बरेङ | १ | | | |
| *श्रोत : बागलुङ शैक्षिक दर्पण, २०७३* | | | | | |

**तालिका नं. ११ : गाउँपालिकामा रहेका बाल विकास केन्द्र सम्बन्धी विवरण**

| क्र.स | बाल विकास केन्द्रको नाम | वडा | क्र.स | बाल विकास केन्द्रको नाम | वडा |
|---|---|---|---|---|---|
| १ | नवज्योति बा.वि.के., धुल्लुबाँस्कोट | १ | १५ | छत्र बा.वि.के., बाटाकाचौर | ३ |
| २ | दीपज्योति बा.वि.के., धुल्लुबाँस्कोट | १ | १६ | वसन्त बा.वि.के., बाटाकाचौर | ३ |
| ३ | नेपालआमा बा.वि.के., धुल्लुबाँस्कोट | १ | १७ | धनज्योति बा.वि.के., बाटाकाचौर | ३ |
| ४ | ध्रुवतारा बा.वि.के., धुल्लुबाँस्कोट | १ | १८ | जनता बा.वि.के., बाटाकाचौर | ३ |
| ५ | पञ्चरत्न बा.वि.के., धुल्लुबाँस्कोट | १ | १९ | किसिमकोट बा.वि.के., बाटाकाचौर | ३ |
| ६ | सर्वोदय बा.वि.के., हुग्दिशिर | २ | २० | सगरमाथा बा.वि.के., सल्यान | ४ |
| ७ | वराह बा.वि.के., हुग्दिशिर | २ | २१ | सेतोगुराँस बा.वि.के., सल्यान | ४ |
| ८ | पोखराचौर बा.वि.के., हुग्दिशिर | २ | २२ | जनहित बा.वि.के., सल्यान | ४ |
| ९ | भृकुटी बा.वि.के., हुग्दिशिर | २ | २३ | शिवालय बा.वि.के., सल्यान | ४ |
| १० | जनज्योति बा.वि.के., हुग्दिशिर | २ | २४ | सरस्वती बा.वि.के., सल्यान | ४ |
| ११ | पुरुषोदय बा.वि.के., हुग्दिशिर | २ | २५ | सत्यवती बा.वि.के. सल्यान | ४ |
| १२ | बराहकोट बा.वि.के., हुग्दिशिर | २ | २६ | सुखौरा बा.वि.के., सुखौरा | ५ |
| १३ | ज्ञानोदय बा.वि.के., बाटाकाचौर | ३ | २७ | जनहित बा.वि.के., सुखौरा | ५ |
| १४ | शाग्दी बा.वि.के., बाटाकाचौर | ३ | २८ | जनज्योति बा.वि.के., सुखौरा | ५ |
| | | | *श्रोत : बागलुङ शैक्षिक दर्पण, २०७३* | | |

## २.३.१० खानेपानी तथा सरसफाईको स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार, बरेङ गाउँपालिकामा खानेपानीको प्रमुख श्रोत धारा/पाइपको प्रयोग गर्ने घरधुरी प्रतिशत ९८ पाइएको छ । यस गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई

अध्ययन गर्दा सेप्टिक ट्याङ्क भएको शौचालय र साधारण शौचालय प्रयोग गर्नेको संख्या बढी छ। यद्यपी २०६८ को जनगणनामा शौचालय नभएका घरधुरी संख्या देखिए तापनि हाल यसलाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिसकिएको छ।

**तालिका नं. १२ : खानेपानी आयोजना सम्बन्धी विवरण**

| योजनाको नाम | वडा | घरधुरी | कैफियत |
|---|---|---|---|
| झुले ओखेनी खानेपनी योजना, ओखेनी | १ | १४४ | १ घर १ धारा, सम्पन्न |
| लिउवा खानेपनी योजना, लिउवा | १ | ९४ | १ घर १ धारा, अन्तिम चरण |
| चित्रे खानेपनी योजना, चित्रे | १ | ४० | १ घर १ धारा, सम्पन्न |
| माझुवा खानेपनी योजना, माझुवा | १ | ३० | १ घर १ धारा, सम्पन्न |
| अयरपानी जसेखर्क खानेपनी योजना | १ | ३५ | सामुदायिक धारा, सम्पन्न |
| लुरुङ कोकलदिप खानेपनी योजना | १ | १०० | प्रस्तावित |
| पातल बरेङ खानेपनी योजना | १ | २०० | प्रस्तावित |
| काउले अर्लाङ्तुङ खानेपनी योजना | १ | ४० | प्रस्तावित |
| छाप उर्लेनी गंडेल खानेपनी योजना | १ | १२० | प्रस्तावित |
| भुमेस्थान खानेपनी योजना, साविक ४ नं वडा | १ | १०० | प्रस्तावित |
| गुरुङधारा खानेपानी आयोजना, गुरुङधारा | २ | ९ | सम्पन्न |
| सिग्धारा सुदला घट्ट खानेपानी आयोजना, सिग्धारा सुदाला घट्ट | २ | ६४ | सम्पन्न |
| मड्किना भेडाखर्क खानेपानी आयोजना, मड्किना भेडाखक | २ | १७ | सम्पन्न |
| काल्ले खोरिया भमरा खानेपानी आयोजना, काल्ले खोरिया, भमरा | २ | १६ | सम्पन्न |
| सानोदलेङ खानेपानी आयोजना, सानोदलेङ | २ | ६ | सम्पन्न |
| तंग्राम खानेपानी आयोजना, तंग्राम | २ | ४ | सम्पन्न |
| भालेस्वारा थुम्का खानेपानी आयोजना, भालेस्वारा थुम्का | २ | ७ | सम्पन्न |
| पोखराचौर छरछरे खानेपानी आयोजना, पोखराचौर, चौतारा | २ | ८ | सम्पन्न |
| काँडे सिग्दी खानेपानी आयोजना, सिग्दी | २ | ९ | सम्पन्न |
| झुलेखोला बरेङ खानेपानी आयोजना, बरेङ बजार | २ | ४७ | सम्पन्न |
| गरगरे बरेङ सक्नेरी खानेपानी आयोजना, बरेङ बजार | २ | ११४ | सम्पन्न |
| भण्डारखोला खानेपानी आयोजना भण्डारखोला | २ | १४ | सम्पन्न |
| बराहकोट खानेपानी योजना भण्डारखोला, | २ | २८ | सम्पन्न |
| थाप्ले डाँडाकटेरी खानेपानी आयोजना थाप्ले, डाँडा कटेरी | २ | १४ | सम्पन्न |
| भेडीखोर खानेपानी आयोजना भेडीखोर | २ | ४ | सम्पन्न |
| हाँडी पोखरी खानेपानी आयोजना हाँडीपोखरी | २ | ५ | सम्पन्न |
| आत्मनिर्भर खानेपानी आयोजना, मैदाना, गेरुढुंगा | २ | ११ | सम्पन्न |
| गुरुङधारा खानेपानी आयोजना गुरुङधारा | २ | ९ | सम्पन्न |

| योजनाको नाम | वडा | घरधुरी | कैफियत |
|---|---|---|---|
| बाच्छेखर्क खानेपानी योजना, बाच्छेखर्क | ३ | | प्रादेशिक सरकारबाट बजेट पारित |
| धनमुडाचौर खानेपानी योजना, लिग्दी, खाल्डापानी | ३ | १६० | सम्पन्न |
| तरङखोला छहरेखोला खानेपानी योजना, नयाँबजार, कुंडहर | ३ | ९२ | निर्माणाधिन |
| चिदिखर्क नयाँबजार खानेपानी योजना, नयाँबजार, चिदिखर्क | ३ | ५३ | निर्माणाधिन |
| नयाँबजार खानेपानी योजना, नयाँबजार | ३ | ३५ | सम्पन्न |
| खाल्ले खानेपानी योजना, खाल्ले | ३ | ८५ | निर्माणाधिन |
| खोलाखर्क पदमफुल खानेपानी योजना, पदमफुल | ३ | ५३ | सम्पन्न |
| ग्रामिण खानेपानी योजना, सग्दी | ३ | ४५ | सामुदायिक धारा, सम्पन्न |
| भंडार बांस्कोट खानेपानी योजना, भंडार बांस्कोट | ३ | ३५ | प्रस्तावित |
| भैंसेखोला थाहाद्विप चाद खानेपानी योजना | ३ | | सञ्चालनमा नरहेको |
| तमुखोला खानेपानी योजना, तमुखोला, सल्यान | ४ | २८६ | सामुदायिक धारा, सम्पन्न |
| कमेरे खानेपानी योजना, हिले बगाले, पालेवन, कात्तिके | ४ | ११२ | सामुदायिक धारा, सम्पन्न |
| भुङ्गाने खानेपानी योजना, डहरेपाखा, डाँडा | ४ | ४० | सामुदायिक धारा, सम्पन्न |
| पाटाखोला खानेपानी योजना, थप्लुङ | ४ | ८० | २२ सामुदायिक धारा, सम्पन्न |
| जुकेपानी खानेपानी योजना, थप्लुङ | ४ | ५० | सामुदायिक धारा, सम्पन्न |
| ढाव खानेपानी योजना, ढाव | ४ | ३८ | ९ सामुदायिक धारा, सम्पन्न |
| हिलेखोला खानेपानी योजना, भनिडाँडा, तल्लोथोक | ४ | १४ | सामुदायिक धारा, सम्पन्न |
| नौले खानेपानी योजना, कत्तिके, उर्लेनी, सपौंदे | ४ | ६० | सञ्चालनमा नरहेको |
| पत्थरपानी खानेपानी योजना, सपौंदे | ४ | ३० | सामुदायिक धारा, सम्पन्न |
| त्रिवेणी खानेपानी योजना, सपौंदे | ४ | ३५ | सामुदायिक धारा, सम्पन्न |
| तुसारे भिरबारी खानेपानी योजना | ४ | | प्रस्तावित |
| भैंसेखोला ठूलोपोखरा खानेपानी योजना | ४ | | प्रस्तावित |
| तम्बुखोला कालिकास्थान सोलार लिफ्ट खानेपानी योजना | ५ | २७ | १० सामुदायिक धारा, सम्पन्न |
| तम्बुखोला खोलखर्क खानेपानी योजना | ५ | | सामुदायिक धारा, सम्पन्न |
| भित्रिवन मुल खानेपानी योजना | ५ | ४६ | ५ सामुदायिक धारा, सम्पन्न |
| तम्बुखोला लिफ्ट खानेपानी योजना | ५ | २२७ | १ घर १ धारा, निर्माणाधिन |
| सिर्मुखोला सोलार लिफ्ट खानेपानी योजना | ५ | ४० | १ घर १ धारा, सम्पन्न |
| तम्बुखोला तिते खानेपानी योजना | ५ | ३० | ३ सामुदायिक धारा, सम्पन्न |
| खोलाखर्क बाहुनडाँडा खानेपानी योजना | ५ | ३० | १ घर १ धारा, सम्पन्न |
| सिन्दुरघसे पिडालुबारी खानेपानी योजना | ५ | | सामुदायिक धारा, सम्पन्न |
| सिन्दुरघसे हेक्लादी खानेपानी योजना | ५ | ३५ | ४ सामुदायिक धारा, सम्पन्न |

| योजनाको नाम | वडा | घरधुरी | कैफियत |
|---|---|---|---|
| | | | |

*श्रोत: स्थलगत सर्वेक्षण*

### २.३.११ स्वास्थ्य सेवाको अवस्था

गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकी र ५ वटा स्वास्थ्य इकाई रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन् । तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य सेवा पुऱ्याउँदै आएका छन् । गाउँका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन भएको पाइएको छ । गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ : स्वास्थ्य संस्था सम्बन्धी विवरण**

| वडा | स्वास्थ्य संस्थाहरूको नाम, ठेगाना |
|---|---|
| १ | धुल्लुवास्कोट स्वास्थ्य चौकी, लिउँवा |
| १ | लुरुङ सामुदायिक स्वास्थ्य इकाई, लुरुङ |
| १ | गंडेल सामुदायिक स्वास्थ्य इकाई, गंडेल |
| २ | हुग्दिशिर स्वास्थ्य चौकी, बरेङडाँडा |
| २ | हुग्दिशिर सामुदायिक स्वास्थ्य इकाई, बराहकोट |
| ३ | बाटाकाचौर स्वास्थ्य चौकी, नयाँबजार |
| ३ | साग्दी सामुदायिक स्वास्थ्य इकाई, साग्दी |
| ४ | सल्यान स्वास्थ्य चौकी, रासेडाँडा |
| ४ | थप्लुङ सामुदायिक स्वास्थ्य इकाई, थप्लुङ |
| ५ | सुखौरा स्वास्थ्य चौकी, माझगाउँ |

*श्रोत: स्थलगत सर्वेक्षण*

### २.३.१२ उद्योग र व्यवसायको अवस्था

बरेङ गाउँपालिकामा हालसम्म ठूला उद्योग र कारखाना रहेका छैनन् । उद्योगको नाममा हाल गाउँपालिकामा केही मात्रामा लघु तथा घरेलु उद्योग, साना मिल लगायत फर्निचर उद्योग मात्र रहेका छन् । खुद्रा व्यापार अन्तर्गत चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला आदि खद्यान्न पसल, सानातिना खाजा पसल, फेन्सी पसल, लत्ता कपडा पसलहरु रहेका छन् । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई आयत गरिएका घरेलु उपयोगका सामानहरूको समेत केही मात्रामा बिक्री-वितरण यहाँबाट हुने गरेको पाइन्छ ।

**तालिका १४ : गाउँपालिकामा उद्योग र व्यवसायको अवस्था**

| वडा नं. | उद्योग व्यवसाय | वर्तमान अवस्था |
|---|---|---|
| १ | हाडींकोट इन्टरलक ब्लक उद्योग | बरेङ बजारमा चालु अवस्थामा रहेको |

| | | |
|---|---|---|
| १ | फर्निचर उद्योग | बरेङ बजारमा चालु अवस्थामा रहेको |
| १ | चप्पल उद्योग | बरेङ बजारमा चालु अवस्थामा रहेको |
| १ | पाउरोटी उद्योग | बरेङ बजारमा चालु अवस्थामा रहेको |
| १ र २ | बजार क्षेत्र | बरेङ बजार |
| २ | मिन ग्रिल तथा फर्निचर उद्योग | सिग्दीमा चालु अवस्थामा रहेको |
| २ | टिका फर्निचर उद्योग | बराहकोटमा चालु अवस्थामा रहेको |
| २ | ऋशर उद्योग | दाउन्ने सिरानी पुछारमा प्रस्तावित |
| ३ | फर्निचर उद्योग | प्रस्तावित |
| ३ | बजार क्षेत्र | नयाँबजार |
| ४ | कुटानी पिसानी मिल | चालु अवस्थामा रहेको |
| ४ | बेकरी उद्योग | प्रस्तावित |
| ५ | सुनाखरी हातेकागज उद्योग | जिर्ण भई बन्द अवस्थामा रहेको |
| ४ र ५ | बजार क्षेत्र | दुइटै वडामा बजार नभएकाले गुल्मीको चन्द्रकोट जान बाध्य |

*श्रोतः स्थलगत सर्वेक्षण*

### २.३.१३ सहकारी वित्तीय क्षेत्र

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । बरेङ गाउँपालिकामा हाल एउटा क वर्गको बैंक र ११ वटा सहकारी संस्था गरी जम्मा १२ वटा वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् ।

**तालिका १५ : सहकारी वित्तीय संस्थाको विवरण**

| वडा नं. | सहकारी वित्तीय संस्था |
|---|---|
| २ | प्रभु बैंक लिमिटेड |
| १ | बिहानी बहुउद्देशीय सहकारी संस्था लिमिटेड |
| २ | श्री नमुना महिला बचत तथा ऋृण सहकारी संस्था लिमिटेड |
| २ | हुग्दिशिर लघुउद्यमी कृषि सहकारी संस्था |
| २ | श्री जनसेवा सहकारी संस्था लिमिटेड |
| ३ | श्री बरेङ उपभोक्ता सहकारी संस्था लिमिटेड |
| ३ | बाटाकाचौर बहुउद्देशीय सहकारी संस्था लिमिटेड |
| ३ | डि सी आर डि सी लघुवित्त |
| ३ | सुर्योदय लघुवित्त कार्यक्रम |
| ३ | नयाँ कृषि अभियान सहकारी संस्था लिमिटेड |
| ३ | सी वाई सी सहकारी संस्था लिमिटेड |

| | |
|---|---|
| ३ | सृजनशील कृषि तथा पशु सहकारी संस्था लिमिटेड |
| | श्रोत: स्थलगत सर्वेक्षण |

## २.४ गाउँपालिकाको भौतिक संरचना तथा सेवाको स्थिति

### २.४.१ सडक तथा यातायातको अवस्था

बरेङ गाउँपालिकालाई हालसम्म कुनै पनि रणनैतीक सडकले छुन नसकेकाले बरेङ गाउँपालिका बाग्लुङ जिल्लाको अति विकट स्थानीय तह हो । गण्डकी प्रदेशको हरेक स्थानीय तहको केन्द्रसम्म पुग्ने सडक प्रदेश आँफैले बनाउने नीति अनुसार यस बरेङ गाउँपालिका अन्तर्गतको कुश्मिशेरा हुँदै लिउवा नाम्दुक बरेङ सडकखण्ड प्रदेश सरकारको मातहतमा रही निर्माण हुने भएको छ । बरेङ गाउँपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । गाउँपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भइरहेकोमा गाउँपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पु्याउन कठिनाई भएको देखिन्छ । गाउँपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हुँदा गाउँपालिका वासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पु्याउन सकिएको छैन । गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ । गाउँपालिकामा टेक्टर, जिप, बस, मोटरसाइकलहरूको उपयोग गरिएको देखिन्छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ ।

गाउँपालिकामा आन्तरिक यातायात सेवा अझैसम्म सुचारु भएको छैन । यद्यपी गाउँपालिकाबाट दैनिक रूपमा बाग्लुङ, काठमाडौं, शान्तिपुर, पाल्पा र बुटवल जाने यातायात सञ्चालनमा रहेको छ । यसबाहेक निजी सवारी भाडामा लिएर जुनसुकै ठाउँ जान सकिन्छ । गाउँपालिकामा बसपार्कको व्यवस्था भने छैन ।

गाउँपालिकाका सडकहरुको विवरण तल तालिकामा दिइएको छ ।

**तालिका १६ : बरेङ गाउँपालिकाका सडकहरुको सारांश**

| सडक विवरण | लम्बाई (कि. मि.) | | | सडक संख्या | संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | कायम रहेको | प्रस्तावित | | कुल | कायम रहेको | प्रस्तावित |
| **लम्बाई** | १८३.१५ | १३८.४७ | ४४.६८ | **कुल सडक संख्या** | ४९ | ४२ | ७ |
| क वर्ग सडक लम्बाई | ३२.३७ | ३२.३७ | ० | क वर्ग सडक संख्या | २ | २ | ० |
| ख वर्ग सडक लम्बाई | ५६.१८ | ४९.५९ | ६.५९ | ख वर्ग सडक संख्या | ८ | ८ | ० |
| ग वर्ग सडक लम्बाई | ९४.६ | ५५.५१ | ३९.०९ | ग वर्ग सडक संख्या | ३९ | ३२ | ७ |

श्रोत: स्थलगत सर्वेक्षण

**तालिका १७ : बरेङ गाउँपालिकाका सडकहरुको तथ्याङ्क**

| क्र.सं | सडकहरुको नाम | वडा | सतह | वर्ग | लम्बाई(कि.मि). | | | चौडाई (मि) | अधिकार क्षेत्र (मि) | सेटब्याक (मि) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कायम रहेको | नयाँ | कुल | | | |
| १ | घट्टे सुदला बरेङ गुयुं नाम्दुक सडक | १, २, ३ | कच्ची | क | १७.४२ | | १७.४२ | ६ | १० | १.५ |
| २ | पेरिवाङ बराहकोट बरेङ उर्लेनी सडक | १, २ | कच्ची | क | १४.९५ | | १४.९५ | ६ | १० | १.५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | बरेङ बाघकाटे गाजादह सडक | १, २ | कच्ची | ख | ७.१ | | ७.१ | ४ | ८ | १.५ |
| ४ | पयलपाता सपाउंदे भित्रीवन गलकोट सडक | ४, ५ | कच्ची | ख | १६.३९ | | १६.३९ | ४ | ८ | १.५ |
| ५ | नयाँबजार साग्दी पेरिवाङ सडक | ३, २ | कच्ची | ख | ९.६ | | ९.६ | ५ | ८ | १.५ |
| ६ | गढीढुङ्गा महेन्द्रमावि भित्रिवन सडक | ५ | कच्ची | ख | ५.८ | | ५.८ | ५ | ८ | १.५ |
| ७ | काउले बाँस्कोट लिउंवा नाम्दुक सडक | १ | कच्ची | ख | ५.३ | | ५.३ | ६ | ८ | १.५ |
| ८ | नयाँबजार सुखौरा सडक | १ | कच्ची | ख | २.४१ | २.२८ | ४.६९ | ५ | ८ | १.५ |
| ९ | बराहकोट खिरकटेरी सडक | ३, ४ | कच्ची | ख | १.९४ | | १.९४ | ५ | ८ | १.५ |
| १० | डढुवा झुले लुरुङ सडक | २ | कच्ची | ख | १.०५ | ४.३१ | ५.३६ | ४ | ८ | १.५ |
| ११ | नयाँबजार खाल्ले साग्दी सडक | ३ | कच्ची | ग | ४.२३ | १.१५ | ५.३८ | ४ | ६ | १.५ |
| १२ | बराहकोट सानोढुङ्गा सडक | २ | कच्ची | ग | ३.८७ | | ३.८७ | ४ | ६ | १.५ |
| १३ | नयाँबजार थाप्लुङ सडक | ३, ४ | कच्ची | ग | ३.०६ | १.२१ | ४.२७ | ४ | ६ | १.५ |
| १४ | बाहुनडाँडा पेवारे सिन्दुरघसे सडक | ५ | कच्ची | ग | ४.४३ | | ४.४३ | ५ | ६ | १.५ |
| १५ | नयाँबजार बाहुनथोक सडक | ३ | कच्ची | ग | ४.६६ | | ४.६६ | ४ | ६ | १.५ |
| १६ | बरेङ सिग्दी तंग्राम सडक | २ | कच्ची | ग | १.१९ | ३.५६ | ४.७५ | ४ | ६ | १.५ |
| १७ | महेन्द्रमावि सपाउंदे सडक | ४, ५ | कच्ची | ग | १.५ | | १.५ | ४ | ६ | १.५ |
| १८ | उर्लेनी सडक | ४, ५ | कच्ची | ग | ०२.५९ | | ०२.५९ | ४ | ६ | १.५ |
| १९ | ठूलोपोखरा चित्रे वडाकार्यालय सडक | १ | कच्ची | ग | १.२८ | १.१२ | ०२.४ | ५ | ६ | १.५ |
| २० | माईस्थान साक्नेरी बरेङ सडक | २ | कच्ची | ग | १.४४ | १.९३ | ३.३७ | ४ | ६ | १.५ |
| २१ | बरेङ आरुपाता सडक | १ | कच्ची | ग | १.२१ | | १.२१ | ३ | ६ | १.५ |
| २२ | काफलबोट दलेङ मैदान सडक | २ | कच्ची | ग | १.२ | ०.९२ | ०२.१२ | ३ | ६ | १.५ |
| २३ | पिपलछहारे झबालीटोल सडक | ४ | कच्ची | ग | १.१४ | | १.१४ | ३ | ६ | १.५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | बाटामुनी कात्तिके पालेवन सडक | ४ | कच्ची | ग | १.२ | | १.२ | ३ | ६ | १.५ |
| २५ | माईस्थान बाच्छेखर्क सडक | ३, २ | प्रस्तावित | ग | ० | ३.६६ | ३.६६ | ० | ६ | १.५ |
| २६ | डाँडाकटेरी डढुवा सडक | २ | प्रस्तावित | ग | ० | ०२.४२ | ०२.४२ | ० | ६ | १.५ |
| २७ | दाउन्ने सिरानी सडक | २ | प्रस्तावित | ग | ० | ०२.४४ | ०२.४४ | ० | ६ | १.५ |
| २८ | भुङाने सपाउंदे सडक | ४, ५ | कच्ची | ग | ०.७२ | | ०.७२ | ३ | ६ | १.५ |
| २९ | पिडांलुबारी जसेखर्क सडक | १ | कच्ची | ग | ०.६६ | | ०.६६ | ३ | ६ | १.५ |
| ३० | सुदला पोखराचौर लेटा सडक | २ | प्रस्तावित | ग | ० | १.९५ | १.९५ | ० | ६ | १.५ |
| ३१ | खरिबोट भुल्के सडक | ४ | कच्ची | ग | ०.४२ | ०.२३ | ०.६५ | ३ | ६ | १.५ |
| ३२ | माभ्कारेखोल खालीडाँडाचौर सडक | ४ | कच्ची | ग | ०.६ | | ०.६ | ३ | ६ | १.५ |
| ३३ | धौलागिरी प्रावि सडक | ४ | कच्ची | ग | ०.११ | | ०.११ | ३ | ६ | १.५ |
| ३४ | पिपलछहारे सडक | ४ | कच्ची | ग | ०.५ | | ०.५ | ३ | ६ | १.५ |
| ३५ | छाप तल्लोगरेल तिमुरेघाट सडक | १ | कच्ची | ग | १ | १ | २ | ४ | ६ | १.५ |
| ३६ | मिलनचोक लुड्दी थुम गडेल सडक | १ | कच्ची | ग | ३.५ | | ३.५ | ४ | ६ | १.५ |
| ३७ | उर्लेनी ठाकुरचौर सडक | १ | प्रस्तावित | ग | | ३ | ३ | ० | ६ | १.५ |
| ३८ | बरेङ अर्लाङतुङ सडक | १ | कच्ची | ग | १ | | १ | ४ | ६ | १.५ |
| ३९ | लिउवा कालाखोला सडक | १ | कच्ची | ग | १.५ | | १.५ | ४ | ६ | १.५ |
| ४० | लुरुङकोट सडक | १ | कच्ची | ग | २.५ | | २.५ | ४ | ६ | १.५ |
| ४१ | कोकलदिप कालाखोला सडक | १ | कच्ची | ग | १.५ | २ | ३.५ | ४ | ६ | १.५ |
| ४२ | ठूलोपोखरा भुले सडक | १ | कच्ची | ग | ३ | ४.५ | ७.५ | ४ | ६ | १.५ |
| ४३ | नुनथला मैलेनी ढावा सडक | १ | कच्ची | ग | १ | | १ | ४ | ६ | १.५ |
| ४४ | गुयुं पातल भदौरे सडक | १ | कच्ची | ग | १ | | १ | ४ | ६ | १.५ |
| ४५ | दाउन्ने भालेश्वरा तङ्गाम सडक | २ | प्रस्तावित | ग | | ३.५ | ३.५ | ० | ६ | १.५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | देउराली रिपा चौर सिरानी सडक | ३ | प्रस्तावित | ग | ०.५ | ३.५ | ४ | ४ | ६ | १.५ |
| ४७ | सपौंदे गोरेपोखरी सडक | ४ | कच्ची | ग | १ | | १ | ३ | ६ | १.५ |
| ४८ | पिपलछहारे पूरानोठांटी भालुडाँडा सडक | ४ | कच्ची | ग | १.५ | | १.५ | ४ | ६ | १.५ |
| ४९ | भुङाने माझगाउँ सडक | ५ | कच्ची | ग | १.५ | | १.५ | ४ | ६ | १.५ |

*श्रोत: स्थलगत सर्वेक्षण*

**तालिका १८ : बरेङ गाउँपालिकाको रिङ्गरोडको तथ्याङ्क**

| क्र. सं | सडकको नाम | सतह | चौडाई (मि) | वडा | लम्बाई(कि.मि). | | वस्ती |
|---|---|---|---|---|---|---|---|
| | | | | | कायम रहेको | नयाँ | |
| १ | गढीढुङ्गा महेन्द्रमावि भित्रिवन सडक | कच्ची | ५ | ५ | ३.१३ | | सुखौरा, धम्पु, कोखाखर्क, भित्रिवन |
| २ | पयलपाता सपाउंदे भित्रीवन गलकोट सडक | कच्ची | ४ | ५ | ३.०० | | भित्रिवन, त्रिबेणी |
| | | कच्ची | | ४ | ४.१४ | | सपाउंदे, भुङ्गाने, तिते, बिचगाउँ, ठूलोपोखारा |
| ३ | माझारेखोल खालीडाँडाचौर सडक | कच्ची | ३ | ४ | ०.५९ | | मझारेखोला, खालीडाँडाचौर |
| ४ | नयाँ ट्र्याक खोल्नुपर्ने | प्रस्तावित | ० | ४ | | ३.३५ | जङ्गल क्षेत्र |
| | | प्रस्तावित | | ३ | | ३.७६ | |
| ५ | नयाँबजार खाल्ले साग्दी सडक | कच्ची | ४ | ३ | ०२.५६ | | खाल्ले, चिप्लेटी |
| | | प्रस्तावित | ० | | | १.१५ | चिप्लेटी, साग्दी |
| ६ | नयाँबजार साग्दी पेरिवाङ सडक | कच्ची | ४ | ३ | ३.१६ | | साग्दी, खिरकटेरी |
| ७ | बराहकोट खिरकटेरी सडक | कच्ची | ४ | २ | १.९४ | | खिरकटेरी, बराहकोट |
| ८ | पेरिवाङ बराहकोट बरेङ उर्लेनी सडक | कच्ची | ६ | २ | ०.१० | | बराहकोट |
| ९ | बराहकोट सानोढुङ्गा सडक | कच्ची | ४ | २ | ३.०१ | | बराहकोट, डाँडाकटेरी |
| १० | डाँडाकटेरी डढुवा सडक | प्रस्तावित | ० | २ | | ०२.४२ | डाँडाकटेरी, डढुवा |
| ११ | बरेङ बाघकाटे गाजादह सडक | कच्ची | ६ | १ | ०.०५ | | डढुवा |
| १२ | डढुवा झुले लुरुङ सडक | कच्ची | ५ | १ | १.०५ | | डढुवा, टोड्के, झुले |
| | | प्रस्तावित | ० | | | ४.३१ | झुले, ठूलोखोला, लुरुङकोट |
| १३ | काउले बाँस्कोट लिउंवा नाम्दुक सडक | कच्ची | ५ | १ | ५.०७ | | लुरुङकोट, माझुवा, लिउवा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | नयाँ ट्र्याक खोल्नुपर्ने | प्रस्तावित | ० | १ | | ४.१४ | लिउवा, तिमुरेघाट, उर्लेनी |
| १५ | घट्टे सुदला बरेङ गुयुं नाम्दुक सडक | कच्ची | ६ | १ | ५.४५ | | उर्लेनी, सोल्याप, जसेखर्क, भाटी |
| | | कच्ची | | २ | ३.४७ | | भाटी, मैदान, सानोदलेङ, सिख्धारा, सुदला, हुग्दिशिर |
| | | कच्ची | | २ | ०२.६६ | | सुदला, हुग्दिशिर, काफलठुटा, दाउन्ने |
| | | कच्ची | | ३ | ०२.८९ | | दाउन्ने, नयाँबजार |
| १६ | नयाँबजार साग्दी पेरिवाङ सडक | कच्ची | ४ | ३ | ०.३८ | | नयाँबजार |
| १७ | नयाँबजार थाप्लुङ सडक | कच्ची | ४ | ३ | १.९६ | | नयाँबजार, भलाहचौर |
| | | कच्ची | | ४ | १.१० | | भलाहचौर, ढाव |
| | | प्रस्तावित | ० | ४ | | १.२१ | ढाव, थप्लुङ |
| १८ | पयलपाता सपाउंदे भित्रीवन गलकोट सडक | कच्ची | ४ | ४ | ३.९२ | | थप्लुङ, ढुसेनी, डाँडा, ठूलोपोखरा |
| १९ | महेन्द्रमावि सपाउंदे सडक | कच्ची | ४ | ५ | १.५० | | सपाउंदे, तम्बुखोला, चल्ढुङा, सुखौरा |

*श्रोतः स्थलगत सर्वेक्षण*

**तालिका १९ : बरेङ गाउँपालिकाका पुलहरुको तथ्याङ्क**

| वडा | पुल | खोला | कैफियत | वडा | पुल | खोला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मझुवा झोलुङे पुल, मझुवा | ठूलो खोला | कायम रहेको | २ | ठूलोसांघु झोलुङे पुल, बराहकोट | हुग्दि खोला | कायम रहेको |
| १ | तिप्लिङघाट झोलुङे पुल, लिउवा पुछार | मझुवा खोला | कायम रहेको | २ | भण्डारखोला झोलुङे पुल, बराहकोट | हुग्दि खोला | कायम रहेको |
| १ | जम्बोट झोलुङे पुल, वास्कोट पुछार | पालुङ खोला | कायम रहेको | २ | तल्लोगाउँ झोलुङे पुल, दोभानखर्क | हुग्दि खोला | प्रस्तावित |
| १ | तिमुरेघाट झोलुङे पुल, तिमुरेघाट | पालुङ खोला | कायम रहेको | २ | पेरिवाङ बराहकोट बरेङ उर्लेनी पक्की पुल | हुग्दि खोला | प्रस्तावित |
| १ | झुडिघाट झोलुङे पुल, झुडी | पालुङ खोला | कायम रहेको | २ | ठूलो साघुँ बराहकोट पक्की पुल | हुग्दि खोला | प्रस्तावित |
| १ | जिमिरेघाट झोलुङे पुल, जिमिरेघाट | पालुङ खोला | कायम रहेको | ३ | हुग्दिखोला पक्की पुल, नयाँ बजार | हुग्दि खोला | कायम रहेको |
| १ | ढाँडा झोलुङे पुल, ढाँडा | लुङ्दी खोला | कायम रहेको | ३ | घट्टेगाउँ झोलुङे पुल, घट्ट | हुग्दि खोला | कायम रहेको |
| १ | माझुवा सानो खोला पक्की पुल, माझुवा | मझुवा खोला | प्रस्तावित | ३ | नयाँ बजार झोलुङे पुल, नयाँ बजार | हुग्दि खोला | कायम रहेको |
| १ | माझुवा ठूलो खोला पक्की पुल, माझुवा | ठूलो खोला | प्रस्तावित | ३ | खाल्ले झोलुङे पुल, नयाँ बजार | खाल्ले खोला | निर्माणाधिन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | लुड्दी खोला पक्की पुल, ढाँडा | लुड्दी खोला | प्रस्तावित | ३ | प्रगतीचोक झोलुङे पुल, प्रगतिचोक | हुग्दि खोला | प्रस्तावित |
| १ | जिमिरेघाट पक्की पुल, जिमिरेघाट | पालुङ खोला | प्रस्तावित | ३ | खाल्लेखोला पक्की पुल, नयाँ बजार | खाल्ले खोला | प्रस्तावित |
| १ | पालुङ पक्की पुल, कलाखोला | पालुङ खोला | प्रस्तावित | ३ | खाल्लेखोला मझुवाफाँट झोलुङे पुल | खाल्ले खोला | प्रस्तावित |
| २ | हुग्दिखोला पक्की पुल, सुदला | हुग्दि खोला | कायम रहेको | ४ | थप्लुङ खरिबोट पक्की पुल, थप्लुङ खरिबोट | हुग्दि खोला | निर्माणाधिन |
| २ | दाउन्ने झोलुङे पुल, दाउन्ने | हुग्दि खोला | कायम रहेको | ४ | थप्लुङघाट झोलुङे पुल, थप्लुङ | तम्बु खोला | कायम रहेको |
| २ | भुल्लाघाट झोलुङे पुल,काफलठुटा | हुग्दि खोला | कायम रहेको | ४ | हुग्दिखोला झोलुङे पुल, ढाव | हुग्दि खोला | कायम रहेको |
| २ | घट्ट झोलुङे पुल, घट्ट | हुग्दि खोला | कायम रहेको | ४ | काल्चेघाट झोलुङे पुल, थप्लुङ | हुग्दि खोला | कायम रहेको |
| २ | सुदला झोलुङे पुल, सुदला | हुग्दि खोला | कायम रहेको | ४ | च्याङ्दिघाट झोलुङे पुल, स्वता | हुग्दि खोला | कायम रहेको |
| २ | मुलाघाट झोलुङे पुल, मुलाघाट | हुग्दि खोला | कायम रहेको | ४ | दोबिल्लाघाट झोलुङे पुल, थप्लुङ | तम्बु खोला | प्रस्तावित |
| २ | बगालेओडार झोलुङे पुल, बगालेओडार | हुग्दि खोला | कायम रहेको | ५ | काधुरी ट्रस पुल | तम्बु खोला | कायम रहेको |
| २ | काउलाघाट झोलुङे पुल, काउलाघाट | हुग्दि खोला | कायम रहेको | ५ | खाल्टेपानी झोलुङे पुल | तम्बु खोला | बन्द भएको |
| २ | माईस्थानघाट झोलुङे पुल, माईस्थान | हुग्दि खोला | कायम रहेको | ५ | गैढुङ्गा झोलुङे पुल | गैढुङ्गा खोला | बन्द भएको |

*श्रोत: स्थलगत सर्वेक्षण*

## २.४.२ सिंचाई

कृषि बालीको उत्पादन र उत्पादकत्व बढाउन सिंचाईको महत्वपूर्ण भूमिका रहेको हुन्छ। गाउँपालिकामा नदीनालाको पानी कुलो र पाइप मार्फत सिंचाईमा प्रयोग भएको पाइन्छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक श्रोतको उपयोग गरी सबै खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ। गाउँपालिकामा सिंचाईको कुनै ठूलो योजना नरहेको र परम्परागत शैलीमा कुलोहरु निर्माण गरेर सिंचाई गरिरहेको अवस्था रहेको छ।

**तालिका २० : बरेङ गाउँपालिकाका सिंचाई योजनाहरुको तथ्याङ्क**

| वडा | सिंचाई योजना | कैफियत | वडा | सिंचाई योजना | कैफियत |
|---|---|---|---|---|---|
| १ | ढावाखोला सिंचाई योजना | कायम रहेको | २ | काल्लेघाट खड्टिटोला हुँदै बग्ने कुलो | कायम रहेको |
| १ | लुड्दी उर्लेनी सिंचाई योजना | प्रस्तावित | ३ | पाल्लेखर्क सिंचाई | कायम रहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पालुङखोला जिमिरेफाँट सिंचाई योजना | प्रस्तावित | ३ | डाँडाखेत सिंचाई आयोजना | कायम रहेको |
| १ | सेतीखोला ढाँडा सिंचाई योजना | निर्माणाधिन | ३ | खाल्लेखोला चिदिखर्क सिंचाई आयोजना | कायम रहेको |
| १ | लुरुङ्गोला सिंचाई योजना | कायम रहेको | ३ | भण्डारा फाल सिंचाई आयोजना | कायम रहेको |
| १ | सालङ्फाँट नेवारे सिंचाई योजना | कायम रहेको | ३ | टिम्लापाटा सिंचाई आयोजना | कायम रहेको |
| १ | मभ्कुवा खाली सालङ सिंचाई योजना | कायम रहेको | ३ | हुग्दिखोला सिगालफाँट सिंचाई आयोजना | कायम रहेको |
| १ | भ्यापुली सोतो सिंचाई योजना | कायम रहेको | ३ | मलायचौर सिंचाई | कायम रहेको |
| १ | मुलपनी नेपालडाँडा सिंचाई योजना | प्रस्तावित | ३ | बुदामरे नयाँबजार सिंचाई आयोजना | कायम रहेको |
| २ | माइस्थान भेडीखोर हुँदै पोखराचौर बग्ने कुलो | कायम रहेको | ३ | तल्लो नयाँबजार सिंचाई आयोजना | कायम रहेको |
| २ | माइस्थान ढाव हुँदै काउलाघाट जोड्ने कुलो | कायम रहेको | ३ | कुडहरा सिंचाई आयोजना | कायम रहेको |
| २ | काउलाघाटबाट बगालेवडार हुँदै बग्ने कुलो | कायम रहेको | ३ | चौरान्बे सिंचाई आयोजना | कायम रहेको |
| २ | बगाले वडार पूर्व पट्टीबाट बग्ने कुलो | कायम रहेको | ३ | रोहोटे खोला सिंचाई आयोजना | कायम रहेको |
| २ | मुलाखेत कुलो | कायम रहेको | ३ | प्रगतिचोक घट्टे सिंचाई आयोजना | कायम रहेको |
| २ | भुतेपहरा वाँडाडी हुँदै बग्ने कुलो | कायम रहेको | ३ | कालिदह प्रगतिचोक सिंचाई आयोजना | कायम रहेको |
| २ | सुदलाघाटबाट सुदाला चिसापानी हुँदै घट्ट बग्ने कुलो | कायम रहेको | ३ | सिगाला प्रङदिचोक सिंचाई आयोजना | कायम रहेको |
| २ | न्वार फाँट हुँदै बग्ने उपल्लो कुलो | कायम रहेको | ३ | पानीखाल्टा सिंचाई आयोजना | कायम रहेको |
| २ | न्वार फाँट हुँदै बग्ने तल्लो कुलो | कायम रहेको | ३ | धैहरा चिप्लेटी सिंचाई आयोजना | कायम रहेको |
| २ | ठाँडखोला घाट हुँदै बग्ने कुलो | कायम रहेको | ४ | थप्लुङ्फाँट सिंचाई योजना | प्रस्तावित |
| २ | घट्ट अधियाखेत हुँदै बग्ने कुलो | कायम रहेको | ४ | ढाव सिंचाई योजना | प्रस्तावित |

*श्रोतः स्थलगत सर्वेक्षण*

### २.४.३ विद्युत, सञ्चार र अन्य सुविधा सञ्चार

यस गाउँपालिकमा रहेका सबै वडाहरुका केही विपन्न समुदायका जनसंख्या बाहेक पूर्ण रुपमा विद्युतिकरण भएको छ। गाउँपलिकाका सबै गाउँहरुलाई राष्ट्रिय प्रशारण लाइनसँग जोड्ने कामले अन्तिम रूप लिँदै गरेको अवस्था रहेको छ। गाउँपालिकाका धेरै जसो घरहरुमा नेपाल विद्युत प्राधिकरण मार्फत विद्युतिकरण भएको छ भने केही घरहरुमा सामुदायिक विद्युतिकरण, लघु जलविद्युत परियोजना, पेल्ट्रीक सेट तथा सोलार मार्फत विद्युतिकरण भएको पाइन्छ।

**तालिका नं. २१ : जलविद्युत परियोजना सम्बन्धी विवरण**

| क.सं. | योजनाको नाम | वडा नं. | क्षमता (kw) |
|---|---|---|---|
| १ | बास्कोट लघु जलविद्युत | ३ | |

| | | | |
|---|---|---|---|
| २ | कुडहरा लघु जलविद्युत | ३ | |
| ३ | घट्टे लघु जलविद्युत | ३ | |
| ४ | पदमफुल लघु जलविद्युत | ३ | |
| ५ | तमखोला जलविद्युत आयोजना | ४ | ८ |
| ६ | रुसी खोला जलविद्युत आयोजना | ४ | ६५ |
| ७ | लघु विद्युत | १ | |
| ८ | भैंसीखोला जलविद्युत आयोजना | ४ | १४-१८ |
| ९ | लघु विद्युत | ४ | ६५० |
| *श्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७५* | | | |

गाउँपलिकामा साना जल विद्युत र लघु विद्युत योजना पनि रहेका छन् । DCRDC बागलुङ र स्थानीयको सक्रियतामा वि.सं. २०६१/६२ मा बरेङ गाउँपालिका वडा नं. ४ सल्यानमा स्थापना गरिएको भैंसीखोला लघु जलविद्युत आयोजना यस बरेङ गाउँपालिकाकै प्रथम बढी क्षमता भएको लघु जल विद्युत रहेको छ । उक्त आयोजनाबाट हाल १४ कि.वा. विद्युत उत्पादन भइरहेको छ भने जसबाट तत्कालिन समयमा करिब १७० घर र हाल बढ्दो बसाईसराईका कारण करिब १५० घरधुरीले प्रत्यक्ष लाभ लिएका छन् । साथै सोही विद्युतबाट पिसानी मेसिन समेत सञ्चालन गरिएको छ । बरेङ गाउँपालिका वडा नं. ४ सल्यान ढावा निवासीहरुबाट सञ्चालित गाउँकै बासिन्दाबाट निर्माण भएको यो लघु जलविद्युत वि.सं. २०६० सालमा स्थापना भएको थियो । जसको क्षमता ६५० किलोवाट रहेको छ, जुन करिब ३१ घरपरिवारले प्रयोग गरेका छन् । यसबाट कुटानी पिसानीको समेत काम हुने गर्दछ ।

बरेङ गाउँपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । गाउँपालिकाका सबै वडाहरूमा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network सेवा उपलब्ध गराएको छ तर प्रभावकारी रुपमा सञ्चालन हुन सकिरहेको छैन । गाउँपालिकामा ल्यान्डलाइन सेवा उपलब्ध नभए पनि Sky तथा CDMA फोन रहेको छ । गाउँपालिकामा मनोरञ्जनको लागि टि.भि. कार्यक्रम चन्द्रकोट केवल नेटवर्क प्रा.लि. र डिसहोम मार्फत च्यानलहरु सञ्चालनमा रहनु साथै स्याटेलाईट च्यानल प्रसारकहरुले समेत सेवा प्रदान गर्दै आईरहेका छन् ।

गाउँपालिकामा सामुदायिक रेडियो विहानी ८९ मेघाहर्ज सञ्चालनमा रहेको छ । यस बाहेक धादिङ्गबाट रेडियो विहानी, रेडियो धादिङ्ग, गुल्मीबाट रुरु एफ.एम., रेसुङ्गा एफ.एम., श्रीनगर एफ.एम., पर्वतबाट रेडियो दिदीबहिनी, शालिग्राम एफ.एम., रेडियो कुसुम, अर्घाखाँचीबाट रेडियो देउराली, रुपन्देहीबाट रेडियो लुम्बिनी र पाल्पाबाट रेडियो मुक्तिनाथ लगायतका एफ.एम रेडियो तथा अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रशारण हुने गरेको पाइन्छ ।

### २.४.४ सुरक्षा निकाय

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चित गरिएको हुन्छ । हरेक राष्ट्रका नागरिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो । नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ । यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपूर्ण भूमिका रहन्छ । यस गाउँपालिकामा रहेका सुरक्षा निकायहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. २२ : सुरक्षा निकायको विवरण**

| वडा | सुरक्षा निकाय |
|---|---|
| २ | बरेङ ईलाका प्रहरी कार्यालय, ठुल्डाँडा |

| | |
|---|---|
| २ | प्रहरी चौकी, सुदला |
| ३ | प्रहरी चौकी, बाटाकाचौर |
| १ | अस्थाई प्रहरी पोस्ट, बरेङडाँडा |
| | *श्रोत : बरेङ ईलाका प्रहरी कार्यालय, ठुल्डाँडा, २०७७* |

## परिच्छेद ३ : दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

### ३.१ पृष्ठभूमि

संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध सहकारीता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेर तीनै तहबीच समान सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको सहकारिताबाट मात्र राज्यले सोचेको समृद्धिको सपना पूरा हुने कुराको परिकल्पना गरेको छ । तसर्थ स्थानीय सरकारले निर्माण गर्ने योजना संघीय र प्रादेशिक योजनाको आधार स्तम्भमा तय गर्नु पर्ने हुन्छ । बरेङ गाउँपालिकाको हकमा पनि दिगो विकास लक्ष्य, संघीय सरकारको पन्ध्रौं पञ्च वर्षीय योजना, गण्डकी प्रदेशले अंगिकार गरेको प्रादेशिक योजना, अन्तरपालिका सम्वन्ध तथा गाउँपालिकाको वस्तुस्थिति र स्थानीय आवश्यकताका आधारमा योजना तर्जुमा गर्नु पर्ने देखिन्छ ।

विकासका अपार सम्भाव्यता बोकेको यो गाउँपालिकामा विकासका सम्भावनाहरुलाई समृद्धिमा रुपान्तरण गर्न दुरदृष्टि राखी योजनाबद्ध हिसाबले प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक छ । यस परिप्रेक्ष्यमा योजनाबद्ध विकासको रिक्तता परिपूर्ति गर्दै सहभागितामूलक प्रक्रियाद्वारा तयार गरिएको दीर्घकालीन सोच सहितको समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति देहाय अनुसार निर्धारण गरिएको छ ।

### ३.२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

नेपाल सरकारको “समृद्ध नेपाल, सुखी नेपाली” तथा गण्डकी प्रदेश सरकारको “समृद्ध प्रदेश, सुखी नागरिक” को दीर्घकालीन सोचलाई दृष्टिगत गर्दै बरेङ गाउँपालिकाले २५ वर्षे सोचको निर्माण गर्नका लागि गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

### ३.२.१ दीर्घकालीन सोच (दुर दृष्टि)

**“समृद्ध बरेङ, सुखी बरेङवासी”**

अबको विकासको सोच सुसाशन, समृद्धि र सुखी रहेको छ । तसर्थ विकासमा राष्ट्रिय र प्रादेशिक सन्तुलनका साथै स्थानीय सन्तुलन, समावेशिता, प्राकृतिक श्रोत रर साधनको संरक्षण, सम्बर्द्धन र उपयोग गर्दै मर्यादित काम र रोजगारी सिर्जना गर्नुपर्नेछ । समाजवाद उन्मुख शासन व्यवस्या, उपलब्ध श्रोत र साधनको परिचालनबाट तीव्र आर्थिक वृद्धि गर्दै अर्थतन्त्रलाई आत्मनिर्भर बनाई समृद्ध अर्थतन्त्र निर्माण गर्ने मार्गचित्र निर्धारण गरिएको छ । संविधानले  शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्य सुरक्षा, सामाजिक सुरक्षा लगायत सामाजिक, आर्थिक, साँस्कृतिक तथा पर्यावरणीय अधिकारहरुलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । महिला, दलित लगायतका पछाडि परेका वर्ग तथा समुदायलाई स्थानीय संरचनामा सहभागी गराउने समावेशी व्यवस्था, खाद्य अधिकार र खाद्य सम्प्रभुताको व्यवस्था, बरेङवासीलाई सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, स्वच्छ वातावरणको हक, शोषण र विभेदबाट मुक्ति जस्ता विषयहरुलाई प्रत्याभूत गर्न समाजवाद उन्मुख आर्थिक तथा सामाजिक व्यवस्थाका आधार निर्माणमा दीर्घकालीन सोच केन्द्रित रहनेछ ।

दीर्घकालीन सोच अन्तर्गत समृद्धि र सुख प्राप्तिका लक्ष्यहरु रहेका छन् जस अन्तर्गत उच्च आर्थिक वृद्धिका लागि आर्थिक, सामाजिक र भौतिक पूर्वाधार तयार गर्नुपर्ने हुन्छ । भौतिक पूर्वाधार अन्तर्गत यातायात, उःर्जा, सिँचाई, सूचना प्रविधि तथा संचार आदिको विकासको लागि लगानी गर्नुपर्ने आवश्यकता छ । अधिकांश स्थानीय गौरवका आयोजनाहरु समयमा नै सम्पन्न गर्न र गुणस्तरीय पूर्वाधार निर्माण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नमा गाउँपालिकाको प्रमुख भूमिका रहनेछ । शिक्षा र स्वास्थ्यको विद्यमान प्रणालीमा सुधार गरी समान पहुँच सहितको गुणस्तरीयता कायम गरिनेछ । **“समृद्ध बरेङ, सुखी बरेङवासी”** को आधारशिला तयार गर्ने पहिलो योजना हुनेछ । बरेङ गाउँपालिका बहुपातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त र भगौलिक विविधता भएको गाउँपालिका हो । यिनै विशेषतालाई ध्यान दिँदै विकासको प्रारुपमा विविधधता ल्याइनेछ । यस योजनाले निर्माण गरेका समृद्धि र सुखका आधारको मजबुत जगमा तीव्र र उच्च आर्थिक वृद्धि हाँसिल गरिनेछ ।

उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी उच्च आर्थिक वृद्धि सहित समन्यायिक वितरण सुनिश्चित गर्नु आर्थिक नीतिको प्रमुख उद्देश्य हुनेछ । गाउँपालिकाको कृषि, वन, भूमि र अन्य प्राकृतिक श्रोत आर्थिक विकास र समृद्धिको लागि महत्वपूर्ण क्षेत्र रहेका छन् । यस क्षेत्रको दिगो विकासको माध्यमबाट गाउँपालिकालाई समुन्नत र समृद्ध बनाइनेछ । यस योजना अवधिमा उद्योगजन्य पूर्वाधारको विकास, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, रोजगारीमा अवसरहरुको सिर्जना, स्थानीय श्रम र सीपमा आधारित उद्योगको प्रवर्द्धन र विकासका साथै निर्यात प्रवर्द्धन र आयात व्यवस्थापान गर्ने गरी उद्योग क्षेत्रको विकास गरिनेछ । आर्थिक समृद्धिको सूचकको रुपमा रहेको सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धताका साथै उच्च र दिगो उत्पादन तथा उत्पादकत्वमा बढोत्तरीका लागि यस क्षेत्रको प्रमुख भूमिका रहनेछ ।

### ३.२.२ लक्ष्य

मौलिक संस्कृति तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै व्यवसायिक कृषि, दिगो पर्यटन लगायत आर्थिक, सामाजिक, पूर्वाधार र सुशाासनको विकास गरी आय र रोजगारीका माध्यमबाट नागरिकको जीवनस्तरमा गुणात्मक वृद्धि गर्ने ।

### ३.२.३ उद्देश्य

- गाउँपालिका क्षेत्रमा स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरुमा पहुँच सुनिश्चित गर्नु ।
- गाउँपालिकामा विद्यमान जल, जमिन, जङ्गल तथा जडिबुटीको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि, वन, खनिजमा आधारित उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट जनताको रोजगारी, आय अभिवृद्धि र जनजीविकाका अवसरहरु प्रवर्द्धन गर्नु ।
- गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरु समावेशी र समन्यायीक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी सर्वाङ्गीण विकास गर्नु ।
- गाउँपालिकाको सांस्कृतिक तथा प्राकृतिक वातावरणीय धरोहरहरुको संरक्षण तथा संवर्द्धन गर्नुका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरुवाट उत्पन्न विपदहरुको समुचित व्यवस्थापन गर्नु ।
- गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउनु ।

### ३.२.४ रणनीति

| |
|---|
| **उद्देश्य नं. १** गाउँपालिका क्षेत्रमा स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरुमा पहुँच सुनिश्चित गर्नु । |
| **रणनीतिहरु**<br>● केन्द्र र प्रदेश सरकारसँग साभेदारीमा गाउँपालिका भित्रका प्रमुख सडकहरुको निर्माण, पुल र सामुदायिक भवन तथा गाउँपालिकाको भवन निर्माण गर्ने ।<br>● विद्युत, टेलिफोन सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने ।<br>● भौतिक पूर्वाधारहरुको विकासको दीर्घकालीन नीति अवलम्बन गर्ने ।<br>● भू-उपयोगको योजना तयार गरी कार्यान्वयन गर्ने । |
| **उद्देश्य नं. २** गाउँपालिकामा विद्यमान जल, जमिन, जङ्गल तथा जडिबुटीको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि, वन, खनिजमा आधारित उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट जनताको रोजगारी, आय अभिवृद्धि र जनजीविकाका अवसरहरु प्रवर्द्धन गर्नु । |
| **रणनीतिहरु**<br>● स्थानीय श्रोतको पहिचान र उपयोगमा आधारित आर्थिक विकास गर्ने ।<br>● उद्योग, वन पैदावार, कृषि तथा पशुपालनको विकासमा स्थानीय जनतासँग सहकार्य गर्ने साथै यस क्षेत्रमा अगाडि बढन चाहने व्यवसायीहरुलाई गाउँपालिकाले अनुकुलता प्रदान गर्ने ।<br>● स्थानीय श्रोत साधनमा आधारित उद्योग तथा व्यवसायहरुको विकासका लागि भौतिक पूर्वाधारको निर्माण र संस्थागत व्यवस्था मिलाउने ।<br>● वन र कृषिमा आधारित उद्योग विकासमा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने । |
| **उद्देश्य नं. ३** गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरु समावेशी र समन्यायीक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी सर्वाङ्गीण विकास गर्नु । |
| **रणनीतिहरु**<br>● गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने ।<br>● युवाहरुलाई खेलकुदको माध्यमबाट गाउँपालिकाको गौरवमा सरिक गराउने ।<br>● परम्परागत मौलिक संस्कृति भाषा, र परम्पराको जगेर्ना गर्ने ।<br>● स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने ।<br>● सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अवलम्बन गर्ने । |
| **उद्देश्य नं. ४** गाउँपालिकाको सांस्कृतिक तथा प्राकृतिक वातावरणीय धरोहरहरुको संरक्षण तथा संवर्द्धन गर्नुका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरुवाट उत्पन्न विपदहरुको समुचित व्यवस्थापन गर्नु । |

**रणनीतिहरु**

- गाउँपालिकाका प्राकृतिक र सांस्कृतिक श्रोतहरुको सूची (Inventory) अद्यावधिक गर्ने ।
- उद्योग लगायत आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दिगो विकासको मान्यतालाई अवलम्बन गर्ने ।
- प्राकृतिक तथा सांस्कृतिक मौलिकतालाई संरक्षण गर्न स्थानीय रैथाने प्रविधिको अधिकतम उपयोग गर्ने ।
- विपद व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गर्न सम्बद्ध संस्थाहरुसँग सहकार्य गर्ने ।

**उद्देश्य नं. ५** गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउनु ।

**रणनीतिहरु**

- गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्ने उपायहरु खोजी गर्दै वित्तीय आत्मनिर्भरता तर्फ अघि बढाउने ।
- केन्द्र र प्रदेश तथा अन्य श्रोतहरुबाट प्राप्त वित्तीय श्रोतको मितव्ययी र परिणाममुखी सदुपयोग गर्ने ।
- विकेन्द्रीकरणको अवधारणा अनुसार गाउँपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने ।
- जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अवलम्बन गर्ने ।
- गाउँपालिकाबाट हुने निर्णय र सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र समयवद्धतालाई अवलम्बन गर्ने ।

## ३.३ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | गण्डकी प्रदेशको लक्ष्य | | गाउँपालिकाको लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक वर्ष २०८०/८१ | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक वर्ष २०८०/८१ | आधार वर्ष आ.व. ०७७/७८ | आर्थिक वर्ष ०८२/८३ |
| १ | आर्थिक वृद्धि दर | प्रतिशत | 6.8 | 9.6 | 7.1 | 10.2 | 7.1* | 10.2* |
| २ | कृषि क्षेत्रको योगदान | प्रतिशत | 27 | 19.4 | 28.2 | 23.7 | 40 | 30 |
| ३ | गैर कृषि क्षेत्रको योगदान | प्रतिशत | 73 | 80.6 | 71.8 | 76.3 | 60 | 70 |
| ४ | प्रति व्यक्ति वार्षिक आय | अमेरिकी डलर | 1047 | 1595 | 1043 | 1956 | 1100 | 1850 |
| ५ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | 0.31 | 0.29 | 0.37 | 0.26 | 0.37* | 0.26* |
| ६ | वहुआयामिक गरिबी | प्रतिशत | 28.6 | 13 | 14.2 | 7.2 | 14.2* | 7.2* |
| ७ | निरपेक्ष गरिबी | प्रतिशत | 18.7 | 11 | 14.91 | 7.4 | 14.91* | 7.4* |
| ८ | साक्षरता (१५ वर्ष माथि) | प्रतिशत | 58 | 90 | 55.6 | 95 | 72.51 | 100 |
| ९ | बेरोजगार जनसंख्या | संख्या | - | - | - | - | 1418 | 0 |
| १० | स्वास्थ्यकर्मीबाट प्रसुति गराउने महिला | प्रतिशत | - | - | - | - | 95 | 100 |
| ११ | बाल कुपोषण दर | प्रतिशत | 27 | 15 | 29 | 17.3 | 29* | 17.3* |
| १२ | खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | 94 | 99 | 91.1 | 100 | 95 | 100 |
| १३ | पक्की शौचालयको सुविधा प्राप्त घरधुरी | प्रतिशत | - | - | - | - | 90 | 100 |
| १४ | विद्युत सेवामा पहुँच भएको जनसंख्या | संख्या | 90.7 | 99 | 80 | 96 | 85 | 100 |
| १५ | कृषियोग्य भूमि | प्रतिशत | - | - | - | - | 30.57 | 35 |
| १६ | सिंचित क्षेत्र | प्रतिशत | - | - | - | - | 40 | 80 |
| १७ | वन क्षेत्र | प्रतिशत | - | - | - | - | 51.39 | 55 |
| १८ | बालबालिकाको खोप कभरेज | प्रतिशत | - | - | - | - | | 100 |
| १९ | औषत आयु | वर्ष | 69.7 | 72 | 71.7 | 77 | 71.7* | 77* |
| २० | मानव विकास सूचकाङ्क | सूचकाङ्क | 0.57 | 0.62 | 0.59 | 0.65 | 0.59* | 0.65* |
| २१ | कालोपत्रे सडक | कि.मि. | - | - | - | - | 0.843 | 10 |

### ३.४ राजश्व प्रक्षेपण

तोकिएको समय सिमा भित्र समष्टिगत लक्ष्य, उद्देश्य र प्रतिफल प्राप्त गर्न गाउँपालिकाले आफ्नो आन्तरिक राजश्व तथा आयका साथै संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा भर पर्नुपर्ने हुन्छ । गाउँपालिकाले आगामी पाँच वर्षमा प्रक्षेपित राजश्वका आधारमा आवधिक योजनामा उल्लिखित प्रतिफल हाँसिल गर्न वार्षिक योजना र त्यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने हुन्छ । त्यसका लागि गाउँपालिकाले आन्तरिक श्रोतको खोजी र त्यसको परिचालन गर्नु पनि त्यतिकै आवश्यक हुन्छ ।

तालिकामा गाउँपालिकाको चालु आर्थिक वर्षको लागि विनियोजित बजेट र त्यसैको आधारमा आगामी ५ वर्षका लागि प्रक्षेपित राजश्व परिचालनको अवस्थालाई प्रस्तुत गरिएको छ । प्रक्षेपित राजश्व चालु आर्थिक वर्षमा परिचालित कुल राजश्वमा प्रति वर्ष १२ प्रतिशतले वृद्धि हुने अनुमानका आधारमा तयार पारिएको हो । आ. व. २०७७/७८ मा कुल रु. ३४,९८,७०,००० राजश्व परिचालन भएको थियो जसमध्ये पुँजीगत खर्चको शीर्षकमा रु. १५,२२,२१,००० भने चालु खर्चको शीर्षकमा रु. १९,७६,४९,००० भएको थियो । आगामी ५ वर्षमा गाउँपालिकाको कुल राजश्व परिचालन रु. २,४८,९३,९१,२०० हुने प्रक्षेपण गरिएको छ । कुल परिचालित राजश्वमध्ये चालु खर्चको शीर्षकमा रु. १,४०,६३,०९,९९० र पुँजीगत खर्चको शीर्षकमा रु. १,०८,३०,८१,६९० खर्च हुने देखिन्छ ।

| आ.व. | बजेट (रु. हजारमा) | | | कुल पुँजीगत बजेट (रु. हजारमा) | कुल चालु खर्च (रु. हजारमा) | कुल बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | | | |
| आ.व.०७७।७८ | 2000 | 314198.13 | 33671.87 | 152221 | 197649 | 349870 |
| आ.व.०७८।७९ | | | | 170488 | 221366.88 | 391854.4 |
| आ.व.०७९।८० | | | | 190946.02 | 247930.91 | 438876.93 |
| आ.व.०८०।८१ | | | | 213859.55 | 277682.61 | 491542.16 |
| आ.व.०८१।८२ | | | | 239522.70 | 311004.52 | 550527.22 |
| आ.व.०८२।८३ | | | | 268265.42 | 348325.07 | 616590.49 |

## परिच्छेद ४ : आर्थिक विकास

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, साना व्यापार, व्यवसाय, नोकरी, वनजन्य पदार्थ, खुद्रा बजार, साना होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । यस गाउँपालिकाको ३०.५७ प्रतिशत भूमि कृषिको लागि उपयोग भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, गाउँपालिकामा अन्य उद्योगधन्दाको भन्दा कृषि तथा पशुपालनमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकाको ठूलो क्षेत्रफल ओगटेको वनजङ्गल तथा जैविक विविधताले गाउँको विकासमा थप सम्भावना बोकेका छन् । मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस गाउँपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ । कृषि व्यवसाय, स-साना होटेलहरु, व्यापार, नोकरी, मील, पशुपालन आदि यस गाउँपालिकामा रहेका मुख्य व्यवसायहरु हुन् ।

### ४.१ कृषि

#### ४.१.१ पृष्ठभूमि

प्रायजसो जनसंख्या कृषि क्षेत्रमा आवद्ध भएको यस गाउँपालिकाको जिविकोपार्जनको मुख्य आधार कृषि हो । यहाँका प्रमुख हिउँदे बालीहरु कोदो, फापर, जौ, आलु, भटमास, तोरी, हिउँदे तरकारी, आलु, मसला बाली, केरा, सुन्तला, कागती, निबुवा आदि रहेका छन् भने प्रमुख वर्षे बालीहरु धान, मकै, कोदो, भटमास, मास, गहत, वर्षे तरकारी, आलु, अम्बा, केरा, मसला बाली, अदुवा आदि हुन् । यस्तै दलहन बालीमा मास, वोडी, केराउ उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, तिल, भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, वन्दा, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । बरेङ गाउँपालिकामा जम्मा गरेर २० वटा व्यवसायिक कृषि फर्महरु हाल दर्ता भई सञ्चालनमा रहेका छन् ।

गाउँपालिकामा परम्परागत रुपमा पालन गरिने मुख्य पशुपंक्षीहरुमा बाखा, भैंसी, गाई र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई, भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी विकास हुँदै गरेको छ । यस गाउँपालिकामा ३६ वटा बाखा फर्म, १५ वटा बंगुर फर्म, ११ वटा भैंसी फर्म, १६ वटा कुखुरा फर्म, २ वटा माछा फर्म, २ वटा मौरी फर्म र २ वटा भेंडा फर्म गरी जम्मा ८४ वटा व्यवसायिक पशुपालन फर्महरु हाल दर्ता भई सञ्चालनमा रहेका छन् । गाउँपालिकाका मुख्य पशु उत्पादनहरु वागलुङ, शान्तिपुर, पाल्पा, वुटवल, गुल्मी, गलकोट र पोखरासम्म निर्यात हुने गरेका छन् । यसैगरी गाउँपालिकामा आयात हुने मुख्य पशुपंक्षीमा ब्रोइलर कुखुराको बाहुल्यता रहेको छ ।

#### ४.१.२ समस्या

कृषि क्षेत्रमा दिगो सिंचाई परियोजनाको अभाव रहनु, खेतबारीमा जङ्गली जनावरले दुख दिनु, आवश्यक मलको व्यवस्थापन तथा उन्नत जातको बिउको अभाव हुनु, कृषि उत्पादनको बजार व्यवस्थापन र बजारिकरणको अभाव हुनु, कृषि उत्पादनको भण्डारीकरण गर्न चिस्यान केन्द्रहरु नहुनु, साथै परम्परागत कृषि प्रविधिको बरचश्व र आधुनिक कृषि प्रविधि, तथा औजारको अभाव हुनु, कृषि पेशामा रुची घटेर युवाहरु विदेश पलायन भएर उपयुक्त जनशक्तिको पनि कमी हुनु, पशुपालन आवद्ध किसानहरुलाई आवश्यक पशु चिकित्सकको कमी हुनु, चरिचरणका लागि पर्याप्त घाँसेमैदानको कमी हुनु, दुध उत्पादन संकलन केन्द, चिस्यान केन्द्र र पशु उत्पादन भन्डारण केन्द्रको अभाव हुनु, उन्नत नश्लका पशुपालन तथा प्रजनन् केन्द्रको अभाव हुनु, पशुपंक्षीपालनमा अत्याधुनिक प्रविधि र व्यवसायिकरणको अभाव हुनु आदि यस क्षेत्रको मुख्य समस्याहरु हुन् ।

#### ४.१.३ चुनौती र अवसर

**चुनौती**

कृषि क्षेत्रको आधुनिकिकरणका लागि आवश्यक दक्ष मानव संसाधन व्यवस्थापन गर्न, गाउँपालिकामा कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्न, कृषि उत्पादकत्वमा वृद्धि गर्न, बजार व्यवस्थापन

गर्न र कृषिलाई व्यवसायिक रुपमा स्थापित गर्न आवश्यक पूर्वाधार तथा सडक संरचनाको निर्माण गर्न, कृषियोग्य भूमि पूर्ण र वैज्ञानिक रुपमा प्रयोगमा ल्याउन, बढ्दो अव्यवस्थित वस्ती विकास, जग्गाको खण्डिकरण, घडेरीकरण र जग्गा बाँझो राख्ने प्रवृतिलाई रोक्न, व्यवसायिक पशुपंक्षीपालनको उचित विकास गर्न, पशुपालनका लागि पर्याप्त चरिचरण क्षेत्रको व्यवस्थापन गर्न, उत्पादकत्व वृद्धिका लागि उन्नत नश्लका पशुपालन तथा प्रजनन् केन्द्रको उचित व्यवस्थापन गर्न जस्ता मुख्य चुनौतीहरु छन् ।

**अवसर**

गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो मार्फत् सिंचाई गरी व्यवसायिक रुपमा खेती गर्न, आधुनिक कृषि व्यवसाय थालनी गर्दै गाउँपालिकामा रहेका कृषियोग्य जमिनमा व्यवसायिक रुपमा तरकारी तथा मसला र वनजङ्गल क्षेत्रमा जडिबुटी उत्पादन गर्न, साथै जनचेतना, सीप तथा व्यवसायिकरणको अभिवृद्धि गर्न, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि उत्पादनमा वृद्धि गर्न, गाउँपलिकामा रहेका परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय सन्तुलन कायम गर्न, उत्पादनको भण्डारीकरण गर्न कोल्ड स्टोरको स्थापना गर्न, गाउँपलिकाको वडा १ र २ मा सिलाम र अलैंचीको व्यवसायिक खेती गर्न, यसैगरी वडा ३ मा च्याउ र Citrus जातका फलफुलको व्यवसायिक खेती गर्न, वडा ३, ४ र ५ लाई मकैको पकेट क्षेत्रको रूपमा विकास गर्न, वडा १, ३ र ५ मा कृषि उत्पादन संकलन केन्द्रको निर्माण गर्न, दुग्ध उत्पादन तथा पशुपंक्षी उत्पादनको प्रशस्त सम्भावना हुनु, अत्याधुनिक प्रविधि र उन्नत जातका पशुपालन, पंक्षीपालन गरी उत्पादकत्व वृद्धि गर्न, दुध संकलन केन्द, चिस्यान केन्द्र, मासु र पशुपंक्षीपालन कोल्ड स्टोर आदि विकास गर्न, स्थानीय स्तरमा दुग्ध प्रशोधन उद्योग/डेरी स्थापना गरी दुधजन्य पदार्थको उत्पदान गर्न, गाउंपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य सम्भाव्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गर्न जस्ता अवसरहरु रहेका छन् ।

### ४.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

कृषिमा आधुनिकिकरण र व्यवसायिकरण, समृद्ध कृषि अर्थतन्त्रको निर्माण ।

**लक्ष्य**

आधुनिक, व्यवस्थित र व्यवसायिक कृषिको विकास गरेर आर्थिक समृद्धि तथा रोजगारी स्थापित गर्ने र खाद्यान्नमा आत्मनिर्भरताको प्रत्याभूति गराउने ।

**उद्देश्य**

१. आधुनिक, व्यवस्थित र व्यवसायिक कृषि प्रणाली लागु गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु ।
२. कृषि क्षेत्रलाई रोजगारोन्मुख बनाउँदै खाद्यान्नमा परनिर्भरता घटाउनु ।

### ४.१.५ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उद्देश्य १ आधुनिक, व्यवस्थित र व्यवसायिक कृषि प्रणाली लागु गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु । | |
| १.१ आधुनिक, व्यवस्थित र व्यवसायिक कृषि प्रणाली विकास गर्ने । | १.१.१ कृषि व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ । |
| | १.१.२ सिलाम र अलैंचीको व्यवसायिक खेती, च्याउ र Citrus जातका फलफुलको व्यवसायिक खेती तथा मकैको पकेट क्षेत्रको रूपमा विकास गरिनेछ । |
| | १.१.३ कृषि प्रोफाइल तयार गरिनेछ । |
| | १.१.४ मौसमी तरकारी उत्पादन गर्न गाउँपालिकाको कृषि क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी तरकारी खेतीको व्यवसायिक खेती गरिनेछ । |
| | १.१.५ कृषि उत्पादन संकलन केन्द्र निर्माण गरिनेछ । |
| | १.१.६ कृषि उपज बेच बिखन केन्द्र स्थापना र हाट बजार व्यवस्थित गरिनेछ । |
| | १.१.७ गाउँपालिकाको कृषि उत्पादनको भण्डारीकरण गर्न गाउँपालिकाभित्र उचित ठाउँको पहिचान गरी चिस्यान केन्द स्थापना गरिनेछ । |
| | १.१.८ आवधिक रुपमा माटो परीक्षण तथा शिविर सञ्चालन गर्ने नीति अवलम्वन |

| | |
|---|---|
| | गरिनेछ । |
| | १.१.९ ग्रिन हाउस निर्माणमा अनुदानको व्यवस्था गरिनेछ । |
| १.२ पशुपंक्षीपालनलाई व्यवस्थित गर्न संरचना र आधारहरुको सुनिश्चितता गर्ने । | १.२.१ गाउँपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल तथा एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिनेछ । |
| | १.२.२ एक वडा एक पशु प्राविधिकको नीति अवलम्बन गरि गाउँपालिकाबाट प्रवाह गरिने पशुपालन सेवाको पहुँच विस्तार गरिनेछ । |
| | १.२.३ पशुपंक्षी विशेष उत्पादन क्षेत्र तोकी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशुस्वास्थ्य, सुलभ ऋृण सहितको प्राविधिक सेवा प्रदान गरिनेछ । |
| उद्देश्य २ कृषि क्षेत्रलाई रोजगारोन्मुख बनाउँदै खाद्यान्नमा परनिर्भरता घटाउनु । | |
| २.१ रोजगारीको अवसर वृद्धि गर्दै खाद्य स्वच्छता कायम गर्ने । | २.१.१ कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र रोजगारमूलक रुपमा स्थापित गर्न आवश्यक सीप, तालिम र अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| | २.१.२ उन्नत जातको बिउबिजनको उपलब्धता सुनिश्चित गरेर उत्पादकत्वको वृद्धि गरिनेछ । |
| | २.१.३ थोरै क्षेत्रमा पनि धेरै उत्पादन हुने खालको बैज्ञानिक प्रविधिको थालनी गरी उच्च गुणस्तर भएको मलको प्रयोग गरेर उत्पादन बढाइनेछ । |
| | २.१.४ निजी क्षेत्रले कृषि फर्म सञ्चालन गर्न चाहेमा पूर्वाधारमा सहयोग गरिने र नीतिगत तथा व्यवासाय करमा सहुलियत उपलब्ध गरिनेछ । |
| | २.१.५ निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित सहकारी खेतीलाई प्राथमिकता दिई खाद्य सुरक्षाको सुनिश्चित गरिनेछ । |
| | २.१.६ कृषि पेशामा संलग्न कृषकहरुलाई प्रोत्साहित गर्न तथा सम्मानित बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.२ पशुपंक्षीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु । | २.२.१ पशुपंक्षीजन्य रोगहरुको परीक्षण तथा निदान गर्न आधारभूत पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला स्थापना प्रकृया अगाडी बढाईने छ । |
| | २.२.२ मासु, अण्डा तथा दुधजन्य उत्पादकत्वको सुरक्षण, भण्डारण गरी बाह्य बजारसम्मको पहुँच बढाउन सम्बन्धित सबै पक्षको सहभागितामा गाउँपालिका स्तरमै दुध चिस्यान केन्द्र स्थापना तथा सञ्चालन प्रकृया अगाडी बढाइनेछ । |
| | २.२.३ मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन गाउँपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु र थप केही अन्य सम्भाव्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरिनेछ । |
| | २.२.४ गाउँपालिकामा पशुपालनका उपयुक्त ठाँउहरुको सम्भाव्यता अध्ययन गरी पशुपालन पकेट क्षेत्रको रूपमा विकास गरिनेछ । |

### ४.१.६ कार्यक्रमको प्राथमिकता

१. कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्ने ।

२. कृषि उपज बेच बिखन केन्द्र स्थापना गर्ने ।

३. दुध चिस्यान केन्द्र स्थापना गर्ने ।

### ४.१.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | क | कृषि विकास नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | गापा |
| २ | | | १.१.२ | क | वडा १ र २ मा सिलाम र अलैंचीको व्यवसायिक खेती कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |
| ३ | | | | क | वडा ३ मा च्याउ र Citrus जातका फलफुलको व्यवसायिक खेती कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ४ | | | | ख | वडा ३, ४ र ५ लाई मकैको पकेट क्षेत्रको विकास कार्यक्रम | संख्या | | १ | १ | १ | | | ३ | ” |
| ५ | | | १.१.३ | क | कृषि प्रोफाइल तयार | संख्या | ० | १ | | | | | १ | ” |
| ६ | | | १.१.४ | क | कृषि क्षेत्रहरुको सम्भाव्यता अध्ययन | संख्या | ० | १ | | | | | १ | ” |
| ७ | | | १.१.५ | ख | वडा १, ३ र ५ मा कृषि उत्पादन संकलन केन्द्र निर्माण | संख्या | ० | १ | | १ | | १ | ३ | ” |
| ८ | | | १.१.६ | ख | कृषि उपज बेच बिखन केन्द्र निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ९ | | | १.१.७ | ग | चिस्यान केन्द निर्माण | संख्या | | १ | | | | | १ | ” |
| १० | | | १.१.८ | क | माटो परीक्षण तथा शिविर सञ्चालन नीति तर्जुमा | संख्या | ० | | १ | | | | १ | ” |
| ११ | | | १.१.९ | ख | ग्रिन हाउस निर्माणमा अनुदानको व्यवस्था | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| १२ | | १.२ | १.२.१ | क | पशुपंक्षी फर्म, मासु पसल तथा एग्रोभेट पसलहरु दर्ता र नियमन | प्रकृया | | निरन्तर | | | | | | ” |
| १३ | | | १.२.२ | क | एक वडा एक पशु प्राविधिकको नीति अवलम्बन | संख्या | ० | | १ | | | | १ | ” |
| १४ | | | १.२.३ | ख | उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशुस्वास्थ्य, सुलभ ऋृण सहितको प्राविधिक सेवा प्रदान | प्रतिशत | | निरन्तर | | | | | | ” |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | २ | २.१ | २.१.१ | क | कृषि सीप, तालिम, अनुदान र अभिवृद्धि कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |
| १६ | | | २.१.२ | क | उन्नत जातको बिउबिजन उपलब्धता कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |
| १७ | | | २.१.३ | ख | कृषि वैज्ञानिक प्रविधि नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| १८ | | | २.१.४ | क | कृषि फर्म सहुलियत कर उपलब्धता | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| १९ | | | २.१.५ | क | करार सम्झौतामा आधारित सहकारी खेती | संख्या | | निरन्तर | | | | | | ” |
| २० | | | २.१.६ | क | कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| २१ | | २.२ | २.२.१ | ख | आधारभूत पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला स्थापना | संख्या | ० | | १ | | | | १ | ” |
| २२ | | | २.२.२ | ख | दुध चिस्यान केन्द्र स्थापना | संख्या | ० | | १ | | | | १ | ” |
| २३ | | | २.२.३ | क | सम्भाव्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| २४ | | | २.२.४ | ख | उपयुक्त ठाँउहरुको सम्भाव्यता अध्ययन गरी पशुपालन पकेट क्षेत्रको रूपमा विकास | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |

### ४.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | आधुनिक, व्यवस्थित र व्यवसायिक कृषिको विकासबाट युवा वर्गको रोजगारको प्रमुख आकर्षणको रुपमा विकास भई खाद्य आत्मनिर्भरताको प्रत्याभूति भएको हुने | व्यवसायिक कृषि संलग्न घरधुरीमा वृद्धि | प्रतिशत | | | | | | | ५० | गापा | गापा | | ४ | २ | ३ |
| **असर १** | कृषि उत्पादकत्व वृद्धि भएको हुने | खाद्यान्न उत्पादन | मे.ट. | ६०० | ७०० | ८०० | ९०० | १००० | ११०० | ११०० | गापा | गापा | | ४ | २ | ३ |
| | | नगदेबाली उत्पादन | मे.ट. | ९०० | १२०० | १४०० | १६०० | १८०० | २००० | २००० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | कृषि व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था भएको हुने | कृषकमैत्री नीति, निर्देशिका | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | वडा १ र २ मा सिलाम र अलैंचीको व्यवसायिक खेती कार्यक्रम भएको हुने | खेती कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ४ | २ | ३ |
| | वडा ३ मा च्याउ र Citrus जातका फलफुलको व्यवसायिक खेती कार्यक्रम भएको हुने | खेती कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा ३, ४ र ५ लाई मकैको पकेट क्षेत्रको विकास कार्यक्रम भएको हुने | खेती कार्यक्रम | संख्या | | १ | १ | १ | | | ३ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.३** | कृषि प्रोफाइल तयार भएको हुने | कृषि प्रोफाइल | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.४** | कृषि क्षेत्रहरुको सम्भाव्यता अध्ययन भएको हुने | अध्ययन | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | वडा १, ३ र ५ मा कृषि उत्पादन संकलन केन्द्र निर्माण भएको हुने | संकलन केन्द्र | संख्या | ० | १ | | १ | | १ | ३ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | कृषि उपज बेच बिखन केन्द्र निर्माण भएको हुने | बेच बिखन केन्द्र | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | चिस्यान केन्द निर्माण भएको हुने | चिस्यान केन्द | संख्या | | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | माटो परीक्षण तथा शिविर सञ्चालन नीति तर्जुमा भएको हुने | नीति अवलम्बन | संख्या | ० | | १ | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.९** | ग्रिन हाउस निर्माणमा अनुदानको व्यवस्था भएको हुने | अनुदान | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१०** | पशुपंक्षी फर्म, मासु पसल तथा एग्रोभेट पसलहरु दर्ता र नियमन भएको हुने | फर्म दर्ता र नियमन | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.११** | एक वडा एक पशु प्राविधिकको नीति अवलम्बन भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.१२** | उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशुस्वास्थ्य, सुलभ ऋण सहितको प्राविधिक सेवा प्रदान भएको हुने | प्राविधिक सेवा | प्रतिशत | | निरन्तर | | | | | | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१३** | कृषि सीप, तालिम, अनुदान र अभिवृद्धि कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१४** | उन्नत जातको बिउबिजन उपलब्धता कार्यक्रम | बिउबिजन उपलब्धता कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१५** | कृषि वैज्ञानिक प्रविधि नीति तर्जुमा | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१६** | कृषि फर्म सहुलियत कर उपलब्धता | सहुलियत कर उपलब्धता | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१७** | कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम | सम्मान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१८** | आधारभूत पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला स्थापना | प्रयोगशाला स्थापना | संख्या | | | १ | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१९** | दुध चिस्यान केन्द्र स्थापना | दुध चिस्यान केन्द्र | संख्या | | | १ | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.२०** | सम्भाव्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय | माछापालन व्यवसाय | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.२१** | उपयुक्त ठाँउहरुको सम्भाव्यता अध्ययन गरी पशुपालन पकेट क्षेत्रको रूपमा विकास | पशुपालन पकेट क्षेत्र | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |

## ४.२ पर्यटन

### ४.२.१ पृष्ठभूमि
विशिष्ट भौगोलिक संरचनाले सिर्जना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण बरेङ गाउँपालिका एउटा पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित हुन प्रचुर सम्भावना बोकेको ठाउँ हो । बरेङ गाउँपालिका एक मध्य पहाडी श्रृङ्खलामा अवस्थित रमणीय स्थान मात्र नभएर यहाँको मौलिक मगर संस्कृति तथा सामाजिक, धार्मिक तथा जातीय विविधताले सिर्जना गरेको एक सुन्दर पर्यटक आकर्षणको केन्द्र पनि हो । यस बाहेक यहाँका प्राकृतिक सौन्दर्यले भरिपूर्ण तथा धार्मिक स्थलहरुको प्रचारप्रसारका साथै भौतिक प्रवर्द्धन गरी यातायातको राम्रो सुविधा प्रदान गर्न सके विकासमा थप टेवा पुग्न जाने निश्चित छ । रमणीय उच्च हिमश्रृंखलाहरु दृश्यावलोकन, अनवरत बग्ने कञ्चन नदीहरु, झरना, तालतलैया, प्राकृतिक विविधतायुक्त वन जङ्गल यहाँको प्राकृतिक नदीहरु र यहाँको संस्कृति, जाती तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । जिल्लाकै प्रमुख धार्मिक गन्तव्य मध्ये हिन्दु धर्मावलम्बीहरुको प्रख्यात साग्दी सत्यवती मन्दिर, अत्यन्त रमणीय उच्च हिमश्रृंखलाहरु दृश्यावलोकन गर्न सकिने कौडे डाँडा, मगर जातीको कला सँस्कृति र जीवनशैली झल्काउने सिग्दी होमस्टे, गाउँपालिकाकै प्राकृतिक तथा मनोरम पर्यटकीय स्थलहरु भैँसेखोला झरना, भातेपोखरा, आरुखर्क, भित्रिवन लगायतका सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा गाउँपालिकाको आर्थिक समृद्धिमा उल्लेखनीय योगदान पुग्न गई गाउँपालिकाको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ ।

### ४.२.२ समस्या
पर्यटन व्यवसायको यथेष्ट सम्भावना हुँदा हुँदै पनि बरेङ गाउँपालिकामा भएका पर्यटकीय स्थलहरुमा पूर्वाधार र संरक्षणको कमी रहनु, पर्यटकीय स्थलहरुको पर्याप्त रुपमा प्रचार प्रसारको कमी र पर्यटनका लागि आवश्यक भौतिक पूर्वाधारको ( बिशेष गरी सडक) असहजता हुनु, साथै थप पर्यटकीय क्षेत्रको पहिचान र विकास हुन नसक्नु, पर्यटन सेवा सुविधामा गुणस्तर र गुणात्मक कमी रहनु, धेरैजसो स्थानीयहरुमा पर्यटकीय चेतनाको कमी रहनु यस क्षेत्रका समस्याहरु हुन् ।

### ४.२.३ चुनौती र अवसर

#### चुनौती
पर्यटकीय विकासको लागि आवश्यक यातायात, सञ्चार र अन्य संरचनाहरुको विकास र व्यवस्थापन गर्न, उड्डयन सेवा तथा अन्य अत्याधुनिक सुविधाको पहुँच नपुगेको हुनाले पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र विकास गर्न, पर्यटकीय क्षेत्रको विकास, संरक्षण र प्रचार प्रसार गर्न आर्थिक जोहो गर्न, पर्यटकीय क्षेत्रलाई व्यवसायिकरण गर्न, साथै पर्यटनलाई रोजगारीको माध्यम बनाउन चुनौती रहेको छ ।

#### अवसर
आवश्यक पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रको पर्याप्त रुपमा प्रचार प्रसार गरेर बरेङ गाउँपालिकालाई पर्यटकीय हिसाबले अग्रणी स्थानमा पुऱ्याउन सकिने प्रचुर सम्भावना हुनु, आम मानिसहरुको पर्यटकीय चेतना अभिवृद्धि गर्न र पर्यटनलाई व्यवसायिकरण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न, मौलिक संस्कृति झल्किने खालको होमस्टे लगायतका पर्यटन उद्योगको विकास गर्न, संस्कृति र पर्यटनको क्षेत्रमा सम्भाव्यता अध्ययन, अनुसन्धान र अनवेषण कार्य गरी थप पर्यटकीय क्षेत्रको पहिचान र विकास गर्न, गाउँपालिकाका अन्य स्थानहरुको सम्भाव्यता अध्ययन गरी पर्यटकहरुलाई उत्साहित गर्ने खालका उपयुक्त प्रकारका नयाँ र साहसिक खेलहरुको स्थापना गर्न जस्ता अवसरहरु रहेका छन् ।

### ४.२.४ सोच, लक्ष्य र उद्देश्य

#### सोच
धार्मिक, साँस्कृतिक तथा पर्या-पर्यटनसहितको पूर्वाधार, दिगो पर्यटन विकासको आधार ।

#### लक्ष्य
दिगो पर्यटन विकासबाट रोजगारीमा वृद्धि गरी आर्थिक समृद्धि हाँसिल गर्ने ।

**उद्देश्य**

१. पर्यटकीय स्थानहरुको उचित व्यवस्थापन र प्रवर्द्धन गरी गाउँपालिकालाई पर्यटनको अग्रणी गन्तव्यका रूपमा स्थापित गर्नु ।
२. पर्यटनलाई गाउँपालिकाको रोजगारी र आर्थिक सुदृढिकरणको आधार बनाउनु ।

### ४.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ पर्यटकीय स्थानहरुको उचित व्यवस्थापन र प्रवर्द्धन गरी गाउँपालिकालाई पर्यटनको अग्रणी गन्तव्यका रूपमा स्थापित गर्नु । | |
| १.१ पर्यटकीय स्थानहरुको उचित व्यवस्थापन र प्रवर्द्धन गर्ने । | १.१.१ पर्यटन गुरुयोजना तयार गरिनेछ । |
| | १.१.२ गाउँपालिकाका सबै पर्यटकीय क्षेत्रलाई सडक सञ्जालले जोडिनेछ । |
| | १.१.३ गाउँपालिकाका पर्यटकीय स्थलहरुको प्रवर्द्धन गर्न प्रचुर रूपले प्रचार प्रसार गरिनेछ । |
| | १.१.४ गाउँपालिकाको वास्तविक चित्र चित्रण हुने गरी वृतचित्र निर्माण गरिनेछ । |
| | १.१.५ वार्षिक रुपमा बरेङ पर्यटन महोत्सव आयोजना गरिनेछ । |
| | १.१.६ वडा २ र ३ को सिमामा अवस्थित श्री साग्दी सत्यवती भगवती मन्दिरको विस्तृत परियोजना प्रतिवेदन अनुसार कार्य गरी अग्रणी धार्मिक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरिनेछ । |
| | १.१.७ वडा २ मा रहेको कौडे डाँडामा विस्तृत परियोजना प्रतिवेदन अनुसारको कार्यहरु गरी भ्यु टावरको निर्माण गरेर यस क्षेत्रको प्रमुख मनोरञ्जन पर्यटन स्थलको रूपमा स्थापित गरिनेछ । |
| | १.१.८ वडा २ मा सिग्दी होमस्टे र कौडेडाँडा जोड्ने निर्माणाधिन पदमार्ग सम्पन्न गरेर सिग्दी होमस्टेलाई गाउँपालिकाको कला, भाषा, भेषभुसा, साहित्य, संस्कृति आदि प्रवर्द्धन गर्ने गरी विकास गरिनेछ । |
| | १.१.९ गाउँपालिकाका भातेपोखरा, आरुखर्क, बास्नेटा देउराली, देउराली, सेन्था र कालिडाँडा लेकलाई मनोरम प्राकृतिक दृश्यावलोकनको पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरिनेछ । |
| | १.१.१० भैंसेखोला झरना, बास्नेटा देउराली, फापरखोरिया र ठुल्डाँडालाई पिक्निक स्पोटका रूपमा स्थापित गरिनेछ । |
| | १.१.११ गाउँपालिकामा साहसिक पर्यटनको सम्भावना बोकेका स्थलहरु पहिचान गरी साहसिक खेलहरुको थालनी गरिनेछ । |
| उद्देश्य २ पर्यटनलाई गाउँपालिकाको रोजगारी र आर्थिक सुदृढिकरणको आधार बनाउनु । | |
| २.१ पर्यटनलाई रोजगारी र आर्थिक सुदृढिकरणको आधार बनाउने । | २.१.१ कोरोनाको र अन्य कारण रोजगारी गुमेका, विदेशबाट फर्किएका युवाहरुलाई तथा पर्यटन क्षेत्रतर्फ रुची राख्नेहरुलाई पर्यटनसँग सम्बन्धित उचित प्रकारको तालिम तथा अनुदानको व्यवस्था गरिनेछ । |
| | २.१.२ पर्यटनलाई आर्थिक आर्जनको रूपमा विकास गर्न गाउँपालिकामा मुलभुत सुविधा सम्पन्न होटलहरु स्थापना गर्न प्रेरित गर्ने र आवश्यक ऋण उपलब्धतामा सहुलियत गरिनेछ । |
| | २.१.३ एक वडा एक होमस्टेको अवधारणा ल्याइनेछ । |
| | २.१.५ गाउँपालिकाको कुनै पर्यटकीय स्थललाई (धार्मिक पर्यटकीय स्थल बाहेक) निजी व्यक्ति वा संस्थालाई करार सम्झौतामा दिन सकिने प्रावदान विकास गरिनेछ । |

### ४.२.६ कार्यक्रमको प्राथमिकता

१. वडा २ र ३ को सिमामा अवस्थित श्री साग्दी सत्यवती भगवती मन्दिरको विस्तृत परियोजना प्रतिवेदन अनुसार कार्य गरी अग्रणी धार्मिक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने ।

२. गाउँपालिकाका सबै पर्यटकीय क्षेत्रलाई सडक सञ्जालले जोड्ने ।

३. गाउँपालिकाका भातेपोखरा, आरुखर्क, बास्नेटा देउराली, देउराली, सेन्था र कालिडाँडा लेकलाई मनोरम प्राकृतिक दृश्यावलोकनको पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने ।

### ४.२.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | पर्यटन गुरुयोजना तयार | संख्या | ० | | १ | | | | १ | गापा |
| २ | | | १.१.२ | ख | सबै पर्यटकीय क्षेत्रसम्म सडक सञ्जाल | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| ३ | | | १.१.३ | क | पर्यटकीय स्थलहरुको प्रचारप्रसार कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ४ | | | १.१.४ | क | गाउँपालिकाको वास्तविक चित्र चित्रण हुने गरी वृतचित्र निर्माण | संख्या | ० | १ | | | | | १ | ” |
| ५ | | | १.१.५ | ख | वार्षिक रुपमा बरेङ पर्यटन महोत्सव आयोजना | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| ६ | | | १.१.६ | क | श्री साग्दी सत्यवती भगवती मन्दिरको विस्तृत परियोजना प्रतिवेदन अनुसार कार्यसम्पन्न | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| ७ | | | १.१.७ | क | कौडे डाँडामा विस्तृत परियोजना प्रतिवेदन अनुसार भ्यु टावरको निर्माण | संख्या | ० | १ | | | | | १ | ” |
| ८ | | | १.१.८ | ख | सिग्दी होमस्टे र कौडेडाँडा जोड्ने निर्माणाधिन पदमार्ग सम्पन्न | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | ” |
| ९ | | | १.१.९ | क | भातेपोखरा, आरुखर्क, बास्नेटा देउराली, देउराली, सेन्था र कालिडाँडा लेकलाई मनोरम प्राकृतिक दृश्यावलोकनको पर्यटकीय गन्तव्यका रूपमा स्थापना | संख्या | ० | १ | १ | १ | १ | २ | ६ | ” |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | | | १.१.१० | क | भैंसेखोला झरना, बास्नेटा देउराली, फापरखोरिया र ठुल्डाँडालाई पिक्निक स्पोटका रूपमा स्थापना | संख्या | ० | १ | १ | १ | १ | | ४ | " |
| ११ | | | १.१.११ | क | साहसिक खेलहरुको सम्भाव्यता अध्ययन र थालनी | संख्या | ० | | १ | | | | १ | " |
| १२ | २ | २.१ | २.१.१ | क | पर्यटनसँग सम्बन्धित तालिम तथा अनुदान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| १३ | | | २.१.२ | क | गाउँपालिकामा मुलभुत सुविधा सम्पन्न होटेलहरु स्थापना र सहुलियत ऋण उपलब्धता | संख्या | | निरन्तर | | | | | | " |
| १४ | | | २.१.३ | ख | एक वडा एक होमस्टे कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | " |
| १५ | | | २.१.५ | क | पर्यटकीय स्थल करार सम्झौता | प्रकृया | | निरन्तर | | | | | | " |

### ४.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | धार्मिक, सांकृतिक, पर्या तथा कृषिपर्यटन स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा विकास भएको हुने | व्यवस्थित पर्यटकीय स्थान | संख्या | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ४ | २ | ३ |
| | | व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | | १ | १ | १ | १ | १० | ५ | गापा | गापा | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर १** | पर्यटन विकासका लागि आधारभूत पूर्वाधार तयार भएको हुने | पूर्वाधार निर्माण | प्रतिशत | | १० | १० | १० | १० | १० | ५० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | पर्यटन गुरुयोजना तयार भएको हुने | पर्यटन गुरुयोजना | संख्या | ० | | १ | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | सबै पर्यटकीय क्षेत्रसम्म सडक सञ्जाल भएको हुने | सडक सञ्जाल | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.३** | पर्यटकीय स्थलहरुको प्रचारप्रसार कार्यक्रम भएको हुने | प्रचारप्रसार कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.४** | गाउँपालिकाको वास्तविक चित्र चित्रण हुने गरी वृतचित्र निर्माण भएको हुने | वृतचित्र निर्माण | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | वार्षिक रुपमा बरेङ पर्यटन महोत्सव आयोजना भएको हुने | पर्यटन महोत्सव | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | श्री साग्दी सत्यवती भगवती मन्दिरको विस्तृत परियोजना प्रतिवेदन अनुसार कार्यसम्पन्न भएको हुने | भगवती मन्दिरको विस्तृत परियोजना | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | कौडे डाँडामा विस्तृत परियोजना प्रतिवेदन अनुसार भ्यु टावरको निर्माण भएको हुने | भ्यु टावर | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | सिग्दी होमस्टे र कौडेडाँडा जोड्ने निर्माणाधिन पदमार्ग सम्पन्न भएको | पदमार्ग | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | गापा | गापा | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हुने | | | | | | | | | | | | | | | |
| **प्रतिफल १.९** | भातेपोखरा, आरुखर्क, बास्नेटा देउराली, देउराली, सेन्था र कालिडाँडा लेकलाई मनोरम प्राकृतिक दृश्यावलोकनको पर्यटकीय गन्तव्यका रूपमा स्थापना भएको हुने | पर्यटन पूर्वाधार | संख्या | ० | १ | १ | १ | १ | २ | ६ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१०** | भैंसेखोला झरना, बास्नेटा देउराली, फापरखोरिया र ठुल्डाँडालाई पिक्निक स्पोटका रूपमा स्थापना भएको हुने | पिक्निक स्पोट | संख्या | ० | १ | १ | १ | १ | | ४ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.११** | साहसिक खेलहरुको सम्भाव्यता अध्ययन र थालनी भएको हुने | अध्ययन | संख्या | ० | | १ | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१२** | पर्यटनसँग सम्बन्धित तालिम तथा अनुदान कार्यक्रम भएको हुने | तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१३** | गाउँपालिकामा मुलभुत सुविधा सम्पन्न होटेलहरु स्थापना र सहुलियत ऋण उपलब्धता भएको हुने | होटेल स्थापना | संख्या | | निरन्तर | | | | | | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१४** | एक वडा एक होमस्टे कार्यक्रम भएको हुने | होमस्टे कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१५** | पर्यटकीय स्थलहरुको विकास करार सम्झौता भएको हुने | करार सम्झौता | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ४ | २ | ३ |

## ४.३ उद्योग तथा व्यवसाय

### ४.३.१ पृष्ठभूमि

बरेङ गाउँपालिकामा हालसम्म ठूला उद्योग र कारखानाहरु छैनन् भने केही मात्रामा लघु तथा घरेलु उद्योग, साना मिल लगायत फर्निचर उद्योगहरु रहेका छन् । यस गाउँपालिकाको न्यून जनसख्या मात्र उद्योग तथा व्यापार व्यवसायमा आबद्ध छन् । उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न श्रोत र साधनले उद्योगको संभावना प्रखर देखिन्छ तर लगानी अभाव तथा विभिन्न पूर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन । यहाँ ग्रील, व्लक, काष्ठ, आरन, फर्निचर, राइस मिल, होटल, वर्कसप, खुद्रा तथा किराना व्यवसाय, पाउरोटी उद्योग, कपडा पसल, चप्पल कारखाना जस्ता साना उद्योग एवं व्यवसायहरु छन् । यहाँ सञ्चालित साना उद्योगहरुले यस गाउँपालिका लगायत आसपासका क्षेत्रहरुको सीमित स्थानीय आवश्यकता परिपूर्ति गरेका छन् । गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य गाउँपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

### ४.३.२ समस्या

गाउँपालिका भित्र यातायात र अन्य संरचना सहज नहुनु, प्रत्येक औद्योगिक क्षेत्रहरुमा परम्परागत शैलीमा उत्पादन हुनु, उद्योग सञ्चालनमा नियमित विद्युतको समस्या हुनु, बजार व्यवस्थापन नहुनु र बजारीकरणको अभाव हुनु, कच्चा पदार्थ आपूर्ति गर्न सरल नहुनु, समुदायमा औद्योगिक अवधारणा र चेतनाको अभाव हुनु जस्ता समस्याहरु रहेका छन् ।

### ४.३.३ चुनौती र अवसर

**चुनौती**

नियमित विद्युत आपुर्ति गर्न, कच्चा पदार्थ आपूर्ति गर्न संरचना निर्माण गर्न, बजार व्यवस्थापन र बजारीकरणको समस्या हटाउन, समुदायमा सङ्किर्ण सोच त्यागेर औद्योगिक अवधारणा र चेतनाको विकास गर्न, औद्योगिक क्षेत्रमा स्थानीय सामाग्री र श्रोत साधनको प्रयोग हुने उद्योग स्थापनाका गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

स्थानीय सामाग्री र श्रोत साधनको उचित ढंगले आपूर्ति गर्न सहज हुने प्रावधान ल्याउन, प्रदेश सरकारसँगको सहकार्यमा औद्योगिक ग्राम स्थापना गर्न, औद्योगिक चेतनामूलक कार्यक्रम र बजारीकरणको व्यवस्थापन गर्न, उद्योग स्थापनामा अनुदानका क्रियाकलापहरू सञ्चालनमा हुनु, जडिबुटीजन्य उद्योगको सम्भावना रहनु, गाउँपालिकाको लगानीमैत्री नीति हुनु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्तिको वृद्धि हुनु जस्ता अवसरहरु रहेका छन् ।

### ४.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

उद्योग, व्यवसाय र व्यापार; आर्थिक समृद्धिको आधार ।

**लक्ष्य**

स्थानीय श्रोत साधनको उपभोग हुने उद्योग र व्यवसायको विकास गरी उत्पादन वृद्धि र आर्थिक समृद्धि हासिल गर्ने ।

**उद्देश्य**

१. स्थानीय श्रोत साधनको उपभोग हुने उद्योगहरूको स्थापना गरी उत्पादनमा वृद्धि गरेर गाउँपालिकाको ग्राहस्थ उत्पादन बढाउनु ।

२. उद्यमको प्रवर्द्धन गरी रोजगारीको अवसर सिर्जना गर्नु ।

### ४.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ स्थानीय श्रोत साधनको उपभोग हुने उद्योगहरूको स्थापना गरी उत्पादनमा वृद्धि गरेर गाउँपालिकाको ग्राहस्थ उत्पादन बढाउनु । | |
| १.१ साना तथा घरेलु उद्योगहरु सञ्चालन र प्रवर्द्धन गर्ने । | १.१.१ गाउँपालिकामा उपयुक्त स्थान छनोट गरेर उद्योगग्राम स्थापना गरिनेछ । |
| | १.१.२ गाउँपालिकामा उद्योग विकासको सरलिकरण र मार्गनिर्देशनको लागि औद्योगिक नीति तर्जुमा गरिनेछ । |
| | १.१.३ स्थानीय श्रोत साधन एवं सीपको उपयोग हुने गरी लघु, घरेलु, साना, तथा मझौला उद्योग स्थापना र सञ्चालन गरिनेछ । |
| | १.१.४ क्रसर उद्योग, वेकरी उद्योग, फर्निचर उद्योग, जडिबुटी प्रशोधन केन्द्र स्थापना लगायत जिर्ण भएर बन्द अवस्थामा रहेको हातेकागज उद्योगलाई पुनः स्थापना गरिनेछ । |
| | १.१.५ वन पैदावार र कृषिमा आधारित उद्योगहरू स्थापनामा जोड दिइनेछ । |
| | १.१.६ उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ । |
| उद्देश्य २ उद्यमको प्रवर्द्धन गरी रोजगारीको अवसर सिर्जना गर्नु । | |
| २.१ उद्योगद्वारा रोजगारी बढाउनु र गरिबी न्यूनिकरण गर्नु । | २.१.१ विभिन्न कारणले रोजगारी गुमेका, विदेशबाट फर्किएका युवाहरुलाई तथा उद्यमी बन्ने चाह राख्नेहरुलाई उचित प्रकारको तालिम, सीप तथा अभिमुखीकरण कार्यक्रमको व्यवस्था गरिनेछ । |
| | २.१.२ उद्योग निर्माणका लागि गाउँपालिकाको पहलमा न्युन व्याजदरमा सहुलियत ऋणको व्यवस्था गरिनेछ । |
| | २.१.३ एक गाउँ एक लघु उद्योग अवधारणा ल्याइनेछ । |
| | २.१.४ गाउँपालिकालाई धेरै कर तिर्ने र उद्योगद्वारा धेरै रोजगारी सिर्जना गर्ने उद्यमीलाई सम्मानित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |

### ४.३.६ कार्यक्रमको प्राथमिकता

१. व्यवस्थित वातावरणमैत्री उद्योगग्रामको स्थापना गर्ने ।

२. वन पैदावार र कृषिमा आधारित उद्योगहरू स्थापनामा जोड दिने ।

३. एक गाउँ एक लघु उद्योग अवधारणा ल्याउने ।

### ४.३.७ विस्तृत कार्यक्रम

| क्र.स | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ख | उद्योगग्राम निर्माण | संख्या | ० | | १ | | | | १ | गापा |
| २ | | | १.१.२ | क | औद्योगिक नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| ३ | | | १.१.३ | क | लघु, घरेलु, साना, तथा मझौला उद्योग स्थापना र सञ्चालन | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |
| ४ | | | १.१.४ | ख | दाउन्ने सिरानी पुछारमा क्रसर उद्योग स्थापना | संख्या | ० | | १ | | | | १ | ” |
| ५ | | | | क | वडा ३ मा फर्निचर उद्योग स्थापना | संख्या | | १ | | | | | १ | ” |
| ६ | | | | क | वडा १ र ४ मा वेकरी उद्योग स्थापना | संख्या | १ | १ | १ | | | | ३ | ” |
| ७ | | | | क | वडा ५ मा जडिबुटी प्रशोधन केन्द्र स्थापना | संख्या | ० | | १ | | | | १ | ” |
| ८ | | | | क | वडा ५ मा जिर्ण भएर बन्द भएको हातेकागज उद्योग पुनः स्थापना | संख्या | | १ | | | | | १ | ” |
| ९ | | | १.१.५ | क | वन पैदावार र कृषिमा आधारित उद्योगहरूको स्थापना | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |
| १० | | | १.१.६ | क | गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्र विकास | संख्या | | १ | | | | | १ | ” |
| ११ | २ | २.१ | २.१.१ | क | उद्यमी तालिम, सीप तथा अभिमुखीकरण कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| १२ | | | २.१.२ | क | उद्योग निर्माणमा सहुलियत ऋण उपलब्धता | संख्या | | निरन्तर | | | | | | ” |
| १३ | | | २.१.३ | ख | एक गाउँ एक लघु उद्योग कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| १४ | | | २.१.४ | क | उद्यमी प्रोत्साहन तथा सम्मान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |

### ४.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | स्थानीय श्रोत, साधन एवं श्रम सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गरी स्वरोजगारका अवसर सिर्जना भएको हुने | २५ लाख सम्मका उद्योग | संख्या | | २ | २ | २ | २ | २ | १० | गा.पा. | गा.पा | | ४ | २ | ३ |
| | | २५ लाख देखि ५० लाख सम्मका | संख्या | | १ | १ | १ | १ | १ | ५ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **असर १** | ग्रामीण पहिचान युक्त औद्योगिक उत्पादनबाट स्थानीय स्तरमा रोजगारीको अवस्था सिर्जना गर्ने | रोजगारी | प्रतिशत | | | | | | | १०० | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | उद्योगग्राम निर्माण भएको हुने | उद्योगग्राम | संख्या | ० | | १ | | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | औद्योगिक नीति तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.३** | लघु, घरेलु, साना, तथा मझौला उद्योग स्थापना र सञ्चालन भएको हुन | उद्योग स्थापना | संख्या | | २ | २ | २ | २ | २ | १० | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.४** | दाउन्ने सिरानी पुछारमा क्रसर उद्योग स्थापना भएको हुने | क्रसर उद्योग | संख्या | ० | | १ | | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा ३ मा फर्निचर उद्योग स्थापना भएको हुने | फर्निचर उद्योग | संख्या | | १ | | | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| | वडा १ र ४ मा वेकरी उद्योग स्थापना भएको हुने | वेकरी उद्योग | संख्या | १ | १ | १ | | | | ३ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| | वडा ५ मा जडिबुटी प्रशोधन केन्द्र स्थापना | जडिबुटी प्रशोधन केन्द्र | संख्या | ० | | १ | | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| | वडा ५ मा जिर्ण भएर बन्द भएको हातेकागज उद्योग पुनः स्थापना | हातेकागज उद्योग पुनः स्थापना | संख्या | | १ | | | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | वन पैदावार र कृषिमा आधारित उद्योगहरू स्थापना | उद्योग स्थापना | संख्या | | २ | २ | २ | २ | २ | १० | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्र विकास | संस्थागत संयन्त्र विकास | संख्या | | १ | | | | | १ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | उद्यमी तालिम, सीप तथा अभिमुखीकरण कार्यक्रम | अभिमुखीकरण कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | उद्योग निर्माणमा सहुलियत ऋण उपलब्धता | सहुलियत ऋण उपलब्धता | संख्या | | निरन्तर | | | | | | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.९** | एक गाउँ एक लघु उद्योग कार्यक्रम | लघु उद्योग | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गा.पा | गा.पा | | ४ | २ | ३ |
| **प्रतिफल १.१०** | उद्यमी प्रोत्साहन तथा सम्मान कार्यक्रम | सम्मान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गा.पा | गा.पा | | ४ | २ | ३ |

## ४.४ सहकारी तथा वित्तीय क्षेत्र

### ४.४.१ पृष्ठभूमि

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । गाउँपालिकामा बैंकिङ कारोबारको लागि वडा २ मा एउटा "क" वर्गको प्रभु बैंक लिमिटेड सञ्चालनमा रहेको छ । वडा ४ र ५ का बासिन्दालाई बैंकिङ सुविधाका लागि वडा २ सम्म आउन कठिन र समय पनि बढी लाग्ने भएकाले पायक स्थल गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिकाबाट बैंकिङ सुविधा लिइरहेको अवस्था छ । बरेङ गाउँपालिकामा हाल एउटा "क" वर्गको बैंक र ११ वटा सहकारी संस्था गरी जम्मा १२ वटा वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् ।

### ४.४.२ समस्या

गाउँपालिकामा पर्याप्त मात्रामा वित्तीय संस्थाहरु नहुनु, कर्जाको उपलब्धता र पहुँचमा कमी हुनु, समुहहरुमा संकलित बचतको उचित परिचालन नहुनु, सहकारी क्षेत्रको संरचनात्मक र संगठनात्मक व्यवस्था अपर्याप्त एवं अप्रभावकारी रहनु, सहकारीको प्रवर्द्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास नहुनु, समुदायमा वित्तीय चेतनाको कमी हुनु जस्ता समस्याहरु छन् ।

### ४.४.३ चुनौती र अवसर

**चुनौती**

वैंक तथा वित्तीय संस्थामा स्थानीयको पहुँच वढाउन, वित्तीय सेवा तथा सहकारी व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्न, सहकारी तथा वित्तीय संस्थाको महत्व तथा उपयोगिता सम्वन्धमा जानकारी गराउन, सहकारी तथा वित्तीय संस्थालाई आय आर्जन तथा रोजगारीका अवसरसँग आवद्ध गर्न, सहकारी तथा वित्तीय संस्थाहरुलाई उत्पादन क्षेत्र तर्फ उन्मुख गराउन, सहकारी संस्थाहरूको नियमित नियमन तथा अनुगमन गर्न, अन्तर सहकारी समन्वय गर्न, कर्जामा सहज पहुँच स्थापना गर्न आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

कृषि, ऊर्जा र पूर्वाधार जस्ता क्षेत्रमा बैंकको लगानीलाई प्रोत्साहन गर्न, सहकारीको माध्यमबाट छरिएर रहेको पुँजी एकतृत गर्न, सामुहिक खेती, सामुहिक व्यापार, सामुहिक उद्योग एवं सेवामा सहज हुनु, सहकारी क्षेत्रमा महिलाको सहभागिता वृद्धि हुँदै जानु, स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म सहकारीका सञ्जाल विस्तार हुनु, सहकारीहरु स्थानीय सरकारको क्षेत्राधिकारमा पर्नु, सहकारी तथा वित्तीय क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्न केन्द्रिय, प्रादेशिक र स्थानीय सरकार प्रतिबद्ध रहँदै नीतिहरू बन्नु, सामाजिक सुरक्षा भत्तालाई वैंकिङ प्रणालीबाट वितरणको नीति रहनु, वाली, पशुपंक्षी, स्वास्थ्य, यातायात लगायत विभिन्न किसिमका बिमा योजनाहरुसँग आबद्ध गराउने नीति रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

स्थानीय पुँजी परिचालनमार्फत् आर्थिक वृद्धिमा योगदान ।

**लक्ष्य**

चुस्त र व्यवस्थित वित्तीय क्षेत्रद्वारा आर्थिक विकासमा टेवा पुऱ्याउने ।

**उद्देश्य**

१. वित्तीय क्षेत्रलाई व्यवस्थित बनाई आर्थिक वृद्धि गर्नु ।
२. गाउँपालिकाका सबै वर्गमा वित्तीय चेतना विकास गरी पहुँच वृद्धि गर्नु ।

४.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ वित्तीय क्षेत्रलाई व्यवस्थित बनाई आर्थिक वृद्धि गर्नु । | |
| १.१ वित्तीय क्षेत्रको व्यवस्थापन र सुदृढिकरण गर्ने । | १.१.१ सहकारी सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्ड तर्जुमा गरिनेछ । |
| | १.१.२ गुणस्तरीय बैंकहरु स्थानीय स्तरमा स्थापना गर्न पहल तथा समन्वय गरिनेछ । |
| | १.१.३ वित्तीय सेवा तथा सहकारी व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रमहरु गरिनेछ । |
| १.२ वित्तीय क्षेत्र मार्फत आर्थिक विकासलाई टेवा पुऱ्याउने । | १.२.१ कृषि, ऊर्जा र पूर्वाधार जस्ता क्षेत्रमा बैंक लगानीलाई प्रोत्साहित गरिनेछ । |
| | १.२.२ वित्तीय क्षेत्रबाट वा क्षेत्र मार्फत सञ्चालन गर्ने सकिने उद्योग व्यवसायको परिचान गरी अन्तर वित्तीय, वित्तीय-निजी र वित्तीय-गाउँपालिका बीच समझदारी प्रवर्द्धन गरी उत्पादन र रोजगारी प्रवर्द्धन गरिनेछ । |
| उद्देश्य २ गाउँपालिकाका सबै वर्गमा वित्तीय चेतना विकास गरी पहुँच वृद्धि गर्नु । | |
| २.१ वित्तीय क्षेत्रलाई समावेशी बनाई गाउँपालिकाका हरेक वर्गमा वित्तीय चेतना विकास गर्ने । | २.१.१ एक घर एक बैंक खाता कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.२ बचत गर्ने बानी र उत्पादनमूलक कार्यमा बचत परिचालनका लागि जनचेतनामूलक तथा मौलिक कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| | २.१.३ बेरोजगार र आर्थिक सामाजिक रुपले विपन्न वर्गलाई लक्षित गरी वित्तीय संस्था मार्फत पुँजी, सीप, श्रम परिचालन गरी उद्यमशिलता, उत्पादन र स्वरोजगार एवं रोजगार प्रवर्द्धन गरिनेछ । |

**४.४.६ कार्यकमको प्राथमिकता**

१. एक घर एक बैंक खाता कार्यक्रम सञ्चालन गर्ने ।

२. गुणस्तरीय बैंकहरु स्थानीय स्तरमा स्थापना गर्न पहल तथा समन्वय गर्ने ।

३. कृषि, ऊर्जा र पूर्वाधारजस्ता क्षेत्रमा बैंक लगानीलाई प्रोत्साहित गर्ने ।

### ४.४.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | सहकारी सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्ड तर्जुमा | संख्या | ० | १ | | | | | १ | गापा |
| २ | | | १.१.२ | क | बैंकहरु स्थानीय स्तरमा आकर्षणका लागि पहल तथा समन्वय कार्यक्रम | संख्या | | निरन्तर | | | | | | ” |
| ३ | | | १.१.३ | क | वित्तीय सेवा तथा सहकारी व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ४ | | १.२ | १.२.१ | क | कृषि, ऊर्जा र पूर्वाधारजस्ता क्षेत्रमा बैंक लगानी प्रोत्साहन कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ५ | | | १.२.२ | क | वित्तीय क्षेत्रमार्फत सञ्चालन गर्ने सकिने उद्योग व्यवसायको समभ्रदारी प्रवर्द्धन कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ६ | २ | २.१ | २.१.१ | क | एक घर एक बैंक खाता कार्यक्रम | संख्या | ० | निरन्तर | | | | | | ” |
| ७ | | | २.१.२ | क | उत्पादनमूलक कार्यमा बचत परिचालनका लागि जनचेतनामूलक तथा मौलिक कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ८ | | | २.१.३ | क | बेरोजगार र विपन्न वर्गलाई लक्षित उद्यमशिलता, उत्पादन र स्वरोजगार एवं रोजगार प्रवर्द्धन कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |

### ४.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | ढिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | स्थानीय, श्रम, सीप, पुँजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालन मार्फत् उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि भई आयातमा न्यूनिकरण भएको हुने | उत्पादन क्षेत्रमा सहकारीको लगानी | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | ४ | २ | ३ |
| | | खाद्यान्नको उत्पादकत्वमा गुणस्तरीय वृद्धि | मे.ट. | ६०० | ७०० | ८०० | ९०० | १००० | ११०० | ११०० | गापा | गापा | | ४ | २ | ३ |
| | | खाद्यवस्तुको आयात | मे.ट. | | | | | | | ० | गापा | गापा | | ४ | २ | ३ |
| **असर १** | सहकारी क्षेत्रमा सुशासन कायम भएको हुने | सहकारीको अनुगमन नियमन | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.१** | सहकारी सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्ड तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.२** | बैंकहरु स्थानीय स्तरमा आकर्षणका लागि पहल तथा समन्वय कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | | निरन्तर | | | | | | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल** | वित्तीय सेवा तथा | कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१.३** | सहकारी व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम भएको हुने | | | | | | | | | | | | | | | |
| **प्रतिफल १.४** | कृषि, ऊर्जा र पूर्वाधारजस्ता क्षेत्रमा बैंक लगानी प्रोत्साहन कार्यक्रम भएको हुने | कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.५** | वित्तीय क्षेत्रमार्फत सञ्चालन गर्न सकिने उद्योग व्यवसायको समझदारी प्रवर्द्धन कार्यक्रम भएको हुने | कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.६** | एक घर एक बैंक खाता कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | ० | निरन्तर | | | | | | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.७** | उत्पादनमूलक कार्यमा बचत परिचालनका लागि जनचेतनामूलक तथा मौलिक कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ३ |
| **प्रतिफल १.८** | बेरोजगार र विपन्न वर्गलाई लक्षित उद्यमशिलता, उत्पादन र स्वरोजगार एवं रोजगार प्रवर्द्धन कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ४ | २ | ३ |

# परिच्छेद ५ : सामाजिक विकास

सहस्राब्दी विकास लक्ष्यहरुको सापेक्षिक सफलतामा आधारित रहेर दिगो विकासका लक्ष्यहरुलाई सन् २०३० सम्ममा अवलम्बन गर्न नेपाल प्रतिबद्ध रहेको छ । जनताको शिक्षा, स्वास्थ्य र समावेशीकरण जस्ता सवालहरुलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गर्दै माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वा पारिएको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरु तयार भईसकेका छन् । सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । वर्तमान १५ औं राष्ट्रिय योजना र गण्डकी प्रदेशको पहिलो पञ्चवर्षिय योजनाले उपरोक्त विषयलाई समेत उच्च प्राथमिकतामा राखेको छ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न प्रदेश सरकार, संघीय सरकार र विकास साझेदारहरु स्थानीय संघ संस्थाहरुको सहकार्य र समन्वयमा स्थानीय सरकारले सकारात्मक प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ ।

बरेङ गाउँपालिकाको समृद्धि र सामाजिक रुपान्तरणका लागि सक्षम तथा क्रियाशील जनशक्ति उत्पादन गरी यथोचित अवसरहरु उपलब्ध गराउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा देखिएका सम्भावना र अवसरहरु, समस्या तथा चुनौतीहरु र आगामी दिनहरुमा गरिने प्रयासहरु सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकाको साक्षरता दर ७२.५१ प्रतिशतमध्ये पुरुषको साक्षरता दर ८१.२६ प्रतिशत र महिलाको साक्षरता दर ६६.३१ प्रतिशत रहेको छ । गाउँपालिकामा पठनपाठनका लागि आधारभूत विद्यालय २८ र माध्यामिक विद्यालय ८ गरी जम्मा ३६ वटा विद्यालयहरु रहेका छन् । उच्च शिक्षाको लागि वडा नं. २ बरेङ स्थित सर्वोदय क्याम्पस रहेको छ, जहाँ शिक्षा संकायमा स्नातक तहसम्मको पठनपाठन हुने गर्दछ । साथै यहाँ २८ वटा बाल विकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्तिमध्ये करिब ४१ प्रतिशत प्राथमिक तह, २२ प्रतिशत नि.मा.वि. तह, ११ प्रतिशत मा.वि. तह, ९ प्रतिशत एस.ई.ई. तह, ३ प्रतिशत प्रमाणपत्र तह, १ प्रतिशत स्नातक तह,०.२ प्रतिशत स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ ।

### ५.१.२ समस्या

दलित र उत्पीडित वर्गका विद्यार्थीहरुको भर्नादर न्यून हुनु र शिक्षित हुने अवसर घट्दै जानु, विशेष लक्षित/सिमान्तकृत समुहका बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्च्ति गर्न नसक्नु, केहि विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु जसका कारण भवन तथा भौतिक संरचनाहरुको कमी हुनु र व्यवस्थित पनि नहुनु, शिक्षक दरबन्दी कम हुनु तथा गुणस्तरीय जनशक्तीको कमी हुनु, आधुनिक प्रविधि, व्यवहारिक शिक्षा र प्राविधिक शिक्षाको अभाव हुनु, केही विद्यालयमा विद्यार्थीहरुको अभाव भएको, विद्यालयहरुमा सूचना प्रविधिको कमी हुनु, अभिभावकहरूमा शिक्षाको महत्वबारे चेतनामा कमी रहेको, बालबालिकालाई विद्यालय प्रति आकर्षण गर्ने कार्यक्रमको कमी, प्राविधिक, सीप विकास एंव व्यवसायिक शिक्षालाई मुल धारको रुपमा विकास गर्न नसक्नु जस्ता समस्याहरु रहेका छन् ।

### ५.१.३ चुनौती र अवसर

#### चुनौती

विशेष गरी उत्पीडित समुदायमा शैक्षिक चेतना वृद्धि गर्न, विद्यालयमा उचित संरचना र सामाग्रीको उपलब्धता र निर्माण गर्न, गुणस्तरीय जनशक्ती र शिक्षक दरबन्दी परिपुर्ती गर्न, विद्यालयहरुमा सूचना प्रविधि, प्राविधिक र व्यवहारिक शिक्षाको विकास गर्न, विद्यार्थीहरुको घट्दो संख्या र भौगोलिक अवस्था मध्यनजर गर्दै विद्यालयहरु समायोजन गर्न, विषयगत एवं क्षेत्रगत रुपमा सबै विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न, शैक्षिक संस्थाको अनुगमन पद्धतीलाई प्रभावकारी बनाउँदै कमजोर रहेका विद्यालयलाई व्यवस्थित र सुदृढ गर्न जस्ता चुनौती रहेका छन् ।

#### अवसर

शिक्षा क्षेत्रमा दक्ष मानव संसाधनको वृद्धि हुँदै जानु, समुदायमा प्राविधिक शिक्षा प्रतिको आकर्षण बढ्दै जानु, शतप्रतिशत शिक्षाको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा आउनु, शिक्षामा तालिम, मूल्याङ्कन तथा क्षमता अभिवृद्धि कार्यक्रम

स्थानीय स्तरमै सञ्चालन हुनु, स्थानीय तहको आवश्यकता अनुसार गाउँपालिकाले माध्यमिक विद्यालय स्थापना गर्न, शिक्षा क्षेत्रमा सबैको पहुँच पुऱ्याउन र सबैमा शिक्षित हुने अवसर सिर्जना गर्न जनचेतनाका कार्यक्रम गर्न, गाउँपालिकाको सबै विद्यालयमा सूचना प्रविधि सहितको प्राविधिक र व्यवहारिक शिक्षाको विकास गर्न, क्षेत्रिय तथा स्थानीय संस्कृति, भाषा, भेषभुसा, परम्परा र इतिहास आदि झल्किने गरी पाठ्यक्रम विकास गरेर गाउँपालिकाका विद्यालयहरुमा पठनपाठान गर्न आदि यस क्षेत्रका अवसरहरु हुन् ।

### ५.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

शिक्षामा प्रविधि, बरेङमा समृद्धि ।

**लक्ष्य**

गुणस्तरीय र प्रयोगात्मक शिक्षा मार्फत क्षसमतामूलक, सिर्जनशील, उत्पादनशील तथा सचेत मानव श्रोत विकास गर्ने ।

**उद्देश्य**

१. शिक्षामा हरेक वर्ग, सम्प्रदाय र जातीको पहुँच सुनिश्चित गरी पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नु ।
२. शिक्षण संस्थाहरूमा संरचना र सुविधा उपलब्ध गरी आधुनिकिकरण गर्नु ।
३. प्राविधिक शिक्षामा जोड दिँदै शिक्षालाई व्यवसायिक, व्यवहारिक र प्राविधिमा आधारित बनाउनु ।

### ५.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ शिक्षामा हरेक वर्ग, सम्प्रदाय र जातीको पहुँच सुनिश्चित गरी पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नु । | |
| १.१ समावेशी र समतामूलक शिक्षाको व्यवस्था गर्ने । | १.१.१ शिक्षामा सबैको पहुँच पुऱ्याउन र सबैमा शिक्षित हुने अवसर सिर्जना गर्न जनचेतनाका कार्यक्रम गरिनेछ । |
| | १.१.२ अति गरिब, दलित, असहाय तथा द्वन्द्व पिडित बालबालिकालाई पढ्न पाउने हकको सुनिश्चितताको लागि छात्रवृत्ति प्रदान गर्ने वातावरण मिलाइने छ । |
| | १.१.३ स्थानीय भेषभुषा र संस्कृतिलाई गाउँपालिकाको पाठ्यक्रममा समावेश गरिनेछ । |
| | १.१.४ श्रवण तथा दृष्टि अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बन्धित शैक्षिक संस्थासँग सहकार्य गरी शिक्षाका अवसरहरु प्रदान गरिनेछ । |
| १.२ पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने । | १.२.१ गाउँपालिकाका सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालय भर्ना गर्नुपर्ने कार्यक्रम र नीति ल्याइनेछ । |
| | १.२.२ गाउँपालिकाका वृद्ध र निरक्षर जनसंख्यालाई लक्षित गरेर प्रौढ शिक्षा कार्यक्रम गरिनेछ । |
| | १.२.३ गाउँपालिका स्तरीय शिक्षा नीति, कानुन र गाउँ शिक्षा योजना तयार गरी गाउँपालिका अध्यक्ष शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.४ स्थानीय शैक्षिक सामग्री प्रदर्शनी कार्यकम सञ्चालन गरिनेछ । |
| | १.२.५ अन्तर विद्यालय शिक्षण कार्यकम सञ्चालन गरिनेछ । |
| | १.२.६ साक्षरता कार्यक्रमहरुलाई प्रभावकारी बनाउन स्थानीय सामुदायिक संस्था, उपभोक्ता समिति, स्थानीय संरक्षण समिति, जलउपभोक्ता समिति लगायतका सामुदायिक संस्थाहरुसँग आबद्ध गरिनेछ । |
| उद्देश्य २ शिक्षण संस्थाहरूमा संरचना र सुविधा उपलब्ध गरी आधुनिकिकरण गर्नु । | |
| २.१ शिक्षण संस्थाहरूमा संरचना र सुविधा उपलब्ध गर्ने । | २.१.१ गाउँपालिकाका सबै सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना गरिनेछ । |
| | २.१.२ भूकम्प प्रतिरोधी, अपाङ्गमैत्री विद्यालय भवन निर्माण गरिनेछ । |
| | २.१.३ विद्यालयमा शुद्ध खानेपानी आपूर्तीको सुनिश्चितता गरिनेछ । |
| | २.१.४ विद्यालयमा स्तरीय खेल मैदान निर्माण गरिनेछ । |
| | २.१.५ प्रत्येक विद्यालयमा करेसाबारी निर्माण गरिनेछ । |

| | |
|---|---|
| | २.१.६ विद्यालयमा फर्निचर र अन्य भौतिक सुविधाको व्यवस्था गरिनेछ । |
| | २.१.७ गाउँपालिकामा आवासिय विद्यालयको स्थापना गरिनेछ । |
| | २.१.८ गाउँपालिकाको प्रत्येक विद्यालयमा ईन्टरनेट, सूचना प्रविधि तथा आवश्यकता अनुसार प्रयोगशालाको विकास गरिनेछ । |
| | २.१.९ विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान गरिनेछ । |
| | २.१.१० जनसंख्या, वस्तीको अवस्थिति, विद्यालयहरु बीचको भौगोलिक दुरी तथा बाटोघाटोको अवस्था, विद्यमान विद्यार्थी संख्या र भावी दिनमा हुन सक्ने विद्यार्थी संख्या समेतको आंकलनको आधारमा सामुदायिक विद्यालयहरुको अवस्थिति पुनरावलोकन गरी विद्यालय समायोजन गर्ने व्यवस्था गरिनेछ । |
| उद्देश्य ३ प्राविधिक शिक्षामा जोड दिँदै शिक्षालाई व्यवसायिक, व्यवहारिक र प्राविधिमा आधारित बनाउनु । | |
| ३.१ प्राविधिक शिक्षामा जोड दिँदै शिक्षालाई व्यवसायिक, व्यवहारिक र प्राविधिमा आधारित बनाउने । | ३.१.१ पुरुषोदय मा.वि.मा आवश्यक संरचना र सामाग्री व्यवस्था गरी बहुप्राविधिक संकायहरु थप गरिनेछ । |
| | ३.१.२ गाउँपालिकाका विद्यालयको पाठ्यक्रममा व्यवहारिक र प्रविधिमा आधारित शिक्षा समावेश गरिनेछ । |
| | ३.१.३ राष्ट्रसेवक कर्मचारी विद्यालय सञ्चालन गरिनेछ । |
| | ३.१.४ कृषकसँग कृषि विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ३.१.५ एक कृषि प्राविधिक विद्यार्थी एक टनेल निर्माण गरिनेछ । |
| | ३.१.६ विद्यालय शिक्षा पूरा नगरेकालाई प्राविधिक शिक्षा प्रदान गर्ने गरी विशेष तालिम सञ्चालन गरिनेछ । |
| | ३.१.७ बहुप्राविधिक विद्यालयमा व्यवसायिक सीप प्रदान गर्ने गरी छोटो समयका तालिम तथा सीप विकास कार्यक्रमहरु समेत सञ्चालन गरिनेछ । |
| | ३.१.८ अतिरिक्त कृयाकलाप सञ्चालन गरी विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास गरिनेछ । |

### ५.१.६ कार्यक्रमको प्राथमिकता

१. सबै विद्यालयमा विद्युत, इन्टरनेट, ICT, खानेपानी, शौचालय, पुस्तकालय तथा करेसाबारी निर्माण गर्ने ।

२. भूकम्प प्रतिरोधी, अपाङ्गमैत्री विद्यालय भवनको निर्माण गर्ने ।

३. पुरुषोदय मा.वि.मा आवश्यक संरचना र सामाग्री व्यवस्था गरी बहुप्राविधिक संकायहरु थप गर्ने ।

## ५.१.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | शिक्षामा सबैको पहुँच पुऱ्याउन जनचेतना कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा |
| २ | | | १.१.२ | क | गरिब, दलित, असहाय तथा द्वन्द्व पिडित बालबालिकालाई छात्रवृत्ति कार्यक्रम | संख्या | | निरन्तर | | | | | | ” |
| ३ | | | १.१.३ | क | स्थानीय भेषभुषा र संस्कृतिलाई गाउँपालिकाको पाठ्यक्रममा समावेश | संख्या | ० | १ | | | | | १ | ” |
| ४ | | | १.१.४ | ख | स्थानीय शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| ५ | | | १.१.५ | ख | अन्तर विद्यालय शिक्षण कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| ६ | | | १.१.६ | क | श्रवण तथा दृष्टि अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षाका अवसरहरु प्रदान कार्यक्रम | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ७ | | १.२ | १.२.१ | क | गाउँपालिकाका सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालय भर्ना कार्यक्रम र नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| ८ | | | १.२.२ | क | वृद्ध र निरक्षर जनसंख्यालाई प्रौढ शिक्षा कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |
| ९ | | | १.२.३ | क | गाउँपालिका स्तरीय शिक्षा नीति, कानुन र गाउँ शिक्षा योजना तर्जुमा र गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| १० | | | १.२.४ | क | साक्षरता कार्यक्रमहरुको प्रभावकारीता बढाउन अन्य संस्थाहरुसँग समनव्य कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ११ | २ | २.१ | २.१.१ | ख | सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| १२ | | | २.१.२ | ग | भूकम्प प्रतिरोधी, अपाङ्ग मैत्री विद्यालय भवन निर्माण | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| १३ | | | २.१.३ | क | विद्यालयमा शुद्ध खानेपानी आपूर्ती | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | ” |
| १४ | | | २.१.४ | ख | विद्यालयमा स्तरीय खेल मैदान निर्माण | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| १५ | | | २.१.५ | क | प्रत्येक विद्यालयमा करेसाबारी निर्माण | प्रतिशत | ० | २० | २० | २० | २० | २० | १०० | ” |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | | | २.१.६ | ख | विद्यालयमा फर्निचर र अन्य भौतिक सुविधाको व्यवस्था | संख्या | | निरन्तर | | | | | | ” |
| १७ | | | २.१.७ | ख | आवासिय विद्यालयको स्थापना | संख्या | ० | १ | | | | | १ | ” |
| १८ | | | २.१.८ | ख | विद्यालयमा ईन्टरनेट, सूचना प्रविधि तथा प्रयोगशालाको विकास | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| १९ | | | २.१.९ | ग | शिक्षक दरबन्दी मिलान र प्रोत्साहन अनुदान नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| २० | | | २.१.१० | ख | विद्यालय समायोजन कार्यक्रम | संख्या | | १ | | | | | १ | ” |
| २१ | ३ | ३.१ | ३.१.१ | क | पुरुषोदय मा.वि.मा बहुप्राविधिक संकायहरु थप | संख्या | ० | | १ | | | | १ | ” |
| २२ | | | ३.१.२ | क | विद्यालयको पाठ्यक्रममा व्यवहारिक र प्रविधिमा आधारित शिक्षा | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| २३ | | | ३.१.३ | क | राष्ट्रसेवक कर्मचारी विद्यालय सञ्चालन | प्रतिशत | ० | ५० | ५० | | | | १०० | ” |
| २४ | | | ३.१.४ | क | कृषकसँग कृषि विद्यार्थी कार्यकम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ | ” |
| २५ | | | ३.१.५ | ख | एक कृषि प्राविधिक विद्यार्थी एक टनेल निर्माण | पटक | | १ | १ | १ | १ | १ | ५ | ” |
| २६ | | | ३.१.६ | क | विद्यालय शिक्षा पूरा नगरेकालाई प्राविधिक शिक्षा प्रदान तथा विशेष तालिम | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |
| २७ | | | ३.१.७ | क | बहुप्राविधिक विद्यालयमा व्यवसायिक सीप प्रदान तालिम तथा सीप विकास कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| २८ | | | ३.१.८ | क | विद्यालयमा अतिरिक्त कृयाकलाप सञ्चालन | संख्या | | निरन्तर | | | | | | ” |

### ५.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगल संकेत | डिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | वजारको माग र आवश्यकतालाई धान्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुने | दक्ष र व्यवसायिक विद्यार्थी उत्पादन गर्ने विद्यालय | संख्या | १० | स्तरोन्नति गर्ने | | | | | १० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **असर १** | उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक जनशक्ति उत्पादन गर्न शिक्षण संस्थाहरुको संरचनात्मक सुधार भएको हुने | संरचनात्मक सुधार भएका विद्यालय | संख्या | १० | २ | २ | २ | २ | २ | २० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१** | शिक्षामा सबैको पहुँच पुऱ्याउन जनचेतना कार्यक्रम भएको हुने | जनचेतना कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२** | गरिब, दलित, असहाय तथा द्वन्द्व पिडित बालबालिकालाई छात्रवृत्ति कार्यक्रम भएको हुने | छात्रवृत्ति कार्यक्रम | संख्या | | निरन्तर | | | | | ६ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.३** | स्थानीय भेषभुषा र संस्कृतिलाई गाउँपालिकाको पाठ्यक्रममा समावेश भएको हुने | स्थानीय पाठ्यक्रम | संख्या | ० | १ | | | | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.४** | स्थानीय शैक्षिक सामग्री प्रदर्शनी कार्यकम सञ्चालन भएको हुने | शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.५** | अन्तर विद्यालय शिक्षण कार्यकम सञ्चालन भएको हुने | अन्तर विद्यालय शिक्षण कार्यकम | पटक | ० | १ | १ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.६** | श्रवण तथा दृष्टि अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षाका अवसरहरु प्रदान कार्यक्रम भएको हुने | कार्यक्रम | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.७** | गाउँपालिकाका सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालय भर्ना कार्यक्रम र नीति तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.८** | वृद्ध र निरक्षर जनसंख्यालाई प्रौढ शिक्षा कार्यक्रम भएको हुने | प्रौढ शिक्षा कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.९** | गाउँपालिका स्तरीय शिक्षा नीति, कानुन र गाउँ शिक्षा योजना तर्जुमा र गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम भएको हुने | गाउँपालिका अध्यक्ष एकिकृत शैक्षिक सुधार कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१०** | साक्षरता कार्यक्रमहरुको प्रभावकारीता बढाउन अन्य संस्थाहरुसँग समनव्य कार्यक्रम भएको हुने | समनव्य कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.११** | सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना भएको हुने | पुस्तकालय स्थापना | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१२** | भूकम्प प्रतिरोधी, अपाङ्ग मैत्री विद्यालय भवन निर्माण भएको हुने | विद्यालय भवन निर्माण | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१३** | विद्यालयमा शुद्ध खानेपानी आपूर्ती भएको हुने | शुद्ध खानेपानी | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१४** | विद्यालयमा स्तरीय खेल मैदान निर्माण भएको हुने | खेल मैदान निर्माण | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१५** | प्रत्येक विद्यालयमा करेसाबारी निर्माण भएको हुने | करेसाबारी निर्माण | प्रतिशत | ० | २० | २० | २० | २० | २० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१६** | विद्यालयमा फर्निचर र अन्य भौतिक सुविधाको व्यवस्था भएको हुने | भौतिक सुविधा | संख्या | | निरन्तर | | | | | | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.११** | आवासिय विद्यालयको स्थापना भएको हुने | आवासिय विद्यालय | संख्या | ० | १ | | | | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१७** | विद्यालयमा ईन्टरनेट, सूचना प्रविधि तथा प्रयोगशालाको विकास भएको हुने | प्रयोगशाला | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१८** | शिक्षक दरबन्दी मिलान र प्रोत्साहन अनुदान नीति तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.१९** | विद्यालय समायोजन कार्यक्रम भएको हुने | विद्यालय समायोजन | संख्या | | १ | | | | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२०** | पुरुषोदय मा.वि.मा बहुप्राविधिक संकायहरु थप भएको हुने | बहुप्राविधिक संकाय | संख्या | ० | | १ | | | | १ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.२१** | विद्यालयको पाठ्यक्रममा व्यवहारिक र प्रविधिमा आधारित शिक्षा भएको हुने | व्यवहारिक पाठ्यक्रम | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२२** | राष्ट्रसेवक कर्मचारी विद्यालय सञ्चालन भएको हुने | राष्ट्रसेवक कर्मचारी विद्यालय | प्रतिशत | ० | ५० | ५० | | | | १०० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२३** | कृषकसँग कृषि विद्यार्थी कार्यक्रम सञ्चालन भएको हुने | कृषकसँग कृषि विद्यार्थी कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२४** | एक कृषि प्राविधिक विद्यार्थी एक टनेल निर्माण भएको हुने | टनेल निर्माण | पटक | | १ | १ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२५** | विद्यालय शिक्षा पूरा नगरेकालाई प्राविधिक शिक्षा प्रदान तथा विशेष तालिम दिएको हुने | विशेष तालिम | संख्या | | २ | २ | २ | २ | २ | १० | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२६** | बहुप्राविधिक विद्यालयमा व्यवसायिक सीप प्रदान तालिम तथा सीप विकास कार्यक्रम भएको हुने | सीप विकास कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गा.पा. | गा.पा. | | २ | ४ | ६ |
| **प्रतिफल १.२७** | विद्यालयमा अतिरिक्त कृयाकलाप सञ्चालन भएको हुने | अतिरिक्त कृयाकलाप | संख्या | | निरन्तर | | | | | | गा.पा. | गा.पा. | | २ | ४ | ६ |

## ५.२ स्वास्थ्य

### ५.२.१ पृष्ठभूमि

स्वस्थ जीवन मानव विकास र समृद्धिको महत्वपूर्ण आधार हो । आधारभूत स्वास्थ्यलाई संविधानले मौलिक हकको रुपमा सुरक्षित गरेको छ भने आधारभूत स्वास्थ्य स्थानीय तहको कार्यक्षेत्रमा परेको छ । वर्तमान स्वास्थ्य नीतिले सबै वडामा स्वास्थ्य केन्द्र र गाउँपालिकामा कम्तिमा एक अस्पताल स्थापना गर्ने नीति अवलम्बन गरेको छ । यस गाउँपालिकामा सबै वडामा एक एक वटा स्वास्थ्य चौकी सहित जम्मा ५ वटा स्वास्थ्य चौकी र ५ वटा सामुदायिक स्वास्थ्य इकाई रहेका छन् जसले ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य सेवा पु¥याउँदै आएका छन् । गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन भएको पाइन्छ । खासगरी समुदायमा प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन् । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ ।

### ५.२.२ समस्या

गाउँपालिकामा सुविधासम्पन्न अस्पताल नहुनु र गम्भिर बिरामीहरु अन्यत्र जान बाध्य हुनु, स्वास्थ्य चौकीको सेवा अपर्याप्तता हुनु, निशुल्क औषधी, स्वास्थ्य प्रयोगशाला, विशेषज्ञ चिकित्सक सेवा र स्वास्थ्य औजारको अभाव हुनु, आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरूको नियमितता नहुनु, स्वास्थ्यकर्मीहरुलाई पर्याप्त आधारभूत तालिमको अभाव हुनु, कुपोषणको समस्या हुनु, एम्बुलेन्सको सहज पहुँच नहुनु, सबै गाउँमा स्वास्थ्य सेवाको पहुँच नपुग्नु, पोषण सम्बन्धी प्रयाप्त जानकारी नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ५.२.३ चुनौती र अवसर

**चुनौती**

गाउँपालिकामा सम्पूर्ण सुविधायुक्त अस्पताल निर्माण गर्न, दक्ष स्वास्थ्य जनशक्तिको परिपूर्ती गर्न, विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीलाई सेवा सुविधा पु¥याएर आकर्षित गर्न, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई सबै वडाबाट सर्वसुलभ रुपमा उपलब्ध गराउन, भौगोलिक विकटताले गर्दा सर्वसाधारणमा स्वास्थ्य सुविधाको सहज पहुँच पु¥याउन, संविधानमा व्यवस्था गरेको संघीय स्वरुप भौगोलिक एवम् जनसङ्ख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाहरुको न्यायोचित वितरण गर्न, भइरहेका स्वास्थ्य चौकीमा प्रयोगशाला, निशुल्क औषधी र चिकित्सक सेवा उपलब्ध गराई स्तरोन्नती गर्न जस्ता चुनौतीहरु छन् ।

**अवसर**

गण्डकी प्रदेशको नीति तथा कार्यक्रम अन्तर्गत १५ शैयाको सुविधा सम्पन्न अस्पतालको स्थापना हुने, भौगोलिक विकटता र स्वास्थ्य सुविधामा प्रभावोत्पादक कारकहरुको उचित व्यवस्था गरी सर्वसाधारणमा स्वास्थ्य सुविधाको पहुँच सहज गर्न, संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानुनहरूको निर्माण भइरहेको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी श्रोत साधनको परिचालन गर्ने वातावरणको सिर्जना भएको, स्वास्थ्य क्षेत्रमा सरकारी र गैह्र सरकारी क्षेत्रको समन्वयन र सहकार्य अभिवृद्धी भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार हुँदै गएको जस्ता अवसरहरु छन् ।

### ५.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच; स्वस्थ र सुखी बरेङवासी ।

**लक्ष्य**

सबै नागरिकलाई गुणस्तरीय र सर्वसुलभ आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

**उद्देश्य**

१. स्वास्थ्य सुविधाको सुदृढीकरण गरी स्वास्थ्य सेवा गुणस्तरीय र प्रभावकारी बनाउनु ।

२. स्वास्थ्य सुविधालाई सबैको पहुँचमा पु¥याउनु ।

### ५.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ स्वास्थ्य सुविधाको सुदृढीकरण गरी स्वास्थ्य सेवा गुणस्तरीय र प्रभावकारी बनाउनु । | |
| १.१ स्वास्थ्य संस्थाको संरचना, सामाग्री र श्रोत साधन व्यवस्थापन गर्ने । | १.१.१ गाउँपालिकामा विशेषज्ञ सहितको २४ घण्टा सेवा दिने सुविधा सहितको अस्पातल निर्माण गरिनेछ । |
| | १.१.२ हरेक स्वास्थ्य चौकीमा बर्थिङ सुविधा सुरु गरिनेछ । |
| | १.१.३ स्वास्थ्य संस्थाको स्तर अनुसार भिडियो-एक्सरे, ल्याव लगायतका न्यूनतम उपकरणको व्यवस्था गरिनेछ । |
| | १.१.४ प्रत्येक स्वास्थ्य निकायमा उचित दरबन्दी पूरा गरिनेछ । |
| | १.१.५ गाउँपालिकाको जिर्ण भएका स्वास्थ्य निकायका संरचना मर्मत गरिनेछ । |
| | १.१.६ आधारभुत स्वास्थ्य सेवाका सामाग्री तथा औषधीको उचित व्यवस्थापन गरिनेछ । |
| | १.१.७ प्रत्येक स्वास्थ्य चौकीमा स्तनपान कक्ष सञ्चालन गरिनेछ । |
| | १.१.८ एक स्वास्थ्यकर्मी एक स्वास्थ्य उपकरण सहितको झोला उपलब्ध गरिनेछ । |
| उद्देश्य २ स्वास्थ्य सुविधालाई सबैको पहुँचमा पुऱ्याउनु । | |
| २.१ स्वास्थ्य सुविधालाई सबैको पहुँचमा पुऱ्याउनु र पोषण सुनिश्चित गर्ने । | २.१.१ गाउँपालिका स्वास्थ्य सेवा नीति तर्जुमा गरिनेछ । |
| | २.१.२ अति गरिब, दलित तथा असहायलाई स्वास्थ्य सेवा हकको सुनिश्चितताको लागि स्वास्थ्य सेवा निः शुल्क प्रदान गरिनेछ । |
| | २.१.३ हेलो महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.४ गाउँपालिका अध्यक्ष जनता स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । |
| | २.१.५ खाद्य र पोषणको महत्ववारे सबै सरोकारवाला संस्थाहरुसँग सहकार्य गरी सचेतना अभियान सञ्चालन गरिनेछ । |
| | २.१.६ पाठेघर खस्ने, पाठेघर तथा स्तन क्यान्सर, महिनावारी समस्या लगायतका महिला रोग सम्बन्धी रोग पहिचान र उपचार सम्बन्धी छुट्टै स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । |
| | २.१.७ उपाध्यक्षसँग संस्थागत सुत्केरी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.८ गर्भवती पोषिलो झोला उपलब्ध गरिनेछ । |
| | २.१.९ गाउँपालिकाको पहुँचमा रहने गरी नजिकको मोटर बाटोसम्म एम्वुलेन्स सेवा उपलव्ध हुने व्यवस्था गरिनेछ । |

### ५.२.६ कार्यक्रमको प्राथमिकता

१. हरेक स्वास्थ्य चौकीमा बर्थिङ सुविधा सुरु गर्ने ।

२. गाउँपालिकामा विशेषज्ञ सहितको २४ घण्टा सेवा दिने सुविधासम्पन्न अस्पातल निर्माण गर्ने ।

३. प्रत्येक स्वास्थ्य निकायमा उचित दरबन्दी पूरा गर्ने ।

## ५.२.७ विस्तृत कार्यक्रम

| क्र.स | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १.१ | १.१.१ | ख | गाउँपालिकामा विशेषज्ञ सुविधा सहितको अस्पताल निर्माण | संख्या | ० | | १ | | | | १ | गापा |
| २ | | | १.१.२ | ख | गाउँपालिकाका सबै स्वास्थ्य चौकीमा बर्थिङ सुविधा | प्रतिशत | | ३० | ३० | २० | २० | | १०० | ” |
| ३ | | | १.१.३ | ख | भिडियो-एक्सरे, ल्याव लगायतका न्यूनतम उपकरणको व्यवस्था | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | ” |
| ४ | | | १.१.४ | ग | गाउँपालिकाको प्रत्येक स्वास्थ्य निकायमा उचित दरबन्दी | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ५ | | | १.१.५ | ख | जिर्ण भएका स्वास्थ्य निकायका संरचना मर्मत | प्रतिशत | | २० | ४० | ४० | | | १०० | ” |
| ६ | | | १.१.६ | क | आधारभुत स्वास्थ्य सेवाका सामाग्री तथा औषधीको उचित व्यवस्थापन | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ७ | | | १.१.७ | क | प्रत्येक स्वास्थ्य चौकीमा स्तनपान कक्ष सञ्चालन | प्रतिशत | | ५० | ५० | | | | १०० | ” |
| ८ | | | १.१.८ | ख | एक स्वास्थ्यकर्मी एक स्वास्थ्य उपकरण सहितको झोला उपलब्ध | पटक | | १ | १ | १ | १ | १ | ५ | ” |
| ९ | २ | २.१ | २.१.१ | क | गाउँपालिका स्वास्थ्य सेवा नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| १० | | | २.१.२ | ख | गरिब, दलित तथा असहायलाई निः शुल्क स्वास्थ्य सेवा कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ११ | | | २.१.३ | ख | हेलो महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन | पटक | | २ | २ | २ | २ | २ | १० | ” |
| १२ | | | २.१.४ | क | गाउँपालिका अध्यक्ष जनता स्वास्थ्य शिविर सञ्चालन | पटक | | २ | २ | २ | २ | २ | १० | ” |
| १३ | | | २.१.५ | क | खाद्य र पोषणको महत्वबारे सरोकारवाला संस्थाहरुसँग सहकार्य र सचेतना अभियान सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| १४ | | | २.१.६ | क | महिला रोग सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| १५ | | | २.१.७ | क | उपाध्यक्षसँग संस्थागत सुत्केरी सम्मान कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ | ” |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | | | २.१.८ | ख | गर्भवती पोषिलो झोला उपलब्ध | पटक | | १ | १ | १ | १ | १ | ५ | ” |
| १७ | | | २.१.९ | क | एम्वुलेन्स सेवा उपलब्धता व्यवस्थापन | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |

**५.२.८ नतिजा**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | समुदायमा न्युनतम स्वास्थ्य सुविधाको पहुँच विस्तार भएको हुने | ३० मिनेट भित्र अस्पतालको पहुँचमा भएको जनसंख्या | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| | | दक्ष प्रसुतीबाट गराईएको जन्म | प्रतिशत | ४६ | | | | | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| | | स्वास्थ्य बिमा गर्ने घर संख्या | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| **असर १** | स्वास्थ्य सुविधालाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो भएको हुने | २५०० ग्रामभन्दा कम जन्म तौल भएका शिशु | संख्या | ३० | | | | | | ० | गापा | गापा | | २ | ३ | ६ |
| | | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | १३ | | | | | | | गापा | गापा | | २ | ३ | ६ |
| | | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | | | | | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| | | सबै खोप लिएका बालबालिका | प्रतिशत | १०० | | | | | | १०० | गापा | गापा | | २ | ३ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य शिविर पटक | पटक | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ३ | ६ |
| | | सुविधा सम्पन्न अस्पताल | संख्या | ० | | | | | | १ | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.१** | गाउँपालिकामा विशेषज्ञ सुविधा सहितको अस्पताल निर्माण भएको हुने | अस्पताल निर्माण | संख्या | ० | | १ | | | | १ | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.२** | गाउँपालिकाका सबै स्वास्थ्य चौकीमा बर्थिङ सुविधा भएको हुने | बर्थिङ सेन्टर | प्रतिशत | | ३० | ३० | २० | २० | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.३** | भिडियो-एक्सरे, ल्याव लगायतका न्यूनतम उपकरणको व्यवस्था भएको हुने | स्वास्थ्य उपकरणको व्यवस्था | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.४** | गाउँपालिकाको प्रत्येक स्वास्थ्य निकायमा उचित दरबन्दी भएको हुने | दरबन्दी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.५** | जिर्ण भएका स्वास्थ्य निकायका संरचना मर्मत भएको हुने | स्वास्थ्य निकायका संरचना मर्मत | प्रतिशत | | २० | ४० | ४० | | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.६** | आधारभुत स्वास्थ्य सेवाका सामाग्री तथा औषधीको उचित व्यवस्थापन भएको हुने | औषधीको उचित व्यवस्था | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | २ | ३ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.७** | प्रत्येक स्वास्थ्य चौकीमा स्तनपान कक्ष सञ्चालन भएको हुने | स्तनपान कक्ष | प्रतिशत | | ५० | ५० | | | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.८** | एक स्वास्थ्यकर्मी एक स्वास्थ्य उपकरण सहितको झोला उपलब्ध भएको हुने | स्वास्थ्य उपकरण सहितको झोला उपलब्ध | पटक | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.९** | गाउँपालिका स्वास्थ्य सेवा नीति तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.१०** | गरिब, दलित तथा असहायलाई निः शुल्क स्वास्थ्य सेवा कार्यक्रम भएको हुने | निः शुल्क स्वास्थ्य सेवा कार्यक्रम | प्रतिशत | | | | निरन्तर | | | १०० | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.११** | हेलो महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन भएको हुने | स्वास्थ्य स्वयंसेविका कार्यक्रम | पटक | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.१२** | गाउँपालिका अध्यक्ष जनता स्वास्थ्य शिविर सञ्चालन भएको हुने | स्वास्थ्य शिविर | पटक | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.१३** | खाद्य र पोषणको महत्वबारे सरोकारवाला संस्थाहरुसँग सहकार्य र सचेतना अभियान सञ्चालन भएको हुने | सचेतना अभियान | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.१४** | महिला रोग सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन भएको हुने | स्वास्थ्य शिविर सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ३ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.१५** | उपाध्यक्षसँग संस्थागत सुत्केरी सम्मान कार्यक्रम सञ्चालन भएको हुने | सुत्केरी सम्मान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.१६** | गर्भवती पोषिलो झोला उपलब्ध भएको हुने | गर्भवती पोषिलो झोला उपलब्ध | पटक | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ३ | ६ |
| **प्रतिफल १.१७** | एम्वुलेन्स सेवा उपलव्धता व्यवस्थापन भएको हुने | एम्वुलेन्स सेवा | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | २ | ३ | ६ |

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

पानी सम्पूर्ण प्राणी तथा वनस्पति जगतको नै अपरिहार्य आधार हो भने स्वच्छ खानेपानी तथा सरसफाई स्वस्थ्य मानव जीवनको आधारभूत आवश्यकता हो । संविधानले खानेपानी र सरसफाईलाई मौलिक हकको रुपमा व्यवस्था गर्दै स्थानीय तहको अधिकार क्षेत्रमा सूचीकृत गरेको छ । बरेङ गाउँपालिकाको खानेपानीको प्रमुख श्रोत धारा/पाइपको प्रयोग गर्ने घरधुरी करिब ९५ प्रतिशत रहेको छ । सल्यान, सुखौरा तथा यहाँको मुख्य जनघनत्व भएको क्षेत्र बरेङ बजारमा स्वच्छ खानेपानीको अभाव रहेको छ । यस गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा सेप्टिक ट्याङ्क भएको शौचालय र साधारण शौचालय प्रयोग गर्नेको संख्या बढेको छ । पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकारको साथै नागरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामूलक कार्यक्रमहरुले गाउँपालिका खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भएको छ ।

### ५.३.२ समस्या

सबै जनसंख्यामा शुद्ध खानेपानीको पहुँच नपुग्नु, खानेपानीका मुहान र श्रोतको उचित व्यवस्थापन नहुनु र धेरै मुहानहरु सुक्दै जानु, फोहोर व्यवस्थापन गर्न ल्यान्डफिल साईटको राम्रो व्यवस्था नहुनु, खानेपानी आयोजनाको कमी हुनु र सम्पन्न आयोजनाहरुको पनि उचित मर्मतसम्भारको अभाव भएर जिर्ण हुँदै जानु, खानेपानीको अभावले गर्दा सरसफाईमा असुविधा कायम रहनु, खानेपानी तथा सरसफाईको दिगो विकास लक्ष्य हाँसिल हुने गरी आवश्यक बजेट र कार्यक्रम तर्जुमा गर्न नसक्नु, फोहोरमैला व्यवस्थापन नहुनाले नदीनाला तथा जलाशयहरु प्रदुषित बन्दै जानु यस क्षेत्रका मुख्य समस्याहरु हुन् ।

### ५.३.३ चुनौती र अवसर

**चुनौती**

प्राकृतिक, मानविय तथा अन्य कारणले सुक्दै गएको पानीको मुहान संरक्षण गर्न, उपलब्ध पानीको श्रोतको माथी बढ्दै गएको चापलाई व्यवस्थित गर्न, अव्यवस्थित रुपमा हुने गरेको सडक निर्माण, भौगोलिक विकटता, छरिएर रहेको वस्ती र आर्थिक अभावका कारण सबै जनसंख्यामा खानेपानीको प्रबन्ध गर्न, खानेपानीको रसायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छताको सुनिश्चितता गर्न, खानेपानीको निरन्तर आपूर्ति र गुणस्तरीयता कायम गर्न, सरसफाई क्षेत्रमा जनचेतना र प्रतिज्ञा अभिवृद्धि गर्न, पूर्ण सरसफाई र व्यवस्थित ढल निकासको प्रबन्ध गर्न, सबै घरपरिवारलाई सुविधा सम्पन्न शौचालय निर्माण गर्ने उत्प्रेरणा जगाउन जस्ता यस उपक्षेत्रका चुनौतीहरु रहेका छन् ।

**अवसर**

स्वच्छ खानेपानी तथा सरसफाई मौलिक हकको रुपामा स्थापित हुनु, सरसफाई तथा स्वच्छता कार्यक्रम जनस्वास्थ्यको प्रमुख सरोकारको विषय हुनु, खानेपानी तथा सरसफाईका संरचना विकास र विस्तारका लागि संघ, प्रदेश, स्थानीय तह, गै.स.स, तथा अन्य विकासका साझेदारहरुको सहभागिता बढ्दै जानु, पूर्ण सरसफाईयुक्त गाँउपालीका घोषणा गर्ने नीति हुनु, एक घर एक धाराको राष्ट्रिय प्रतिवद्धतालाई पूर्णरुपमा कार्यान्वयन गर्न, खानेपानीका मुहान र श्रोतको उचित व्यवस्थापन हुने गरी सबै जनसंख्यामा खानेपानी उपलब्ध गर्न, सबै गाउँमा आधारभुत सरसफाई सेवामा पहुँच तथा मानव मलमुत्र र फोहोरको उचित व्यवस्थापन गरी वातावरण स्वच्छता कायम गर्न, गाउँपालिकाको फोहोर व्यवस्थापन गर्न ल्यान्डफिल साईटको निर्माण गर्न जस्ता अवसरहरु छन् ।

### ५.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

स्वच्छ बरेङको अभियान, शुद्ध खानेपानी र पूर्ण सरसफाई ।

**लक्ष्य**

सम्पूर्ण नागरिकलाई स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईयुक्त वातावरणको सुनिश्चितता गर्ने ।

**उद्देश्य**

१. गाउँपालिकाका शतप्रतिशत नागरिकमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउनु ।
२. पूर्ण सरसफाईयुक्त गाउँपालिका सुनिश्चित गरी जनस्वास्थ्यमा सुधार गर्नु ।

### ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ गाउँपालिकाका शतप्रतिशत नागरिकमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउनु । | |
| १.१ शुद्ध र दिगो खानेपानी सेवा प्रवाह सबलीकरण गर्ने । | १.१.१ खानेपानी सम्बन्धी स्थानीय नीति तथा कानुनको तर्जुमा गरिनेछ । |
| | १.१.२ एक घर एक धारा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ खानेपानीका श्रोतहरु पहिचान गरी सर्वप्रथम खानेपानीको सुविधा नपुगेका स्थानमा आधारभूत खानेपानीको सुविधाको पहुँच पुऱ्याइनेछ । |
| | १.१.४ खानेपानीका श्रोतहरुको संरक्षण र दिगो व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ । |
| | १.१.५ गुणस्तरीय खानेपानी वितरणको प्रशोधन मेसिन, गुणस्तर मापन आदिको व्यवस्था गरिनेछ । |
| | १.१.६ स्वच्छ खानेपानीको महत्व र पानीजन्य रोगहरुबारे व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.७ विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सरकारी भवनहरुमा खानेपानीको सुविधा उपलब्ध गराइनेछ । |
| | १.१.८ खानेपानी आयोजनाको मर्मत संभार र दिगो व्यवस्थापनको लागि उपभोक्ता समितिको क्षमता विकास गरी जिम्मेवार बनाइनेछ । |
| उद्देश्य २ पूर्ण सरसफाईयुक्त गाउँपालिका सुनिश्चित गरी जनस्वास्थ्यमा सुधार गर्नु । | |
| २.१ सरसफाई सेवाको स्तर वृद्धि गर्ने । | २.१.१ गाउँपालिका सरसफाई नीति तर्जुमा गरिनेछ । । |
| | २.१.२ गाउँपालिकाको फोहोर व्यवस्थापन गर्न उचित स्थानको पहिचान गरी ल्यान्डफिल साईट निर्माण गरिनेछ । |
| | २.१.३ फोहोरजन्य रोग तथा सरसफाईको महत्वबारे यस सम्बन्धी संघसंस्था, नागरिक समाज, स्वास्थ्य स्वयंसेविका, आमा समुह आदिको सहकार्यमा जनचेतना अभिवृद्धि कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| | २.१.४ सरोकारवाला संघसंस्थाहरुको सहकार्यमा हरेक घरमा सेफ्टी ट्याङ्की र पानी सहितको शौचालय निर्माणको व्यवस्था गरिनेछ । |
| | २.१.५ विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सरकारी कार्यालय आदिमा व्यवस्थित पानी सहितको, महिला, अपाङ्ग र बालमैत्री शौचालयको व्यवस्था गरी नियमित सरसफाईको व्यवस्था गरिनेछ । |
| | २.१.६ आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरी समुदायलाई व्यवस्थापनको जिम्मा दिइनेछ । |

### ५.३.६ कार्यक्रमको प्राथमिकता

१. पर्याप्त खानेपानीको सुविधा नपुगेका वस्तीहरुमा आधारभूत खानेपानी सुविधाको सुनिश्चितता गर्ने ।
२. हरेक घरमा सेफ्टी ट्याङ्की र पानी सहितको शौचालय निर्माणको व्यवस्था गर्ने ।
३. गाउँपालिकाको फोहोर व्यवस्थापन गर्न उचित स्थानको पहिचान गरी ल्यान्डफिल साईट निर्माण गर्ने ।

## ५.३.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | खानेपानी सम्बन्धी स्थानीय नीति तथा कानुन तर्जुमा | संख्या | ० | १ | | | | | १ | गापा |
| २ | | | १.१.२ | ख | एक घर एक धारा कार्यक्रम सञ्चालन | प्रतिशत | ९५ | | | | | | १०० | ” |
| ३ | | | १.१.३ | क | खानेपानीका श्रोतहरु पहिचान र क्रमवद्ध रूपमा आधारभूत खानेपानीको सुविधाको पहुँच | प्रतिशत | | २५ | ३० | ४५ | | | १०० | ” |
| ४ | | | १.१.४ | क | खानेपानीका श्रोतहरुको संरक्षण र दिगो व्यवस्थापन | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ५ | | | १.१.५ | ख | गुणस्तरीय खानेपानी मुहानको सरसफाई, प्रशोधन मेसिन, गुणस्तर मापन आदिको व्यवस्थापन कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |
| ६ | | | १.१.६ | क | स्वच्छ खानेपानीको महत्व र पानीजन्य रोगहरुबारे व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ७ | | | १.१.७ | क | विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सरकारी भवनहरुमा खानेपानीको सुविधा | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ८ | | | १.१.८ | क | खानेपानी आयोजना उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम | संख्या | | २ | | २ | | २ | ६ | ” |
| ९ | २ | २.१ | २.१.१ | क | गाउँपालिका सरसफाई नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| १० | | | २.१.२ | ख | गाउँपालिकामा उचित स्थानको पहिचान गरी ल्यान्डफिल साईट निर्माण | संख्या | ० | | १ | | | | १ | ” |
| ११ | | | २.१.३ | क | फोहोरजन्य रोग तथा सरसफाईको महत्व वारे जनचेतना अभिवृद्धि अभियान सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| १२ | | | २.१.४ | क | सरोकारवाला संघसंस्थाहरुको सहकार्यमा हरेक घरमा सेफ्टी ट्याङ्की र पानी सहितको शौचालय निर्माणको व्यवस्थापन | प्रतिशत | | २० | ४० | ४० | | | १०० | ” |
| १३ | | | २.१.५ | ख | विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सरकारी कार्यालय आदिमा व्यवस्थित पानी सहितको, महिला, अपाङ्ग र बालमैत्री शौचालयको व्यवस्था | प्रतिशत | | ३० | ४० | ३० | | | १०० | ” |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | | | २.१.६ | ख | गाउँपालिकामा आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण | प्रतिशत | | ३० | ४० | ३० | | | १०० | ” |

### ५.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | गाउँपालिका भित्र बसोबास गर्ने सबै नागरिकहरुलाई सफा, स्वच्छ र सुरक्षित खानेपानी उपलब्धता र सरसफाई व्यवस्थित भएको हुने | निजी धारा उपलब्ध घर परिवार | प्रतिशत | ९५ | | | | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |
| | | स्वच्छ शौचालय भएका घरधुरी | प्रतिशत | ६० | | | | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |
| **असर १** | गाउँवासीलाई शुद्ध तथा स्वस्थ खानेपानी उपलब्ध भएको हुने | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | | | | | | | ५ | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल १.१** | खानेपानी सम्बन्धी स्थानीय नीति तथा कानुन तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल १.२** | एक घर एक धारा कार्यक्रम सञ्चालन भएको हुने | एक घर एक धारा कार्यक्रम | प्रतिशत | ९५ | | | | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल १.३** | खानेपानीका श्रोतहरु पहिचान र क्रमवद्ध रूपमा आधारभूत खानेपानीको सुविधाको पहुँच भएको हुने | मुहान संरक्षण | प्रतिशत | | २५ | ३० | ४५ | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.४** | खानेपानीका श्रोतहरुको संरक्षण र दिगो व्यवस्थापन भएको हुने | खानेपानी गुरुयोजना | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | . | .७ | ६ | ५ |
| **प्रतिफल १.५** | गुणस्तरीय खानेपानी मुहानको सरसफाई, प्रशोधन मेसिन, गुणस्तर मापन आदिको व्यवस्थापन कार्यक्रम भएको हुने | धारा कार्यक्रम | संख्या | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल १.६** | स्वच्छ खानेपानीको महत्व र पानीजन्य रोगहरुबारे व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम भएको हुने | जनचेतना अभिवृद्धि कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल १.७** | विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सरकारी भवनहरुमा खानेपानीको सुविधा भएको हुने | खानेपानीको सुविधा | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल १.८** | खानेपानी आयोजना उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम भएको हुने | क्षमता विकास कार्यक्रम | संख्या | | २ | | २ | | २ | ६ | गापा | गापा | | ७ | ६ | ५ |
| **असर २** | आधारभूत सरसफाईको प्रत्याभूत भएको हुने | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल २.१** | गाउँपालिका सरसफाई नीति तर्जुमा भएको हुने | सरसफाई नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ७ | ६ | ५ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल २.२** | गाउँपालिकामा उचित स्थानको पहिचान गरी ल्यान्डफिल साईट निर्माण भएको हुने | ल्यान्डफिल साईट | संख्या | ० | | १ | | | | १ | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल २.३** | फोहोरजन्य रोग तथा सरसफाईको महत्व वारे जनचेतना अभिवृद्धि अभियान सञ्चालन भएको हुने | जनचेतना अभिवृद्धि अभियान | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल २.४** | सरोकारवाला संघसंस्थाहरुको सहकार्यमा हरेक घरमा सेफ्टी ट्याङ्की र पानी सहितको शौचालय निर्माणको व्यवस्थापन भएको हुने | शौचालय निर्माण | प्रतिशत | | २० | ४० | ४० | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल २.५** | विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सरकारी कार्यालय आदिमा व्यवस्थित पानी सहितको, महिला, अपाङ्ग र बालमैत्री शौचालयको व्यवस्था भएको हुने | महिला, अपाङ्ग र बालमैत्री शौचालय | प्रतिशत | | ३० | ४० | ३० | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |
| **प्रतिफल २.६** | गाउँपालिकामा आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण भएको हुने | सार्वजनिक शौचालय निर्माण | प्रतिशत | | ३० | ४० | ३० | | | १०० | गापा | गापा | | ७ | ६ | ५ |

## ५.४ लैङ्गिक समानता र सामाजिक समावेशिता (लैससास)

### ५.४.१ पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको (लैससास) माध्यमबाट जनसंख्या र विकासमा मुल प्रवाहीकरण गर्ने नीति लिदै विद्यमान कानुन तथा संस्थागत व्यवस्था सुधार गर्ने १५ औ योजनाको रणनीतिमा उल्लेख भएको छ । समाजमा पछाडी परेका विभिन्न वर्ग, क्षेत्र, वर्ण, लिङ्ग, जातजाती, असक्त, लोपोन्मुख र अपाङ्गता भएका व्यक्ति आदि सबैको क्षमता विकास गरी विकासको मूल प्रवाहमा नल्याईकन गाउँपालिकाको विकास र समृद्धि हाँसिल हुन सक्दैन । वालबालिका, युवा, किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति द्वन्द्वपीडित, उत्पीडित वर्ग, समुदायहरुलाई राज्यको तर्फबाट सुरक्षा र संरक्षण प्रदान गर्नु पर्दछ । संविधानले छुवाछुत तथा भेदभाव विरुद्धको हक, दलितको हक तथा सामाजिक न्यायको हकको व्यवस्था गरेको छ । राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने, शिक्षा, स्वास्थ, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने संवैधानिक व्यवस्था रहेको छ । यसैगरी कानुनले सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हक हुने, लैङ्गिक भेदभाव विना समान वंशीय हकको व्यवस्था गरेको छ । समाजमा रहेका यी उत्पीडीत वर्ग र समुदायको हितको निम्ति सुरक्षा र संरक्षण प्रदान नगर्ने हो भने स्वच्छ, सुन्दर र शान्तिपूर्ण समाजको स्थापना गर्ने परिकल्पना साकार हुन सक्दैन । तसर्थ उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हितको सुनिश्चित गर्नु पर्दछ ।

### ५.४.२ समस्या

रुढीवादी सोच तथा परम्पराहरु केही हदसम्म कायम रहनु, वर्गिय, जातीय, लैङ्गिक र पेशागत भेदभाव कायम रहनु, महिला माथि हुने घरेलु र वाह्य व्यवहारगत विभेद हट्न नसक्नु, सबै तहमा (खासगरी माथिल्लो शिक्षामा) महिलाको सहभागिता कम हुनु, आर्थिक, समाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा महिलाको सहभागिता कम हुनु, गरीब, उत्पीडित वर्ग, पिछडिएको वर्ग र महिलाहरुलाई संबोधन गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु, वर्गिय, जातिय, लैङ्गिक र पेशागत भेदभाव हुनु, अशिक्षाको अभावले पिछडिएका वर्गमा चेतना र बुझाइको कमी हुनु, किशोर किशोरीहरुको मनोभाव बुझेर व्यवहार नगर्नु र उनीहरुलाई समाजमा घुलमिल हुने वातावरण सृजना नहुनु, अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउने वातावरण सिर्जना नहुनु, द्वन्द्व पीडित व्यक्तिहरुलाई समाजमा सहज ढङ्गले पुर्नस्थापित गराउन प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ५.४.३ चुनौती र अवसर

#### चुनौती

उत्पीडित वर्गमा आर्थिक विपन्नता र जनचेतनाको कमी हटाउन, महिला माथि हुने घरेलु र वाह्य व्यवहारगत विभेद उन्मुलन गर्न, समाजका सबै तहमा उचित शिक्षाको व्यवस्था गर्न, समाजमा परापूर्वकालदेखि कायम रहेको रुढीवादी सोच तथा परम्पराहरु उन्मुलन गरेर उचित मानसिकताको विकास गर्न, जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रय स्थलको निर्माण गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न, पिछडिएका वर्गमा आफ्नो व्यवहार र भविष्य प्रति सकारात्मक सोच जगाउन, रोजगारीको अवसर तथा प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न, महिला तथा पिछडिएका जातिलाई समाजमा प्रतिस्पर्धात्मक रुपमा समावेश गर्न, सामाजिक जनचेतनाको जगाउन, उत्पीडित तथा पिछडिएको वर्गको हितमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

#### अवसर

लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा संवैधानिक व्यवस्था हुनु, समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउन विभिन्न संवैधानिक आयोगहरूको व्यवस्था हुनु, मुलुक सात ओटा प्रदेश सहितको संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश हुनु, आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि हुनु, संविधानमा महिला सम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरीनु र संघ देखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता, सचेतनामूलक र सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी सामाजिक विभेद न्यूनिकरण गराई सभ्य समाजको निर्माण गर्न, राज्यको तर्फबाट जेष्ठ नागरिक, एकल महिला र अपांगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गरीएको जस्ता अवसरहरु छन् ।

### ५.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

लैङ्गिक सशक्तिकरण र समानता तथा सामाजिक समावेशिता, बरेङ गाउँपालिकाको पहिचान ।

**लक्ष्य**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुसार लक्षित वर्गको सामाजिक न्याय सहितको मर्यादित जीवनयापन सुनिश्चित गर्ने ।

**उद्देश्य**

१. लैससास सम्बन्धी नीतिगत तथा संस्थागत पूर्वाधारको विकास गर्नु ।

३. सबै प्रकारका विभेद र हिंसाको शुन्य सहनशीलता कायम गर्नु ।

### ५.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ लैससास सम्बन्धी नीतिगत तथा संस्थागत पूर्वाधारको विकास गर्नु । | |
| १.१ लैससास सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाई सामाजिक न्यायको प्रत्याभूति गर्ने । | १.१.१ गाउँपालिका स्तरीय लैससास नीति तर्जुमा गरिनेछ । |
| | १.१.२ लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्दै लगिनेछ । |
| | १.१.३ बालमैत्री शासन रणनीति तर्जुमा गरी बालमैत्री गाउँपालिका घोषणा गरिनेछ । |
| | १.१.४ महिला सञ्जाल, बालक्लव, जेष्ठ नागरिक सञ्जाल, अपाङ्गता भएका व्यक्तिको समुहसँग छलफल गरी तिनका चाहना र प्राथमिकता आधारमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.५ महिला तथा सीमान्तकृत वर्गलाई नेतृत्व विकास गर्न उपभोक्ता समिति तथा अन्य विभिन्न समुह, समिति, उपसमिति, क्लव तथा विभिन्न सञ्जालका निर्णायक पदमा समावेश गर्न प्रोत्साहित गरिनेछ । |
| | १.१.६ वडा अध्यक्ष नव बुहारी स्वागत तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.७ गाउँपालिका एक घर एक महिला रोजगार कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.८ उपाध्यक्षसँग महिला शसक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.९ उपाध्यक्षसँग आमा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.१० लैससास समन्धी विभिन्न सूचक तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ । |
| | १.१.११ ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप नयाँ पींढीमा हस्तान्तरण गर्न पहल गर्ने र उनीहरुको अनुभव आदान प्रदानको अवसर सिर्जना गरिनेछ । |
| उद्देश्य २ सबै प्रकारका विभेद र हिंसाको शुन्य सहनशीलता कायम गर्नु । | |
| २.१ ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता तथा आर्थिक रूपले विपन्नलाई विशेष प्राथमिकता दिँदै सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने । | २.१.१ महिला बिरुद्ध हुने सबै प्रकारका विभेद, हिसा, अन्याय, अत्याचार आदिको अन्त्य गर्न आवश्यक प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक उपायहरुको अवलम्वन गरिनेछ । |
| | २.१.२ गाउँपालिका अध्यक्ष सामाजिक संरक्षण, सुरक्षा तथा बचाउ कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.३ सामाजिक सांस्कृतिक मूल्य, मान्यता, संस्कार, व्यवहारमा सुधार गर्दै अन्धविश्वास, रुढीवादी परम्परागत विभेद हटाई समतामूलक समाज निर्माण गरिनेछ । |
| | २.१.४ लैङ्गिक तथा जातीय विभेद अन्त्यका लागि संविधान कानुन बमोजिम स्थानीय सरकारले कडा कारबाहीको व्यवस्था गर्ने तथा गाउँपालिकाको न्यायिक समितिलाई प्रभावकारी बनाइनेछ । |
| | २.१.५ बाल विवाह र बाल हिंसालाई अन्त्य गर्न नीतिगत र कानुनी व्यवस्था गरी |

| | |
|---|---|
| | प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| | २.१.६ अशक्त, जेष्ठ नागरिक, एकल महिलाहरुलाई स्याहार, पालन पोषणमा भएका कमी कमजोरी हटाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| | २.१.७ महिला र पुरूष बीचको ज्यालामा भएका विभेदको अन्त्य गरिनेछ । |

### ५.४.६ कार्यक्रमको प्राथमिकता

१. महिला तथा सीमान्तकृत, अपाङ्गता भएका वर्गलाई नेतृत्व तथा क्षमता विकास गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।

२. महिला बिरुद्ध हुने सबै प्रकारका विभेद, हिसा, अन्याय, अत्याचार आदिको अन्त्य गर्न आवश्यक प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक उपायहरुको अवलम्वन गर्ने ।

३. अशक्त, जेष्ठ नागरिक, एकल महिलाहरुलाई स्याहार, पालन पोषणमा भएका कमी कमजोरी हटाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ५.४.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | | | १.१.१ | क | गाउँपालिका स्तरीय लैससास नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | गापा |
| २ | | | १.१.२ | क | लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्ने | संख्या | | १ | | | | | १ | ” |
| ३ | | | १.१.३ | क | बालमैत्री शासन रणनीति तर्जुमा र बालमैत्री गाउँपालिका घोषणा | संख्या | ० | १ | | | | | १ | ” |
| ४ | | | १.१.४ | क | महिला सञ्जाल, बालक्लव, जेष्ठ नागरिक सञ्जाल, अपाङ्गता भएका व्यक्तिको चाहना र प्राथमिकता आधारमा विशेष कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ५ | | | १.१.५ | क | महिला तथा सीमान्तकृत वर्गलाई नेतृत्व विकास गर्न विभिन्न सञ्जालका निर्णायक पदमा समावेश | प्रकृया | | निरन्तर | | | | | | ” |
| ६ | १ | १.१ | १.१.६ | क | वडा अध्यक्ष नव बुहारी स्वागत तथा सम्मान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ” |
| ७ | | | १.१.७ | क | गाउँपालिका एक घर एक महिला रोजगार कार्यक्रम | प्रतिशत | ० | २० | २० | २० | २० | २० | १०० | ” |
| ८ | | | १.१.८ | क | उपाध्यक्षसँग महिला शसक्तिकरण कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ” |
| ९ | | | १.१.९ | क | उपाध्यक्षसँग आमा सम्मान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | ” |
| १० | | | १.१.१० | क | लैससास समन्धी विभिन्न सूचक तयार, अनुगमन र मूल्याङ्कन प्रणाली कार्यान्वयन | संख्या | ० | १ | | | | | १ | ” |
| ११ | | | १.१.११ | क | नयाँ पींढीमा ज्ञान र सीप हस्तान्तरण गर्न पहल र अनुभव आदान प्रदान अवसर सिर्जना | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| १२ | २ | २.१ | २.१.१ | क | महिला बिरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा, अन्याय, अत्याचार आदिको अन्त्य गर्न आवश्यक प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक उपायहरुको अवलम्वन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | | | २.१.२ | क | गाउँपालिका अध्यक्ष सामाजिक संरक्षण, सुरक्षा तथा बचाउ कार्यकम | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| १४ | | | २.१.३ | क | सामाजिक सांस्कृतिक मूल्य, मान्यता, संस्कार, व्यवहारमा सुधार र अन्धविश्वास, रुढीवादी परम्परागत विभेद हटाई समतामूलक समाज निर्माण | प्रकृया | | निरन्तर | | | | | | ” |
| १५ | | | २.१.४ | क | लैङ्गिक तथा जातीय विभेद अन्त्यका लागि संविधान कानुन बमोजिम स्थानीय सरकारले कडा कारबाहीको व्यवस्था र प्रभावकारी गाउँपालिकाको न्यायिक समिति | संख्या | | १ | | | | | १ | ” |
| १६ | | | २.१.५ | ग | बाल विवाह र बाल हिंसालाई अन्त्य गर्न नीतिगत कानुनी व्यवस्था र कार्यान्वयन | संख्या | १ | निरन्तर | | | | | १ | ” |
| १७ | | | २.१.६ | क | अशक्त, जेष्ठ नागरिक, एकल महिलाहरुलाई स्याहार, पालन पोषणमा भएका कमी कमजोरी हटाउन चेतनामूलक कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| १८ | | | २.१.७ | क | महिला र पुरूष बीचको ज्यालामा भएका विभेदको अन्त्य | प्रकृया | | निरन्तर | | | | | | ” |

**५.४.८ नतिजा**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/८० | २०७९/७९ | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | महिला र पछाडी पारिएका वर्गको क्षमता अभिवृद्धि, आत्मा सम्मान, सार्वजनिक सेवा सुविधामा तथा लाभको न्यायोजित वितरण | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी ( महिला, | संख्या | | | | | | | ५ | गापा | गापा | | ६ | ५ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | र उनीहरुको नेतृत्व विकास मार्फत निर्णय गर्न सक्ने क्षमता वृद्धि भएको हुने | बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्र तथा सञ्जाल | | | | | | | | | | | | | | |
| **असर १** | समाजमा हुने जातीय तथा लैङ्गिक विभेदको अन्त्य गर्दै सामाजमा सम्मानजनक वसाईको प्रत्याभूति भएको हुने | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटना (वार्षिक) | संख्या | | | | | | | ० | गापा | गापा | | ६ | ५ | ६ |
| | | व्यवसायिक अनुदान प्राप्त अपाङ्गता भएका व्यक्ति | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१** | गाउँपालिका स्तरीय लैससास नीति तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.२** | लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गरेको हुने | लैङ्गिक उत्तरदायी बजेट | संख्या | | १ | | | | | १ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.३** | बालमैत्री शासन रणनीति तर्जुमा र बालमैत्री गाउँपालिका घोषणा भएको हुने | बालमैत्री गाउँपालिका घोषणा | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.४** | महिला सञ्जाल, बालक्लव, जेष्ठ नागरिक सञ्जाल, अपाङ्गता भएका व्यक्तिको चाहना र प्राथमिकता आधारमा विशेष कार्यक्रम सञ्चालन भएको हुने | कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ५ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.५** | महिला तथा सीमान्तकृत वर्गलाई नेतृत्व विकास गर्न विभिन्न सञ्जालका निर्णायक पदमा समावेश भएको हुने | निर्णायक पद | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.६** | वडा अध्यक्ष नव बुहारी स्वागत तथा सम्मान कार्यक्रम भएको हुने | नव बुहारी स्वागत तथा सम्मान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.७** | गाउँपालिका एक घर एक महिला रोजगार कार्यक्रम भएको हुने | एक घर एक महिला रोजगार कार्यक्रम | प्रतिशत | ० | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.८** | उपाध्यक्षसँग महिला शसक्तिकरण कार्यक्रम भएको हुने | महिला शसक्तिकरण कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.९** | उपाध्यक्षसँग आमा सम्मान कार्यक्रम भएको हुने | आमा सम्मान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१०** | लैससास समन्धी विभिन्न सूचक तयार, अनुगमन र मूल्याङ्कन प्रणाली कार्यान्वयन भएको हुने | अनुगमन र मूल्याङ्कन प्रणाली कार्यान्वयन | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.११** | नयाँ पींढीमा ज्ञान र सीप हस्तान्तरण गर्न पहल र अनुभव आदान प्रदान अवसर सिर्जना भएको हुने | सीप हस्तान्तरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१२** | महिला बिरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा, अन्याय, अत्याचार आदिको अन्त्य गर्न आवश्यक प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक उपायहरुको अवलम्वन भएको हुने | प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक उपायहरुको अवलम्वन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१३** | गाउँपालिका अध्यक्ष सामाजिक संरक्षण, सुरक्षा | सामाजिक संरक्षण, सुरक्षा | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ६ | ५ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा बचाउ कार्यक्रम भएको हुने | तथा बचाउ कार्यक्रम | | | | | | | | | | | | | | |
| **प्रतिफल १.१४** | सामाजिक सांस्कृतिक मूल्य, मान्यता, संस्कार, व्यवहारमा सुधार र अन्धविश्वास, रुढीवादी परम्परागत विभेद हटाई समतामूलक समाज निर्माण भएको हुने | समतामूलक समाज निर्माण | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१५** | लैङ्गिक तथा जातीय विभेद अन्त्यका लागि संविधान कानुन बमोजिम स्थानीय सरकारले कडा कारबाहीको व्यवस्था र प्रभावकारी गाउँपालिकाको न्यायिक समिति बनेको हुने | न्यायिक समिति | संख्या | | १ | | | | | १ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१६** | बाल विवाह र बाल हिंसालाई अन्त्य गर्न नीतिगत कानुनी व्यवस्था र कार्यान्वयन भएको हुने | नीति | संख्या | १ | निरन्तर | | | | | १ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१७** | अशक्त, जेष्ठ नागरिक, एकल महिलाहरुलाई स्याहार, पालन पोषणमा भएका कमी कमजोरी हटाउन चेतनामूलक कार्यक्रम भएको हुने | चेतनामूलक कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ५ | ६ |
| **प्रतिफल १.१८** | महिला र पुरूष बीचको ज्यालामा भएका विभेदको अन्त्य भएको हुने | महिला र पुरूष बीचको ज्यालामा समान कायम | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ६ | ५ | ६ |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागीता वृद्धि गर्दै राजनीतिक, आर्थिक र सामाजिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकासका लागि विकास अनुशासन र गतिशिलताको नारालाई आत्मसाथ गर्न उत्प्ररित गराई देशलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा चिनाउनका लागि युवाहरुको सशक्तिकरण, युवा उद्यमशिलता, स्वास्थ्य, शिक्षा, रोजगारी लगायतका विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । बरेङ गाउँपालिकामा मुख्य रुपमा भलिबल खेल खेल्ने गरिन्छ भने क्रिकेट तथा फुटबलप्रति युवाहरुको आर्कषण बढ्दो क्रममा रहेतापनि उचित पूर्वाधारको अभाव रहेको छ । आय आर्जनका लागि यस क्षेत्रका युवाहरु वैदेशिक रोजगारीमा रहेका छन् जसबाट रेमिट्यान्स प्राप्त भएको छ । युवा जनशक्तिलाई स्वदेशमै रोजगारी सिर्जना गर्न सकेको खण्डमा यो गाउँपालिकाको समग्र विकासमा सहयोग भई समृद्ध गाउँपालिका बन्ने अवसर समेत रहेको छ ।

### ५.५.२ समस्या

युवा रोजगारीको अवसरको कमी हुनु, युवा वर्गलाई प्राविधिक तथा सीपमूलक तालिमको व्यवस्था नहुनु, खेल मैदानहरु अपर्याप्त र अव्यवस्थित हुनु, खेलकुदमा लागेका खेलाडीहरुलाई उचित प्रशिक्षण र अन्य आवश्यक सामाग्री, आर्थिक सहयोगको अभाव हुनु, युवा-युवतीलाई सिर्जनशिल कार्यमा संलग्न गराउन नसक्नु, सामाजिक गतिविधिमा युवाहरुको संलग्नता नहुनु, युवायुवतीको शारिरीक एवं मानसिक विकासको लागि खेलकुद, मनोरञ्जन र व्यायामको उचित व्यवस्था नहुनु, अव्यवस्थित खेलमैदान र अपर्याप्त खेलकुद सामाग्रीका कारणले दक्ष खेलाडी उत्पादन नहुनु जस्ता समस्याहरु रहेका छन् ।

### ५.५.३ चुनौती र अवसर

**चुनौती**

युवा वर्गमा बढ्दो विदेश पलायन रोकेर रोजगारी सिर्जना गर्न, खेलकुदको माध्यमबाट रोजगारी सिर्जना गर्न, खेलकुदको क्षेत्रमा उचित संरचना, सामाग्री र पूर्वाधारको विकास गर्न, खेलाडीहरुलाई उचित प्रशिक्षण र अन्य आवश्यक सामाग्रीको व्यवस्था गर्न, बालबालिका, किशोर किशोरी र युवाहरुको शिक्षाको गुणस्तरीयता बढाउन, स्वास्थ्य, पोषण, मनोरञ्जन, खेलकुद लगायत विभिन्न सुविधा उपलब्ध गराएर उनीहरुको शारिरीक, मानसिक एवं संवेगात्मक भावनाको विकास गराउन, युवा लक्षित दिर्घकालिन योजनाहरु निर्माण गर्न, आर्थिक व्यवस्थापन नहुँदा भौगोलिक अवस्था समर्थन नहुनाले खेलकुदको विकास गर्न आदि यस क्षेत्रका चुनौतीहरु हुन् ।

**अवसर**

युवा परिचालनको राष्ट्रिय नीति रहनु, वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप, ज्ञान, अनुभव उपोगको नीति रहनु, युवाको उद्यमशीलता बढाइ उनीहरुलाई रोजगारीमूलक कार्यमा संलग्न गराउने वा स्वरोजगार प्रोत्साहन नीति रहनु, विपद व्यवस्थापन लगायत वातावरण संरक्षणमा स्वयंसेवक परिचालन गर्न सकिने अवस्था रहनु, खेलकुद विकासका लागि गाउँपालिकालाई जिम्मेवारी दिइनु, युवा क्लबहरु रहनु र विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, युवाहरुलाई उचित प्रशिक्षणको व्यवस्था गरी गाउँपालिकादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीसम्म पुऱ्याउन, युवा लक्षित नीति, योजना तथा उद्यमशील कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न जस्ता प्रमुख अवसरहरु छन् ।

### ५.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

स्वस्थ्य, सिर्जनशिल, सक्षम तथा नैतिकवान युवा र व्यवस्थित खेलकुद पूर्वाधार, सहभागितामुलक विकासको आधार ।

**लक्ष्य**

व्यवस्थित खेलकुद पूर्वाधार निर्माण र युवा वर्गको सीप तथा क्षमता अभिवृद्धि गरी समुन्नत समाजको निर्माण गर्ने ।

**उद्देश्य**

१. सीप, दक्षता र कार्यकुशलताको विकास गरी युवा वर्गको परिचालन गर्नु ।

२. खेलकुद जनशक्ति र पूर्वाधारको विकास गर्नु ।

**५.५.५ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सीप, दक्षता र कार्यकुशलताको विकास गरी युवा वर्गको परिचालन गर्नु । | |
| १.१ युवाको क्षमता विकास गरी रोजगारी बढाउने । | १.१.१ युवा क्लबहरुको गठनमा उत्प्रेरणा जगाई युवाको संस्थागत पहिचान कायम गरिनेछ । |
| | १.१.२ युवाहरुलाई उनीहरुको रुची अनुसारको सीप विकास तालिम उपलब्ध गराइनेछ । |
| | १.१.३ युवाहरुलाई पर्यटन, लघु तथा घरेलु उद्योग, प्राकृतिक श्रोत उपयोग र व्यवस्थापन, कृषि जस्ता स्थानीय सम्भाव्यतामा आधारित आयमूलक तथा रोजगारीका क्षेत्रमा लगानी गर्न बैंक तथा वित्तीय संस्थाहरुसँग सहजीकरण गरिनेछ । |
| | १.१.४ विद्यालय स्तरमा प्राविधिक र व्यवसायिक शिक्षा अध्ययनको अवसर सिर्जना गरिनेछ । |
| | १.१.५ आर्थिक रुपले अति विपन्न र अपाङ्गता भएका व्यक्तिलाई संघीय, प्रादेशिक एवं अन्य संघ संस्थासँग समन्वय तथा सहकार्य गरी सीपमूलक तालिम दिइनेछ । |
| | १.१.६ वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी तिनको सीप, ज्ञान, अनुभव र रकमलाई सम्भाव्य क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । |
| | १.१.७ प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजना गरिनेछ । |
| उद्देश्य २ खेलकुद जनशक्ति र पूर्वाधारको विकास गर्नु । | |
| २.१ गाउँपालिकामा खेलकुदको विकास गर्ने । | २.१.१ गाउँपालिका स्तरीय रंगशाला र प्रत्येक वडामा खेल मैदानको विकास गरिनेछ । |
| | २.१.२ माध्यमिक र निम्न माध्यमिक विद्यालय तहमा खेल मैदानको निर्माण गरी अन्तर विद्यालय खेलकुद प्रतियोगिताको वार्षिक रुपमा आयोजना गर्न प्रोत्साहन गरिनेछ । |
| | २.१.३ गाउँपालिका स्तरीय उत्कृष्ट खेलाडीहरुलाई जिल्ला, प्रदेश तथा संघीय स्तरमा आयोजना हुने खेलकुदमा भाग लिन प्रोत्साहित गरिनेछ । |
| | २.१.४ प्रदेश तथा संघीय स्तरमा उत्कृष्टता हाँसिल गरी पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कारको व्यवस्था गरिनेछ । |
| | २.१.५ युवाहरुमा लोक संस्कृतिको विकास गर्न क्लबहरु मार्फत लोक कार्यक्रमको आयोजना गरिनेछ । |
| | २.१.६ स्थानीय कला, संस्कृतिको जगेर्ना गर्न युवाहरुमा सीप पुस्तान्तरण गर्न प्रोत्साहित गरिनेछ । |
| | २.१.७ नियमित खेलकुद प्रतियोगिताका लागि निजी क्षेत्र र संघ संस्थाहरूसँग समन्वय गरिनेछ । |
| | २.१.८ साहसिक, पर्यटकीय, मनोरञ्जनात्मक र व्यवसायिक खेलहरुलाई प्रवर्द्धन र संवर्द्धन गरिनेछ । |
| | २.१.९ खेल प्रशिक्षकको व्यवस्था गरिनुका साथै खेल सामाग्रीको व्यवस्था गरिनेछ । |

**५.५.६ कार्यक्रमको प्राथमिकता**

१. युवाहरुलाई उनीहरुको रुची अनुसारको सीप विकास तालिम दिने ।

२. गाउँपालिका स्तरीय रंगशाला र प्रत्येक वडामा खेल मैदानको विकास गर्ने ।

३. अन्तर विद्यालय खेलकुद प्रतियोगिताको वार्षिक रुपमा आयोजना गर्ने ।

### ५.५.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | युवा क्लबहरुको गठनमा उत्प्रेरणा | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा |
| २ | | | १.१.२ | क | युवाहरुलाई रुची अनुसारको सीप विकास तालिम उपलब्धता | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ३ | | | १.१.३ | क | युवाहरुलाई स्थानीय सम्भाव्यतामा आधारित आयमूलक तथा रोजगारीका क्षेत्रमा लगानी गर्न वैंक तथा वित्तीय संस्थाहरुसँग सहजीकरण | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ४ | | | १.१.४ | क | विद्यालय स्तरमा प्राविधिक र व्यवसायिक शिक्षा अध्ययनको अवसर सिर्जना | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | ” |
| ५ | | | १.१.५ | क | आर्थिक रुपले अति विपन्न र अपाङ्गता भएका व्यक्तिलाई संघीय, प्रादेशिक एवं अन्य संघ संस्थासँग समन्वय तथा सहकार्य गरी सीपमूलक तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ६ | | | १.१.६ | क | वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी तिनको सीप, ज्ञान, अनुभव र रकमलाई सम्भाव्य क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन | संख्या | ० | १ | | | | | १ | ” |
| ७ | | | १.१.७ | ग | प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजना | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ८ | २ | २.१ | २.१.१ | ख | गाउँपालिका स्तरीय रंगशाला र प्रत्येक वडामा खेल मैदानको विकास | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | | | २.१.२ | क | गाउँपालिका स्तरीय उत्कृष्ट खेलाडीहरुलाई जिल्ला, प्रदेश तथा संघीयस्तरमा आयोजना हुने खेलकुदमा भाग लिन प्रोत्साहन | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| १० | | | २.१.३ | क | प्रदेश तथा संघीयस्तरमा उत्कृष्टता हाँसिल गरी पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कारको व्यवस्था | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| ११ | | | २.१.४ | क | लोक संस्कृतिको विकास गर्न क्लबहरु मार्फत लोक कार्यक्रमको आयोजना | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| १२ | | | २.१.५ | क | स्थानीय कला, संस्कृतिको जगेर्ना गर्न युवाहरुमा सीप पुस्तान्तरण गर्न प्रोत्साहन | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| १३ | | | २.१.६ | क | नियमित खेलकुद प्रतियोगिताका लागि निजी क्षेत्र र संघ संस्थाहरूसँग समन्वय | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| १४ | | | २.१.७ | ख | साहसिक, पर्यटकीय, मनोरञ्जनात्मक र व्यवसायिक खेलहरुलाई प्रवर्द्धन र संवर्द्धन | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| १५ | | | २.१.८ | क | खेल प्रशिक्षकको व्यवस्था गरिनुका साथै खेल सामाग्रीको व्यवस्था | संख्या | ० | | १ | | | | १ | ” |

### ५.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा उपलब्धि | पुष्टयाईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | युवाहरुको सर्वाङ्गिण विकासका लागि प्राविधिक शिक्षा, उद्यमशीलता, रोजगारी, एवं सिर्जनशीलताको विकास हुनुका साथै खेलकुद क्षेत्रमा प्रतिभाशाली खेलाडीहरु उत्पादन भएको हुने | वैदेशिक रोजगारीमा गएको युवा | संख्या | | | | | | | ० | गापा | गापा | | २ | ८ | ८ |
| | | युवा क्लब, सञ्जाल तथा संस्था | संख्या | | भएकाको स्तरोन्नती | | | | | | गापा | गापा | | २ | ८ | ८ |
| असर १ | सीप, दक्षता र क्षमताका आधारमा युवा वर्गको परिचालन भएको हुने | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | २ | ८ | ८ |
| | खेलकुद क्षेत्रको विकासका लागि युवा वर्ग आकर्षित भएको हुने | खेलकुद क्षेत्रमा युवा वर्ग | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | २ | ८ | ८ |
| प्रतिफल १.१ | युवा क्लबहरुको गठनमा उत्प्रेरणा भएको हुने | युवा क्लब | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ८ | ८ |
| प्रतिफल १.२ | युवाहरुलाई रुची अनुसारको सीप विकास तालिम उपलब्धता भएको हुने | तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ८ | ८ |
| प्रतिफल १.३ | युवाहरुलाई स्थानीय सम्भाव्यतामा आधारित आयमूलक तथा रोजगारीका क्षेत्रमा लगानी गर्न बैंक तथा वित्तीय संस्थाहरुसँग सहजीकरण भएको हुने | सहजीकरण | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | २ | ८ | ८ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.४** | विद्यालय स्तरमा प्राविधिक र व्यवसायिक शिक्षा अध्ययनको अवसर सिर्जना भएको हुने | व्यवसायिक शिक्षा अध्ययनको अवसर | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.५** | आर्थिक रुपले अति विपन्न र अपाङ्गता भएका व्यक्तिलाई संघीय, प्रादेशिक एवं अन्य संघ संस्थासँग समन्वय तथा सहकार्य गरी सीपमूलक तालिम दिएको हुने | सीपमूलक तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.६** | वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी तिनको सीप, ज्ञान, अनुभव र रकमलाई सम्भाव्य क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.७** | प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजना भएको हुने | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.८** | गाउँपालिका स्तरीय रंगशाला र प्रत्येक वडामा खेल मैदानको विकास भएको हुने | खेल मैदान | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.९** | गाउँपालिका स्तरीय उत्कृष्ट खेलाडीहरुलाई जिल्ला, प्रदेश तथा संघीयस्तरमा आयोजना हुने खेलकुदमा भाग लिन प्रोत्साहन भएको हुने | खेलकुदमा भाग लिने | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.१०** | प्रदेश तथा संघीयस्तरमा उत्कृष्टता हाँसिल गरी पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कारको व्यवस्था भएको हुने | पुरस्कार | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ८ | ८ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.११** | लोक संस्कृतिको विकास गर्न क्लबहरु मार्फत लोक कार्यक्रमको आयोजना भएको हुने | लोक कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.१२** | स्थानीय कला, संस्कृतिको जगेर्ना गर्न युवाहरुमा सीप पुस्तान्तरण गर्न प्रोत्साहन भएको हुने | सीप पुस्तान्तरण | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.१३** | नियमित खेलकुद प्रतियोगिताका लागि निजी क्षेत्र र संघ संस्थाहरूसँग समन्वय भएको हुने | समन्वय कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.१४** | साहसिक, पर्यटकीय, मनोरञ्जनात्मक र व्यवसायिक खेलहरुलाई प्रवर्द्धन र संवर्द्धन भएको हुने | खेल प्रवर्द्धन र संवर्द्धन कार्यक्रम | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | २ | ८ | ८ |
| **प्रतिफल १.१५** | खेल प्रशिक्षकको व्यवस्था गरिनुका साथै खेल सामाग्रीको व्यवस्था भएको हुने | खेल सामाग्रीको व्यवस्था | संख्या | ० | | १ | | | | १ | गापा | गापा | | २ | ८ | ८ |

# परिच्छेद ६ : भौतिक पूर्वाधार विकास

## ६.१ यातायात, सडक र पुल

### ६.१.१ पृष्ठभूमि
बरेङ गाउँपालिकालाई हालसम्म कुनै पनि रणनैतीक सडकले छुन नसकेकाले यस गाउँपालिका बाग्लुङ जिल्लाको अति विकट स्थानीय तहमा पर्दछ । गण्डकी प्रदेशको हरेक स्थानीय तहको केन्द्रसम्म पुग्ने सडक प्रदेश आफैले बनाउने नीति अनुसार यस गाउँपालिका अन्तर्गतको कुश्मिशेरा हुँदै लिउवा-नाम्दुक-बरेङ सडकखण्ड प्रदेश सरकारको मातहतमा रही निर्माण हुने भएको छ । यहाँ सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । गाउँपालिकामा प्राय टेक्टर, जिप, बस, मोटरसाइकलहरूको प्रयोग गरिएको देखिन्छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बस बिसौनीको अभाव रहेको छ । आन्तरिक यातायातको भरपर्दो सडक सुविधा नभएकोले गाउँपालिकामा आन्तरिक यातायात सेवा सुचारु भएको छैन । यद्यपी गाउँपालिकाबाट दैनिक रूपमा बाग्लुङ, काठमाडौं, शान्तिपुर, पाल्पा र बुटवल जाने यातायात सञ्चालनमा रहेको छ । यसबाहेक निजी सवारी भाडामा लिएर जुनसुकै ठाउँ जान सकिन्छ ।

गाउँपालिकाको यातायात गुरु योजना तयार भइसकेको छ जस अनुसार यहाँ ४९ संख्यामा रहेका सडकहरुको जम्मा लम्बाई १८३.१५ कि. मि. रहेको छ जसमध्ये १३८.४७ कि. मि. (४२ संख्या) निर्माण भएको छ भने बाँकी ४४.६८ कि. मि. (७ संख्या) नयाँ निर्माण गर्नुपर्ने देखिएको छ । क वर्गका २ सडक, ख वर्गका ८ सडक र ग वर्गका ३९ सडक रहेका छन् । क वर्गका सडकहरुको जम्मा लम्बाई ३२.३७ कि. मि. रहेको छ र सबै निर्माण भएको छ । ख वर्गका सडकहरुको जम्मा लम्बाई ५६.१८ कि. मि. रहेको छ जसमध्ये ४९.५९ कि. मि. निर्माण भएको छ भने बाँकी ६.५९ कि. मि. नयाँ निर्माण गर्नुपर्ने देखिएको छ । ग वर्गका सडकहरुको जम्मा लम्बाई ९४.६ कि. मि. रहेको छ जसमध्ये ५५.५१ कि. मि. (३९ संख्या) निर्माण भएको छ भने बाँकी ३९.०९ कि. मि. (७ संख्या) नयाँ निर्माण गर्नुपर्ने देखिएको छ । साथै गाउँपालिकामा रिङ्गरोडको पनि अवधारणा रखिएको छ । प्रस्तावित रिङ्गरोडको जम्मा लम्बाई ७१.४७ कि.मि. रहेको छ जसमध्ये ५१.१२ कि.मि. हाल चलिरहेको सडकमा पर्दछ भने बाँकी २०.३५ कि.मि. नयाँ निर्माण गर्नुपर्ने देखिएको छ । रिङ्गरोडमा पर्ने हरेक सडक जुनसुकै वर्गमा परेपनी त्यस सडकको न्युनतम अधिकार क्षेत्र ८ मि. कायम गरिएको छ ।

### ६.१.२ समस्या
सबै मुख्य र साखा सडकहरु कच्ची र नाजुक हुनु तथा यातायातको राम्रो व्यवस्था नहुनु, बरेङडाँडामा बाहेक अन्य सडकको स्तरोन्नती नहुनु, सडकहरु कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु, आवश्यक पूर्व तयारी र अध्ययन बिना नै सडक निर्माण तथा अव्यवस्थित आवास क्षेत्र विकास हुनु, भौगोलिक बनावटका कारण सडक अवरुद्ध भइरहनु, बर्खाको समयमा बाटो बन्द रहनु, आवश्यक ठाउँमा पुलको कमी हुनु, भत्केको पुलहरुको मर्मत नभएकाले गर्दा आवतजावतमा समेत बाधा हुनु, धेरैजसो वस्ती एक्लो तथा छरिएर रहनु, सार्वजनिक यातायातका साधनहरुको अभाव हुनु, ढुवानी निकै खर्चिलो र महँगो हुनु, पर्यटकीय पदमार्गको पहिचान र विस्तार नहुनु जस्ता समस्याहरु रहेका छन् ।

### ६.१.३ चुनौती र अवसर

#### चुनौती
सडकहरुको स्तरोन्नती गरी १२ महिना चल्ने बनाउन, वडाका प्रमुख सडकहरुलाई सार्वजनिक यातायात सञ्जालले जोड्न, अव्यवस्थित रुपमा भएको वस्ती विकास रोक्न, वैज्ञानिक रूपमा सडक निर्माण र नयाँ सडक निर्माण व्यवस्थापन गर्न, आवश्यक ठाउँमा उचित पुल निर्माण गर्न, सुविधा सम्पन्न आवास, वस्ती विकास, व्यवस्थित र गुणस्तरीय सार्वजनिक पूर्वाधार निर्माण गर्न, कठिन भौगौलिक अवस्थाका कारण खर्चिलो भएको निर्माण कार्यको व्यवस्थापन गर्न, वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार र स्तरोन्नती गर्न, गाउँपालिकाका विभिन्न बसोबास र घरधुरीलाई जोडेर रिङरोड निर्माण गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

#### अवसर
गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्नु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्यधिक उत्साह र माग रहनु, गाउँपालिकाको महत्वपूर्ण सडकहरु स्तरोन्नती र कालो

पत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग हुनु, महत्वपूर्ण सडकहरु जोड्ने पक्की पुल निर्माणमा प्रदेश र संघीय सरकारको समन्वयन हुनु जस्ता अवसरहरु रहेका छन् ।

### ६.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

समग्र विकासको मेरुदण्ड; व्यवस्थित यातायात पूर्वाधार र सडकखण्ड ।

**लक्ष्य**

सडक पूर्वाधारको विकास तथा विस्तार मार्फत आर्थिक तथा सामाजिक अवसरहरुमा गाउँपालिकावासीको पहुँच वृद्धि गर्ने ।

**उद्देश्य**

१. दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जाल, पुल तथा पदमार्गहरुको विस्तार गर्नु ।
२. आवश्यक स्थानमा बसपार्क, बस स्टप र प्रतिक्षालयको निर्माण तथा व्यवस्थापन गर्नु ।

### ६.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जाल, पुल तथा पदमार्गहरुको विस्तार गर्नु । | |
| १.१ गुणस्तरीय हरित सडक पूर्वाधार निर्माण गर्ने । | १.१.१ स्थानीय, ग्रामीण तथा कृषि सडक एवं यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । |
| | १.१.२ गाउँपालिकाको यातायात गुरुयोजना अनुसारको कार्यक्रमहरु प्रयोगमा ल्याइनेछ । |
| | १.१.३ वडा कार्यलय जोड्ने सडकलाई बाह्रै महिना चल्ने र सार्वजनिक यातायात सुचारु गर्ने व्यवस्था मिलाइनेछ । |
| | १.१.४ गाउँपालिकाका विभिन्न वडामा आवश्यकता र प्राथमिकता अनुसार पक्की पुल र झोलुङ्गे पुलको निर्माण गरिनेछ । |
| | १.१.५ रु. १० लाख भन्दा बढी लागतका सडक तथा पुल निर्माण गर्नु पूर्व सम्भाव्यता अध्ययन तथा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आयोजना स्वीकृत गरिनेछ । |
| | १.१.६ आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा १५ प्रतिशत र ग्राभेल, माटो तथा कुलोपैनीको कार्यमा कम्तिमा २० प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य जुटाई उपभोक्ताद्धारा आयोजना सञ्चालन गरिनेछ । |
| | १.१.७ आयोजना कार्यान्वयन अघि उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इस्टिमेट, मापदण्ड, मर्मतसंभार आदि) र व्यवस्थापकीय पक्ष ( उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा तथा फरफारक आदि) विषयमा तालिम प्रदान गरिनेछ । |
| | १.१.८ सडक बनाउँदा नाली अनिवार्य रुपमा निर्माण गर्ने र आवश्यकता अनुसार पानीको निकासको व्यवस्था गरिनेछ । |
| | १.१.९ प्राथमिकताका आधारमा पदमार्गको विस्तार तथा स्तरोन्नती गरिनेछ । |
| | १.१.१० नयाँ पर्यटक पदमार्ग सञ्चालन, केवलकार र रिङरोडको सम्भाव्यता अध्ययन गरिनेछ । |
| उद्देश्य २ आवश्यक स्थानमा बसपार्क, बस स्टप र प्रतिक्षालयको निर्माण तथा व्यवस्थापन गर्नु । | |
| २.१ बसपार्क, बस स्टप र प्रतिक्षालय निर्माण गर्ने । | २.१.१ उचित स्थान पहिचान गरेर बस पार्क निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ । |
| | २.१.२ आवश्यक स्थानमा बस स्टपहरु निर्माण गरिनेछ । |

| | |
|---|---|
| | २.१.३ सडकका मुख्य गन्तव्यहरुमा यात्रु प्रतिक्षालयको रुपमा वर, पिपल वा समीका बोटहरु वृक्षारोपण गरी परम्परागत ढुंगे चौताराहरु निर्माण गरिनेछ । |

### ६.१.६ कार्यक्रमको प्राथमिकता

१. गाउँपालिकाको यातायात गुरुयोजना अनुसारको कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

२. वडा कार्यलय जोड्ने सडकलाई बाह्रै महिना चल्ने र सार्वजनिक यातायात सुचारु गर्ने ।

३. उचित स्थान पहिचान गरेर बस पार्क निर्माण गर्न आवश्यक व्यवस्था गर्ने ।

### ६.१.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | | | १.१.१ | क | स्थानीय, ग्रामीण तथा कृषि सडक एवं यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन | संख्या | ० | १ | | | | | १ | गापा |
| २ | | | १.१.२ | ख | यातायात गुरुयोजना अनुसारको कार्यक्रमहरु प्रयोग | प्रतिशत | | १० | १० | १० | १० | १० | ५० | " |
| ३ | | | १.१.३ | ख | वडा कार्यलय जोड्ने सडकलाई बाह्रै महिना चल्ने र सार्वजनिक यातायात सुचारु | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | " |
| ४ | | | १.१.४ | ख | आवश्यकता र प्राथमिकता अनुसार पक्की पुल र झोलुङ्गे पुल निर्माण | संख्या | | २ | ३ | २ | ३ | ५ | १५ | " |
| ५ | १ | १.१ | १.१.५ | ख | १० लाख भन्दा बढी लागतका सडक तथा पुल निर्माण गर्नु पूर्व सम्भाव्यता अध्ययन तथा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार | प्रकृया | | निरन्तर | | | | | | " |
| ६ | | | १.१.६ | क | आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा १५ प्रतिशत र ग्राभेल, माटो तथा कुलोपैनीको कार्यमा कम्तिमा २० प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य | प्रकृया | | निरन्तर | | | | | | " |
| ७ | | | १.१.७ | क | आयोजना कार्यान्वयन अघि उपभोक्ता समितिलाई तालिम प्रदान | प्रकृया | | निरन्तर | | | | | | " |
| ८ | | | १.१.८ | ख | सडक बनाउँदा नाली अनिवार्य रुपमा निर्माण | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | १०० | " |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | | | १.१.९ | ख | प्राथमिकताका आधारमा पदमार्गको विस्तार तथा स्तरोन्नती | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| १० | | | १.१.१० | क | नयाँ पर्यटक पदमार्ग सञ्चालन, केवलकार र रिङरोडको सम्भाव्यता अध्ययन | संख्या | ० | | १ | | | | १ | ” |
| ११ | २ | २.१ | २.१.१ | ग | उचित स्थान पहिचान गरेर बस पार्क निर्माण | संख्या | ० | १ | | | | | १ | ” |
| १२ | | | २.१.२ | ख | आवश्यक स्थानमा बस स्टपहरु निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| १३ | | | २.१.३ | क | यात्रु प्रतिक्षालयको रुपमा वर, पिपल वा समीका बोटहरु वृक्षारोपण गरी परम्परागत ढुंगे चौताराहरु निर्माण | संख्या | | २ | २ | २ | २ | २ | १० | ” |

**६.१.८ नतिजा**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | गाउँपालिकाको सवै वडा केन्द्र, प्रमुख बजार क्षेत्र र पर्यटक स्थलहरु सम्म १२ है महिना सवारी साधन सञ्चालन हुने सडक निर्माण भएको हुने | कालोपत्रे सडक | कि.मि. | ०.८४ | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ३ | ९ | ५ |
| | | ग्राभेल सडक | कि.मि. | | ३ | ३ | ३ | ३ | ३ | १५ | गापा | गापा | | ३ | ९ | ५ |
| **असर १** | सडक तथा पुल लगायतका पूर्वाधारलाई दिगो, भरपर्दो तथा गुणस्तरीय हुने | दिगो सडक पूर्वाधार | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.१** | सडक यातायात सम्बन्धी स्थानीय नीति, | नीति, कानुन, | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ३ | ९ | ५ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कानुन, मापदण्ड तर्जुमा भएको हुने | मापदण्ड | | | | | | | | | | | | | | |
| **प्रतिफल १.२** | यातायात गुरुयोजना अनुसारको कार्यक्रमहरु भएको हुने | यातायात गुरुयोजना अनुसारको कार्यक्रमहरु | प्रतिशत | | १० | १० | १० | १० | १० | ५० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.३** | वडा कार्यलय जोड्ने सडकलाई बाह्रै महिना चल्ने र सार्वजनिक यातायात सुचारु भएको हुने | वडा कार्यलय जोड्ने सडक निर्माण | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.४** | पक्की पुल र झोलुङे पुल निर्माण भएको हुने | पुल | संख्या | | २ | ३ | २ | ३ | ५ | १५ | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १. ५** | पूर्व सम्भाव्यता अध्ययन तथा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको हुने | परियोजना प्रतिवेदन | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.६** | आम उपभोक्ताको ( लागत) सहभागितामा संरचना निर्माण कार्य भएको हुने | आम उपभोक्ताको सहभागितामा संरचना निर्माण | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.७** | आयोजना कार्यान्वयन अघि उपभोक्ता समितिलाई तालिम प्रदान भएको हुने | तालिम | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ३ | ९ | ५ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.८** | सडक बनाउँदा नाली अनिवार्य रुपमा निर्माण भएको हुने | नाली अनिवार्य रुपमा निर्माण | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.९** | प्राथमिकताका आधारमा पदमार्गको विस्तार तथा स्तरोन्नती भएको हुने | पदमार्गको विस्तार तथा स्तरोन्नती | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.१०** | नयाँ पर्यटक पदमार्ग सञ्चालन, केवलकार र रिङरोडको सम्भाव्यता अध्ययन भएको हुने | सम्भाव्यता अध्ययन | संख्या | ० | | १ | | | | १ | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.११** | उचित स्थान पहिचान गरेर बस पार्क निर्माण भएको हुने | बस पार्क | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.१२** | आवश्यक स्थानमा बस स्टपहरु निर्माण भएको हुने | बस स्टप | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.१३** | यात्रु प्रतिक्षालयको रुपमा वर, पिपल वा समीका बोटहरु वृक्षारोपण गरी परम्परागत ढुंगे चौताराहरु निर्माण भएको हुने | यात्रु प्रतिक्षालय | संख्या | | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ३ | ९ | ५ |

## ६.२ सिंचाई

### ६.२.१ पृष्ठभूमि

गाउँ विकासका दृष्टिले सिंचाई अति महत्वपूर्ण हुन्छ र संविधानले पनि सिंचाईलाई स्थानीय सरकारको जिम्मेवारीमा राखेको छ। स्थानीय सरकार सञ्चालन ऐनले सिंचाई सम्बन्धी नीति, कानुन, योजना, मापदण्ड निर्माण, कार्यान्वयन, अनुगमन तथा नियमनको अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ । कृषि बालीको उत्पादन र उत्पादकत्व बढाउन सिंचाईको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वडा नं. २, ३ र ४ हुँदै बग्ने हुग्दी खोला यस क्षेत्रको सिंचाईको प्रमुख श्रोतको रुपमा रहेको छ भने पालुङ खोला, लुङ्दी खोला, ढाव खोला, खाल्ले खोला, ठाडो खोला, भैंसे खोलाहरु अन्य सिंचाईका श्रोत हुन् । कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक श्रोतको उपयोग गरी सबै खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ । गाउँपालिकामा सिंचाईको कुनै ठूलो योजना नरहेको र परम्परागत शैलीमा कुलोहरु निर्माण गरेर सिंचाई गरिरहेको अवस्था रहेको छ ।

### ६.२.२ समस्या

हिउँदमा सिंचाईको अभावले गर्दा व्यवसायिक कृषिमा असर पर्नु, धेरै ठाउँहरुमा कच्ची कुलो तथा नहरहरु रहनु, नहरहरुको राम्रो व्यवस्थापन नहुनु, परम्परागत कृषि कुलोहरूको आधुनिकिकरण तथा सुधार हुन नसक्नु, आधुनिक उपकरणको प्रयोग नहुनु, सिंचाई गुरुयोजना बनाई योजनाबद्ध विकास तथा यिवस्थापन गर्न नसक्नु, दिगो सिंचाईको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुनु र खाद्यान्न उत्पादन प्रति कृषक तथा समुदायको उत्साहजनक आकर्षण नहुनु, अन्य भौतिक पूर्वाधारहरूको तुलनामा सिंचाई पूर्वाधारप्रति समुदायहरूको चासो कम हुनु, भएका सिंचाई योजना तथा कुलोहरुलाई बाढीले बगाउनु, सिंचाईका लागि जलश्रोतको अभाव हुनु साथै भौगोलिक जटिलताका कारण दिगो सिंचाई योजना कार्यान्वयन गर्न कठिनाई हुनु आदि सिंचाई क्षेत्रका समस्याहरू हुन् ।

### ६.२.३ चुनौती र अवसर

#### चुनौती

वर्षभरी सिंचाई गर्नका लागि पर्याप्त सिंचाई परियोजनाको व्यवस्थापन गर्न, परम्परागत प्रणाली विस्थापित गरी सिंचाई क्षेत्रमा आधुनिकिकरणको प्रवेश गराउन, सुक्दै गएका प्राकृतिक मुल तथा मुहान संरक्षण गर्न, बढ्दै गएको उपलब्ध पानीको श्रोत माथिको चाप व्यवस्थापन गर्न, आधुनिक सिंचाईमा ध्यानाकर्षण तथा लगानी बढाउन, भौगोलिक तथा आर्थिक जटिलतालाई न्यूनीकरण गर्न, सञ्चालनमा रहेका सिंचाई आयोजनाहरूको मर्मत सम्भार तथा अधिकतम प्रयोग गर्न, विज्ञ प्रशिक्षक र तालिम प्राप्त प्राविधिकहरुको पुर्ति गर्न, जलवायु परिवर्तन तथा नदीजन्य निर्माण सामाग्रीको अव्यवस्थित दोहनले सिंचाई क्षेत्रमा पारेको असरहरूको पहिचान गरी असर न्यूनीकरण गर्न आदि सिंचाई क्षेत्रका चुनौतीहरू हुन् ।

#### अवसर

विभिन्न नयाँ सिंचाई प्रविधिहरूको विकास हुँदै जानु, ठूला व्यवसायिक कृषि फर्म तथा आयोजनाहरूको विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, थोपा सिंचाईको सम्भावना हुनु, कृषियोग्य र सिंचाईयोग्य जमिनमा सिंचाई गर्न र जमिनको स्वरुप उपयुक्त प्रविधि र सुहाउँदो खेती गरी जमिन बाँझो नराख्न, वर्षामा आउने पानीलाई संकलन गरेर ड्याम बाँध्न सकिने, सिँचाई क्षेत्रमा दक्षता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

#### सोच

खेतीयोग्य जमिनमा दिगो सिचांईको आपुर्ती, कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि ।

#### लक्ष्य

आधुनिक सिंचाई प्रणालीको विकास र व्यवस्थापनद्वारा कृषि उत्पादकत्व वृद्धि गर्ने ।

#### उद्देश्य

१. विद्यमान सिंचाई पूर्वाधारको मर्मत तथा जिर्णोद्धार गर्नु ।
२. उपयुक्त तथा नयाँ प्रविधिको उपयोग गरी सिंचाई सुविधा विस्तार गर्नु ।

### ६.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ विद्यमान सिंचाई पूर्वाधारको मर्मत तथा जिर्णोद्धार गर्नु । | |
| १.१ सम्पूर्ण विद्यमान सिंचाईहरुको स्तर वृद्धि गर्ने । | १.१.१ परम्परागत सिंचाई प्रविधिहरुलाई बाह्रै महिना सिंचाई उपलब्ध हुन सक्ने गरी स्तरोन्नती गरिनेछ । |
| | १.१.२ सिंचाई योजनाहरुको मर्मत सम्भार तथा पुनर्स्थापनाको लागि सिंचाई उपभोक्ता समुह परिचालन गरिनेछ । |
| | १.१.३ उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| उद्देश्य २ उपयुक्त तथा नयाँ प्रविधिको उपयोग गरी सिंचाई सुविधा विस्तार गर्नु । | |
| २.१ खेतीयोग्य जमिनहरुमा नयाँ प्रविधियुक्त सिंचाई सुविधा उपलब्ध गर्ने । | २.१.१ खाद्य उत्पादन वृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तारलाई प्राथमिकतामा राखिनेछ । |
| | २.१.२ सम्भाव्यता अध्ययन गरी उपयुक्त सिंचाईको विस्तार गरिनेछ । |
| | २.१.३ सम्भाव्यता हेरी ड्रिप, स्प्रिङ्कल, प्लास्टिक पोखरी आदि उपयुक्त प्रविधिको उपयोग गरी सिंचाई सुविधा विस्तार गरिनेछ । |
| | २.१.४ गाउँपालिका स्तरमा सिंचाई विकास कोष स्थापना गरिनेछ । |
| | २.१.५ कम पानी चाहिने बालीहरुको प्रवर्द्धन गरिनेछ । |

### ६.२.६ कार्यक्रमको प्राथमिकता

१. खेतीयोग्य जमिनमा सिंचाई सुविधा विस्तार गर्ने ।

२. सम्भाव्यता अध्ययन गरी उपयुक्त सिंचाईको विस्तार गर्ने ।

३. उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

## ६.२.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | परम्परागत सिंचाई प्रविधिहरुलाई बाह्रै महिना सिंचाई उपलब्ध हुन सक्ने गरी स्तरोन्नती | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा |
| २ | | | १.१.२ | क | सिंचाई योजनाहरुको मर्मत सम्भार तथा पुनर्स्थापनाको लागि सिंचाई उपभोक्ता समुह परिचालन | संख्या | ० | निरन्तर | | | | | | " |
| ३ | | | १.१.३ | क | उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ४ | २ | २.१ | २.१.१ | ख | खेतीयोग्य जमिनमा सिंचाई सुविधा विस्तार | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | " |
| ५ | | | २.१.२ | क | सम्भाव्यता अध्ययन गरी उपयुक्त सिंचाईको विस्तार | संख्या | | १ | | | | | १ | " |
| ६ | | | २.१.३ | ख | सम्भाव्यता हेरी ड्रिप, स्प्रिङ्कल, प्लास्टिक पोखरी आदि उपयुक्त प्रविधिको उपयोग गरी सिंचाई सुविधा विस्तार | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | " |
| ७ | | | २.१.४ | क | गाउँपालिका स्तरमा सिंचाई विकास कोष स्थापना | संख्या | ० | १ | | | | | १ | " |
| ८ | | | २.१.५ | क | कम पानी चाहिने बालीहरुको प्रवर्द्धन | प्रतिशत | | निरन्तर | | | | | १०० | " |

## ६.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | कूल खेतीयोग्य जमिनमा १२ महिना पर्याप्त मात्रामा सिंचाई सेवा उपलब्ध भएको हुने | १२ महिना सिंचाई हुने क्षेत्र | प्रतिशत | ४० | | | | | | ८० | गापा | गापा | | ४ | २ | ५ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर १** | कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुने | प्रयोगमा आएका सिचाई प्रविधि | संख्या | | | | | | | ५ | गापा | गापा | | ४ | २ | ५ |
| **प्रतिफल १.१** | परम्परागत सिंचाई प्रविधिहरु स्तरोन्नती भएको हुने | सिंचाई प्रविधिहरु स्तरोन्नती | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ४ | २ | ५ |
| **प्रतिफल १.२** | सिंचाई उपभोक्ता समुह परिचालन भएको हुने | सिंचाई उपभोक्ता समुह | संख्या | ० | निरन्तर | | | | | | गापा | गापा | | ४ | २ | ५ |
| **प्रतिफल १.३** | उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम भएको हुने | क्षमता अभिवृद्धि कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ४ | २ | ५ |
| **प्रतिफल १.४** | खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार भएको हुने | सिंचाई सुविधा विस्तार | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ४ | २ | ५ |
| **प्रतिफल १.५** | सम्भाव्यता अध्ययन गरी उपयुक्त सिंचाईको विस्तार भएको हुने | उपयुक्त सिंचाईको विस्तार | संख्या | | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ५ |
| **प्रतिफल १.६** | सम्भाव्यता हेरी ड्रिप, स्प्रिङ्कल, प्लास्टिक पोखरी आदि उपयुक्त प्रविधिको उपयोग गरी सिंचाई सुविधा विस्तार भएको हुने | ड्रिप, स्प्रिङ्कल, प्लास्टिक पोखरी आदि उपयुक्त प्रविधिको विस्तार | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ४ | २ | ५ |
| **प्रतिफल १.७** | गाउँपालिका स्तरमा सिंचाई विकास कोष स्थापना भएको हुने | सिंचाई विकास कोष | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ४ | २ | ५ |
| **प्रतिफल १.८** | कम पानी चाहिने बालीहरुको प्रवर्द्धन भएको हुने | कम पानी चाहिने बाली प्रवर्द्धन | प्रतिशत | १०० | निरन्तर | | | | | १०० | गापा | गापा | | ४ | २ | ५ |

## ६.३ भवन तथा ग्रामीण विकास

### ६.३.१ पृष्ठभूमि

भवन तथा आवास मानव जिवनको आधारभूत आवश्यकता हो र व्यवस्थित वस्ती विकासले सेवा प्रवाह तथा सुरक्षा प्रदान गर्न सहज हुन्छ । विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभागृह जस्ता सामाजिक पूर्वाधार नागरिकलाई सेवा सुविधाको पहुँच वृद्धि गर्ने आधार हुन् । संविधानले प्रत्येक नागरिकलाई आवासको हक प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड वमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन, सरकारी भवन, विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभागृह र अन्य सरकारी भवन तथा संरचनाको निर्माण र मर्मत संभार तथा सञ्चालन र व्यवस्थापन गर्ने, सुरक्षित वस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कनको जिम्मेवारी सुम्पेको छ । बरेङ गाउँपालिका भित्र रहेका भवनको स्वरुपलाई हेर्दा सबैभन्दा बढी गाउँ क्षेत्रमा माटोको जोडाईका भवनहरु रहेका छन् भने बजार क्षेत्रमा पक्की भवनहरु निर्माण भइरहेको देखिन्छ ।

### ६.३.२ समस्या

राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन नहुनु, स्थानीय भवन संहिता तर्जुमा नहुनु, मौलिक निर्माण शैलीका भवनहरु विस्थापित हुँदै जानु, स्थानीय दक्ष कामदारको कमी हुनु, वस्ती विकास योजना नहुनु, जोखिमयुक्त वस्तीहरुको स्थानान्तरणमा ढिलाइ हुनु, घना वस्ती तथा बजार उन्मुख क्षेत्रमा ढल निकास नहुनु, सुरक्षित ग्रामीण विकासको बारेमा जनचेतनाको कमी हुनु, सुरक्षित, स्वस्थकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ६.३.३ चुनौती र अवसर

**चुनौती**

व्यवस्थित वस्ती विकास गर्न, क्षतिग्रस्त संरचनाको पुनर्निर्माण समयमा सम्पन्न गर्न, भवन संहिताको पूर्ण रुपमा कार्यान्वयन गर्न, मौलिक संस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्न, विभन्न ठाउँमा छरिएर रहेका बस्ती तथा घरहरूलाई एकिकृत रुपमा समुचित सेवा उपलब्ध गराउन, जोखिमयुक्त र छरिएका बस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत बस्ती निर्माण गर्न, सरकारी र सामुदायिक भवन बनाउन, दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न जस्ता चुनौतीहरु छन् ।

**अवसर**

मापदण्ड सहितको भवन संहिता निर्माण र कार्यान्वयनको अधिकार गाउँपालिकामा हुनु, व्यवस्थित वस्ती विकास, गर्न सार्वजनिक जग्गा र खुलाक्षेत्र रहनु, सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वयन हुनु, भवन तथा ग्रामीण विकास सरकारको प्राथमिकता पर्नु, योजनाबद्ध तरिकाले जग्गा विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त गाउँ बसाल्ने सम्भावना रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

नीति संवत भवन निर्माण र एकिकृत वस्ती विस्तार, व्यवस्थित गाउँपालिकाको आधार ।

**लक्ष्य**

भौतिक आवास पूर्वाधार तथा सेवा सुविधाको विकास, त्यसको गुणस्तर र पहुँचमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. सुरक्षित भवन तथा आवास निर्माण गरी व्यवस्थित वस्ती विकास तर्फ उन्मुख हुनु ।
२. सामाजिक पूर्वाधारहरुको व्यवस्थित विकास र पुनर्निर्माण गर्नु ।

### ६.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सुरक्षित भवन तथा आवास निर्माण गरी व्यवस्थित वस्ती विकास तर्फ उन्मुख हुनु । | |
| १.१ राष्ट्रिय भवन संहिता र | १.१.१ स्थानीय भवन संहिता बनाई लागु गरिनेछ । |

| | |
|---|---|
| स्थानीय भवन मापदण्ड कार्यन्वयन गरी सुरक्षित र वाातावरण मैत्री भवन निर्माणमा जोड दिने । | १.१.२ भूकम्पबाट क्षतिग्रस्त भवनहरुको मापदण्ड बमोजिम पुनर्निर्माण गरिनेछ । |
| | १.१.३ वस्तीहरुको विकासमा स्थानीय संस्कृति, परम्परा आदि मौलिकता झल्किने गरी भवनको नमूना डिजाइन तयार गरी उपलब्ध गराइनेछ । |
| | १.१.४ स्थानीय डकर्मी र सिकर्मीहरुलाई सुरक्षित घर निर्माणको तालिम दिइनेछ । |
| | १.१.५ सार्वजनिक जग्गा र भवनहरुको लगत संकलन गरी अभिलेख राखिनेछ । |
| | १.१.६ बजार तथा बजार उन्मुख क्षेत्रमा ढल निकासको व्यवस्था गरिनेछ । |
| | १.१.७ गाउँपालिकाको वडा कार्यलयहरु निर्माण गर्दा भविश्यमा त्यस कार्यालयहरुमा एकिकृत कार्यलयहरु लगायत भाडामा अन्य पसलहरु समेत सञ्चालन गर्न सकिने गरी निर्माण गर्ने अवधारणा तयार गरिनेछ । |
| उद्देश्य २ सामाजिक पूर्वाधारहरुको व्यवस्थित विकास र पुनर्निर्माण गर्नु । | |
| २.१ सामाजिक पूर्वाधारहरुको व्यवस्थित विकास गरी सुरक्षित वस्ती निर्माण गर्ने । | २.१.१ सुविधासम्पन्न गाउँपालिका भवन निर्माण गरिनेछ । |
| | २.१.२ एकिकृत वस्ती विकास योजना बनाई कृषि, उद्योग, आवास र बजार क्षेत्र निर्धारण गरिनेछ । |
| | २.१.३ बरेङ डाँडामा ईलाका प्रहरी कार्यालय निर्माण गरिनेछ । |
| | २.१.४ "एक वडा एक एकिकृत वस्ती" विकासमा जोड दिइनेछ । |
| | २.१.५ सरकारी, सार्वजनिक, ऐलानी पर्ति जग्गाको एकिकृत लगत तयार गरि भूमिहीन सुकुम्वासी तथा मुक्तकमैयाहरुको व्यवस्थित बसोबासका लागि आवश्यक पहल गरिनेछ । |
| | २.१.६ एकिकृत वस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुविधा विस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ । |

### ६.३.६ कार्यक्रमको प्राथमिकता

१. सुविधा सम्पन्न गाउँपालिका भवन निर्माण गर्ने ।

२. भवन आचार संहिता निर्माण गरी लागु गर्ने ।

३. "एक वडा एक एकिकृत वस्ती" विकासमा जोड दिने ।

### ६.३.७ विस्तृत कार्यक्रम

| क्र.स. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | | | १.१.१ | क | स्थानीय भवन संहिता नीति तर्जुमा | संख्या | ० | १ | | | | | १ | गापा |
| २ | | | १.१.२ | क | भूकम्पबाट क्षतिग्रस्त भवनहरुको मापदण्ड बमोजिम पुनर्निर्माण | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ३ | | | १.१.३ | क | वस्तीहरुको विकासमा स्थानीय संस्कृति, परम्परा आदि मौलिकता झल्किने गरी भवनको नमूना डिजाइन तयार | संख्या | ० | १ | | | | | १ | ” |
| ४ | १ | १.१ | १.१.४ | क | स्थानीय डकर्मी र सिकर्मीहरुलाई सुरक्षित निर्माणको तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ५ | | | १.१.५ | क | सार्वजनिक जग्गा र भवनहरुको लगत संकलन र अभिलेखिकरण | संख्या | | | १ | | | | | ” |
| ६ | | | १.१.६ | ख | बजार तथा बजार उन्मुख क्षेत्रमा ढल निकास व्यवस्था | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| ७ | | | १.१.७ | क | वडा कार्यलयहरु निर्माण अवधारणा तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| ८ | | | २.१.१ | क | सुविधासम्पन्न गाउँपालिका भवन निर्माण | प्रतिशत | | | ४० | ३० | ३० | | १०० | ” |
| ९ | | | २.१.२ | क | एकिकृत वस्ती विकास योजना तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| १० | | | २.१.३ | ख | बरेङ डाँडामा ईलाका प्रहरी कार्यालय निर्माण | प्रतिशत | | ५० | ५० | | | | १०० | ” |
| ११ | २ | २.१ | २.१.४ | क | “एक वडा एक एकिकृत वस्ती” कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| १२ | | | २.१.५ | ख | भूमिहीन सुकुम्वासी तथा मुक्तकमैयाहरुको व्यवस्थित बसोबास पहल | प्रकृया | | निरन्तर | | | | | | ” |
| १३ | | | २.१.६ | ख | एकिकृत वस्तीहरुमा विकासका पूर्वाधारहरु निर्माण गर्न विभिन्न निकायहरुसँग समन्वय र सहकार्य | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |

### ६.३.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | |
| **प्रभाव** | सबै प्रकारका आधारभूत सुविधा सम्पन्न आवास, वस्ती विकास, व्यवस्थित र गुणस्तरीय सार्वजनिक पूर्वाधार निर्माणहरु र निजी घरहरु पालिकाले निर्धारण गरेको मापदण्ड अनुसार निर्माण भएको हुने | सुरक्षित आवास क्षेत्र | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | ६ | ११ | ५ |
| **असर १** | आवासिय क्षेत्र व्यवस्थित, दिगो, वातावरणमैत्री तथा योजनावद्ध भएको हुने | योजनावद्ध आवास क्षेत्र | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.१** | स्थानीय भवन संहिता नीति तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.२** | भूकम्पबाट क्षतिग्रस्त भवनहरुको मापदण्ड बमोजिम पुनर्निर्माण भएको हुने | पुनर्निर्माण | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.३** | वस्तीहरुको विकासमा स्थानीय संस्कृति, परम्परा आदि मौलिकता झल्किने गरी भवनको नमूना डिजाइन तयार भएको हुने | नमूना डिजाइन तयार | संख्या | ० | १ | | | | | १ | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.४** | स्थानीय डकर्मी र सिकर्मीहरुलाई सुरक्षित निर्माणको तालिम भएको हुने | तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.५** | सार्वजनिक जग्गा र भवनहरुको लगत संकलन र अभिलेखिकरण भएको हुने | अभिलेखिकरण | संख्या | | | १ | | | | | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल** | बजार तथा बजार उन्मुख क्षेत्रमा ढल | ढल निकास | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | ६ | ११ | ५ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१.६** | निकास व्यवस्था भएको हुने | व्यवस्था | | | | | | | | | | | | | |
| **प्रतिफल १.७** | वडा कार्यलयहरु निर्माण अवधारणा तर्जुमा भएको हुने | वडा कार्यलयहरु निर्माण | संख्या | ० | १ | | | | | १ | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.८** | सुविधासम्पन्न गाउँपालिका भवन निर्माण भएको हुने | गाउँपालिका भवन | प्रतिशत | | | ४० | ३० | ३० | | १०० | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.९** | एकिकृत वस्ती विकास योजना तर्जुमा भएको हुने | एकिकृत वस्ती विकास योजना | संख्या | ० | १ | | | | | १ | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.१०** | बरेङ डाँडामा ईलाका प्रहरी कार्यालय निर्माण भएको हुने | ईलाका प्रहरी कार्यालय | प्रतिशत | | ५० | ५० | | | | १०० | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.११** | “एक वडा एक एकिकृत वस्ती” कार्यक्रम भएको हुने | एक वडा एक एकिकृत वस्ती | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.१२** | भूमिहीन सुकुम्वासी तथा मुक्तकमैयाहरुको व्यवस्थित बसोबास पहल भएको हुने | व्यवस्थित बसोबास | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | ६ | ११ | ५ |
| **प्रतिफल १.१३** | एकिकृत वस्तीहरुमा विकासका पूर्वाधारहरु निर्माण गर्न विभिन्न निकायहरुसँग समन्वय र सहकार्य भएको हुने | समन्वय र सहकाय कार्यक्रम | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | ६ | ११ | ५ |

## ६.४ विद्युत तथा ऊर्जा

### ६.४.१ पृष्ठभूमि

यस गाउँपालिकाको सबै वडामा केही विपन्न समुदायमा बाहेक पूर्ण रुपमा विद्युतिकरण भएको छ । यहाँको सबै गाउँहरुलाई राष्ट्रिय प्रशारण लाइनसँग जोड्ने कामले अन्तिम रूप लिइरहेको अवस्था छ। धेरैजसो घरहरुमा नेपाल विद्युत प्राधिकरण मार्फत विद्युतिकरण भएको छ भने केही घरहरुमा सामुदायिक विद्युतिकरण, लघु जलविद्युत परियोजना, पेल्ट्रीक सेट तथा सोलार मार्फत विद्युतिकरण भएको पाइन्छ । सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतिकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। गाउँपालिकामा दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख श्रोतको रुपमा रहेको देखिन्छ। वडा नं. १, ३ र ४ का केही वस्तीहरुमा लघु जलविद्युत आयोजना मार्फत् विद्युतिकरण गरिएको छ।

### ६.४.२ समस्या

गाउँपालिकाको धेरै ठाँउहरुमा अव्यवस्थित विद्युतका पोलहरुले गर्दा जोखिमयुक्त अवस्था सिर्जना हुनु, सबै घरहरुमा केन्द्रिय प्रशारण लाइनको पहुँच पुग्न नसक्नु, भौगोलिक विकटताले गर्दा सबै वस्तीहरुमा विद्युत सेवा उपलब्ध नहनु, साना जलविद्युत आयोजना तथा सौर्य ऊर्जामा निर्भरता हुनु, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु,सडक बत्तिहरुको अभाव हुनु, ऊर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको अभाव हुनु, वैकल्पिक ऊर्जाको स्पष्ट अवधारणा नहुनु, विद्यालय, बजार क्षेत्र, लगायतका प्रमुख कार्यालयहरु र अन्य निकायहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन्।

### ६.४.३ चुनौती र अवसर

**चुनौती**

प्रत्येक घरमा निरन्तर रूपमा विद्युत प्रवाह गरी नियमित आपुर्तीको सुनिश्चितता गर्न, केन्द्रिय प्रशारण लाइन नभएकोले उद्योग तथा कलकारखना सञ्चालनमा ल्याउन, विद्युत र ऊर्जा विकासका लागि जिल्ला, प्रदेश र संघिय सरकार बिच समन्वय गर्न, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा विदेशी तथा निजी क्षेत्राको लगानी आकर्षित गर्न, विद्युत अवरोध हुँदा समयमा नै मर्मत गरी सुचारु गर्न, सेवा प्रवाह गर्दै आएका साना तथा लघु जलविद्युतको उचित संरक्षण, व्यवस्थापन तथा स्तरोन्नती गर्न, प्राविधिक र वित्तीय अभावले जिर्ण काठे पोलहरु परिर्वतन गरी गुणस्तरीय पोलहरु व्यवस्था गर्न, नवीकरणीय ऊर्जा उत्पादन सम्वन्धी नीति निर्माण गरी कार्यन्वयन गर्न, वैकल्पिक ऊर्जाको क्षेत्रमा प्रविधि प्रवर्द्धन तथा प्रयोगमा क्षमता अभिवृद्धि  गर्न, मानिसहरुलाई वैकप्लिक ऊर्जा प्रयोग गर्न अभ्यस्त गर्न जस्ता चुनौतीहरु छन्।

**अवसर**

भौतिक पूर्वाधार निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, जलविद्युत्त उत्पादनमा लगानीमैत्री र प्रतिस्पर्धाको वातावरण सिर्जना गरी विदेशी तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न, प्राविधिक र वित्तीय साझेदारीमा सौर्य ऊर्जा उत्पादन गर्न, सौर्य ऊर्जाको क्षेत्रलाई विस्तार गरी विभिन्न क्रियाकलाप सञ्चालन गर्न, कृषि तथा पशुपंक्षी पालनमा संलग्न कृषक, फर्म, व्यवसायिक समुह, कृषि सहकारी आदिको सहकार्यमा ठुलो क्षमताको बायोग्यास प्लान्ट निर्माण गर्न, प्रमुख कार्यालयहरु र अन्य निकायहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था गर्न, गाउँपालिकाको बजार क्षेत्र लगायतका मुख्य चोकहरुमा सोलार बत्ती जडान गर्न, विद्युत र वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गरी कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्न जस्ता अवसरहरु छन्।

### ६.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

उज्यालो र आयमूलक बरेङको आधार, विद्युत खपतको विस्तार।

**लक्ष्य**

दिगो विद्युतको विकास तथा खपत वृद्धि गर्ने।

**उद्देश्य**

१. सबै घरधुरीमा दिगो र भरपर्दो विद्युतको पहुँच विस्तार गर्नु।
२. वैकल्पिक ऊर्जाको सुविधा विस्तार गर्नु।

### ६.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सबै घरधुरीमा दिगो र भरपर्दो विद्युतको पहुँच विस्तार गर्नु । | |
| १.१ विद्युत सुविधा विस्तार गरी आयमूलक क्रियाकलापमा आबद्ध गर्ने । | १.१.१ गाउँपालिकाका सबै घरधुरीलाई केन्द्रिय विद्युत प्रशारण लाइनमा आबद्ध गरिनेछ । |
| | १.१.२ केन्द्रिय विद्युत प्रशारण लाइनमा जोडिए पछि माइक्रो हाइड्रोबाट उत्पादित विद्युतलाई मिनि ग्रिड निर्माण गरी केन्द्रिय प्रणालीमा जोडिनेछ । |
| | १.१.३ क्षतिग्रस्त र जिर्ण माइक्रो हाइड्रो पुनः निर्माण गरिनेछ । |
| | १.१.४ विद्युतको उपयोगलाई लघु तथा घरेलु उद्योगमा उपयोग गरी आय आर्जन र रोजगारीमा आबद्ध गरिनेछ । |
| | १.१.५. विद्युतको प्रयोगलाई बढाउने तथा परम्परागत इन्धनको रुपमा प्रयोग गर्ने दाउराको निर्भरता घटाइनेछ । |
| | १.१.६ गाउँपालिकामा विभिन्न वडाहरुमा अव्यवस्थित विद्युतका तार र पोलहरुको उचित व्यवस्थापन गरिनेछ । |
| उद्देश्य १ वैकल्पिक ऊर्जाको सुविधा विस्तार गर्नु । | |
| वैकल्पिक ऊर्जालाई प्राथमिकताका साथ विकास गर्ने । | २.१.१ वैकल्पिक ऊर्जा सम्वन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा गरिनेछ । |
| | २.१.२ गाउँपालिका क्षेत्र भित्र वैकल्पिक ऊर्जा प्रयोग गर्न प्रोत्साहित गरिनेछ । |
| | २.१.३ गाउँपालिका भित्रको वस्तीमा बायो ग्यास तथा सुधारिएको चुलो जडान गरी धुवाँ मुक्त घर वा वस्ती बनाउने कार्य अगाडी वढाइनेछ । |
| | २.१.४ गाउँपालिकाका प्रमुख चोकहरु, बजार क्षेत्र, विद्यालय, सरकारी कार्यालयहरु र धर्मिक तथा पर्यटकीय स्थलहरुमा सोलार बत्तीको व्यवस्था गरिनेछ । |
| | २.१.५ वायु ऊर्जाको सम्भाव्यता अध्ययन गरिनेछ । |

### ६.४.६ कार्यक्रमको प्राथमिकता

१. गाउँपालिकाका सबै घरधुरीलाई केन्द्रिय विद्युत प्रशारण लाइनमा आबद्ध गरी विद्युत खपतमा प्रोत्साहन गर्ने ।

२. गाउँपालिकामा विभिन्न वडाहरुमा अव्यवस्थित विद्युतका तार र पोलहरुको उचित व्यवस्थापन गर्ने ।

३. गाउँपालिकाका प्रमुख चोकहरु, बजार क्षेत्र, विद्यालय, सरकारी कार्यालयहरु र धर्मिक तथा पर्यटकीय स्थलहरुमा सोलार बत्तीको व्यवस्था गर्ने ।

## ६.४.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | | | १.१.१ | ख | सबै घरधुरीलाई केन्द्रिय विद्युत प्रशारण लाइनमा आबद्ध | प्रतिशत | | ३० | ४० | ३० | | | १०० | गापा |
| २ | | | १.१.२ | ख | माइक्रो हाइड्रोबाट उत्पादित विद्युतलाई मिनि ग्रिड निर्माण गरी केन्द्रिय प्रणालीमा जोड्ने | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | " |
| ३ | | | १.१.३ | ख | क्षतिग्रस्त र जिर्ण माइक्रो हाइड्रो पुनः निर्माण | प्रतिशत | | निरन्तर | | | | | १०० | " |
| ४ | १ | १.१ | १.१.४ | क | लघु तथा घरेलु उद्योगमा विद्युतको उपयोग | प्रतिशत | | निरन्तर | | | | | १०० | " |
| ५ | | | १.१.५ | क | विद्युतको प्रयोगलाई बढाउने तथा परम्परागत इन्धनको रुपमा प्रयोग गर्ने दाउराको निर्भरता घटाउने | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | " |
| ६ | | | १.१.६ | ख | विभिन्न वडाहरुमा अव्यवस्थित विद्युतका तार र पोलहरुको उचित व्यवस्थापन | प्रतिशत | | ३० | ४० | ३० | | | १०० | " |
| ७ | २ | २.१ | २.१.१ | क | वैकल्पिक ऊर्जा सम्वन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा | संख्या | ० | १ | | | | | १ | " |
| ८ | | | २.१.२ | क | वैकल्पिक ऊर्जा प्रयोग गर्न प्रोत्साहन कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ९ | | | २.१.३ | ख | बायो ग्यास तथा सुधारिएको चुलो जडान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| १० | | | २.१.४ | ख | गाउँपालिकाका प्रमुख चोकहरु, बजार क्षेत्र, विद्यालय, सरकारी कार्यालयहरु र धर्मिक तथा पर्यटकीय स्थलहरुमा सोलार बत्ती जडान | प्रतिशत | ० | ३० | ३० | २० | २० | | १०० | " |
| ११ | | | २.१.५ | ख | वायु ऊर्जाको सम्भाव्यता अध्ययन | संख्या | ० | | १ | | | | १ | " |

### ६.४.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगोल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | गाउँपालिकाका सबै घरधुरी लगायत सार्वजनिक क्षेत्र, उद्योग व्यवसाय सञ्चालनमा समेत १२ है महिना गुणस्तरीय विद्युत सेवा उपलव्ध भएको हुने | सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | ७० | | | | | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| **असर १** | वैकल्पिक ऊर्जाको विकास गरी कृषि तथा औद्योगिक अभ्यासहरुलाई प्रविधिमैत्री तथा मितव्ययी भएको हुने | वैकल्पिक ऊर्जा प्रविधिमैत्री पकेट क्षेत्र | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ३ | ७ | २ |
| | | सुधारिएको ऊर्जा (वायोग्यास, एलपि) प्रयोग | प्रतिशत | ९५ | | | | | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| | | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | ४० | | | | | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.१** | सबै घरधुरीलाई केन्द्रिय विद्युत प्रशारण लाइनमा आबद्ध गरेको हुने | विद्युत प्रशारण लाइन | प्रतिशत | | ३० | ४० | ३० | | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.२** | माइक्रो हाइड्रोबाट उत्पादित विद्युतलाई मिनि ग्रिड निर्माण गरी केन्द्रिय प्रणालीमा जोडेको हुने | माइक्रो हाइड्रोबाट उत्पादित विद्युतलाई | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ३ | ७ | २ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केन्द्रिय प्रणालीमा जडान | | | | | | | | | | | | | | |
| **प्रतिफल १.३** | क्षतिग्रस्त र जिर्ण माइक्रो हाइड्रो पुनः निर्माण भएको हुने | जिर्ण माइक्रो हाइड्रो पुनः निर्माण | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.४** | लघु तथा घरेलु उद्योगमा विद्युतको उपयोग भएको हुने | उद्योगमा विद्युतको उपयोग | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.५** | विद्युतको प्रयोगलाई बढाउने तथा परम्परागत इन्धनको रुपमा प्रयोग गर्ने दाउराको निर्भरता घटेको हुने | खाना पकाउने इन्धनको रुपमा विद्युत प्रयोग | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.६** | विभिन्न वडाहरुमा अव्यवस्थित विद्युतका तार र पोलहरुको उचित व्यवस्थापन भएको हुने | पोलहरुको उचित व्यवस्थापन | प्रतिशत | | ३० | ४० | ३० | | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.७** | वैकल्पिक ऊर्जा सम्वन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.८** | वैकल्पिक ऊर्जा प्रयोग गर्न प्रोत्साहन कार्यक्रम भएको हुने | वैकल्पिक ऊर्जा प्रयोग | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.९** | बायो ग्यास तथा सुधारिएको चुलो जडान कार्यक्रम भएको हुने | सुधारिएको चुलो जडान कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.१०** | गाउँपालिकाका प्रमुख चोकहरु, बजार क्षेत्र, विद्यालय, सरकारी कार्यालयहरु र धर्मिक तथा पर्यटकीय स्थलहरुमा सोलार बत्ती जडान भएको हुने | सोलार बत्ती जडान | प्रतिशत | ० | ३० | ३० | २० | २० | | १०० | गापा | गापा | | ३ | ७ | २ |
| **प्रतिफल १.११** | वायु ऊर्जाको सम्भाव्यता अध्ययन भएको हुने | अध्ययन | संख्या | ० | | १ | | | | १ | गापा | गापा | | ३ | ७ | २ |

## ६.५ सूचना तथा सञ्चार प्रविधि

### ६.५.१ पृष्ठभूमि

सूचना तथा सञ्चार मानव जीवनको अपरिहार्य आधारको रुपमा स्थापित भएको छ । यसले मानव जीवन सहज मात्र वनाएको छैन संसारलाई नै एउटै ग्राममा आवद्ध गर्न सफल भएको छ । सूचना प्रविधि एवं सञ्चार सुविधा मात्र नभएर लोकतन्त्रलाई जीवन्त राख्ने आधार पनि हो । यसको महत्वलाई दृष्टिगत गरी संविधानले सूचना सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । बरेङ गाउँपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । गाउँपालिकामा ल्यान्ड लाइन सेवा उपलब्ध नभए पनि Sky तथा CDMA फोन रहेको छ । गाउँपालिकामा मनोरञ्जनको लागि टि.भि. कार्यक्रम चन्द्रकोट केवल नेटवर्क प्रा.लि. र डिसहोम मार्फत च्यानलहरु सञ्चालनमा रहनु साथै स्याटेलाईट च्यानल प्रसारकहरुले समेत सेवा प्रदान गर्दै आईरहेका छन् । गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुर्‍याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन् । यद्यपी सञ्चार र यातायातको तीब्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या न्यून हुँदै गइरहेको छ ।

### ६.५.२ समस्या

सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उचित जनचेतना र पूर्वधारको विकास नहुनु, दुरसञ्चार लगयत इन्टरनेट सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु, भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म गुणस्तरीय इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलव्धता गर्न नसक्नु र उपलव्ध सञ्चार माध्यमहरू समेत बजार केन्द्रित हुनु, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा सूचना प्राविधिको उचित व्यवस्था नहुनु, विद्युत नभएको बेला मोबाइल नेटवर्क कमजोर हुनु, सूचना तथा सञ्चारको पोल तथा तारहरु अव्यवस्थित हुनु, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट रोजगारी सिर्जना गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ६.५.३ चुनौती र अवसर

**चुनौती**

सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि व्यवस्थापन गर्न, सञ्चार र प्रविधिका माध्यमहरूको पूर्ण रुपले विकास गर्न, सूचना सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालिम प्राप्त जनशक्ति उत्पादन गर्न, परम्परागत हुलाक सेवालाई आधुनिकिकरण गर्न, सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग रोकथाम गर्न, छरिएर रहेको वस्तीमा सूचना तथा सञ्चार सेवा प्रवाह गर्न, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा पर्याप्त टेलिफोन सेवा उपलब्ध गराउन, गाउँपालिका भित्र संचालित कार्यक्रमहरुलाई रेडियो, एफ.एम लगायत अन्य सञ्चार माध्यमद्धारा प्रचार प्रसार गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

नेपालको संविधानले सूचना र सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा समावेश गर्नु, सूचना तथा सञ्चारसम्बन्धी नीति नियम निर्माणमा प्रदेश र संघीय सरकार क्रियाशील हुनु, स्थानीय तहमा मोबाइल फोन प्रयोगकर्ताको संख्यामा वृद्धि हुनु, राज्यको खुला नीतिका कारण निजी क्षेत्रका सञ्चार माध्यमहरूले देशव्यापी रूपमा प्रशारण गर्नु, मोबाइल फोन सेवा र इन्टरनेट सेवा पहुँचले सूचना तथा खबर सम्प्रेषणमा सहज हुनु, गाउँपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै जानु, जनतामा डिजिटल साक्षरता क्रमशः बढदै जानु जस्ता अवसरहरु रहेका छन् ।

### ६.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

व्यवस्थित सूचना तथा सञ्चार, विश्व सञ्जालीकरणको आधार ।

**लक्ष्य**

सूचना प्रविधिमैत्री गाउँपालिकाको निर्माण गर्ने ।

**उद्देश्य**

१. सबै प्रकारका सूचना तथा सञ्चार सुविधाहरु विकास र विस्तार गर्नु ।

### ६.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सबै प्रकारका सूचना तथा सञ्चार सुविधाहरु विकास र विस्तार गर्नु । | |
| १.१ सूचना र सञ्चार क्षेत्रको पूर्वाधार विकास गरी सर्वसुलभ र भरपर्दो बनाउने । | १.१.१ ल्यान्डलाइन सेवा विस्तार, मोबाइल र इन्टरनेटको क्षमतामा वृद्धि गरिनेछ । |
| | १.१.२ इन्टरनेट प्रदायक कम्पनीहरुसँग समन्वय गरी सेवालाई व्यवस्थित र नियमित गरिनेछ । |
| | १.१.३ विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा सूचना प्रविधिको सुविधा पर्याप्त मात्रामा प्रवाह गरिनेछ । |
| | १.१.४ कम्पयुटरको प्रयोगमा वृद्धि गरी क्रमश: कागज रहित गाउँपालिकाको रुपमा विकसित गर्दै लगिनेछ । |
| | १.१.५ गाउँपालिका, स्थानीय सरकारी कार्यालयहरु र वडाहरु आदिमा सूचना सञ्जालीकरण गरिनेछ । |
| | १.१.६ स्थानीय एफ.एम. र पत्रपत्रिका प्रकाशनमा प्रोत्साहन गरिनेछ । |
| | १.१.७ Free WiFi zone हरु स्थापना गरिनेछ । |

### ६.५.६ कार्यक्रमको प्राथमिकता

१. ल्यान्डलाइन सेवा विस्तार, मोबाइल र इन्टरनेटको क्षमतामा वृद्धि गर्ने ।

२. Free WiFi zone हरु स्थापना गर्ने ।

३. विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता सार्वजनिक स्थानहरुमा डिजिटल सूचना प्रविधिको विवकास गर्ने ।

### ६.५.७ विस्तृत कार्यक्रम

| क्र.स | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | ख | ल्यान्ड लाइन सेवा विस्तार, मोबाइल र इन्टरनेटको क्षमता वृद्धि | प्रतिशत | | २० | २० | ३० | ३० | | १०० | गापा |
| २ | | | १.१.२ | क | इन्टरनेट प्रदायक कम्पनीहरुसँग समन्वय गरी सेवालाई व्यवस्थित र नियमित गर्ने | प्रकृया | | निरन्तर | | | | | | ” |
| ३ | | | १.१.३ | ख | विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा सूचना प्रविधिको सुविधा | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | ” |
| ४ | | | १.१.४ | क | कम्पयुटरको प्रयोगमा वृद्धि गरी क्रमशः कागज रहित गाउँपालिकाको रुपमा विकास | प्रकृया | | निरन्तर | | | | | | ” |
| ५ | | | १.१.५ | क | गाउँपालिका, स्थानीय सरकारी कार्यालयहरु र वडाहरु आदिमा सूचना सञ्जालीकरण | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ६ | | | १.१.६ | क | स्थानीय एफ.एम. र पत्रपत्रिका प्रकाशनमा प्रोत्साहन | प्रतिशत | | निरन्तर | | | | | १०० | ” |
| ७ | | | १.१.७ | क | Free WiFi zone हरु स्थापना | संख्या | ० | ३ | ३ | ३ | ३ | ३ | १५ | ” |

### ६.५.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगोपन संकेत | दिगिल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | भरपर्दो, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा सञ्चार सेवाको विकास र विस्तार भएको हुने । | सञ्चारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **असर १** | गाउँपालिकावासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.१** | ल्यान्ड लाइन सेवा विस्तार, मोबाइल र इन्टरनेटको क्षमता वृद्धि भएको हुने | क्षमता वृद्धि | प्रतिशत | | २० | २० | ३० | ३० | | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.२** | इन्टरनेट प्रदायक कम्पनीहरुसँग समन्वय गरी सेवालाई व्यवस्थित र नियमित भएको हुने | व्यवस्थित र नियमित इन्टरनेट | प्रकृया | | निरन्तर | | | | | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.३** | विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा सूचना प्रविधिको सुविधा भएको हुने | सूचना प्रविधिको सुविधा | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.४** | कम्पयुटरको प्रयोगमा वृद्धि गरी क्रमश: कागज रहित गाउँपालिकाको रुपमा विकास भएको हुने | कागज रहित गाउँपालिका | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ३ | ९ | ५ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.५** | गाउँपालिका, स्थानीय सरकारी कार्यालयहरु र वडाहरु आदिमा सूचना सञ्जालीकरण भएको हुने | सूचना सञ्जालीकरण | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.६** | स्थानीय एफ.एम. र पत्रपत्रिका प्रकाशनमा प्रोत्साहन भएको हुने | पत्रपत्रिका प्रकाशनमा प्रोत्साहन | प्रतिशत | | निरन्तर | | | | | १०० | गापा | गापा | | ३ | ९ | ५ |
| **प्रतिफल १.७** | Free WiFi zone हरु स्थापना भएको हुने | Free WiFi zone स्थापना | संख्या | ० | ३ | ३ | ३ | ३ | ३ | १५ | गापा | गापा | | ३ | ९ | ५ |

# परिच्छेद ७ : वातावरण तथा विपद व्यवस्थापन विकास

## ७.१ वन, वातावरण र जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

मानव जीवन र प्रकृतिको अन्योन्याश्रित एवं परिपुरक सम्बन्ध छ । दोहन र परिपूरण बीच सन्तुलन कायम गर्दै दिगो र प्रभावकारी व्यवस्थापन गर्नु आजको आवश्यकता हो । संविधानले स्वच्छ र स्वस्थ्य वातावरणमा वाच्न पाउने हक प्रदान गर्दै वातावरण, जैविक विविधता,जलाधार र वन्यजन्तु संरक्षण स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐनले वन, जङ्गल, चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन लगायत वन तथा वातावरण संरक्षण सम्बन्धी विविध अधिकार र जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ ।

यहाँको ३०.५७ प्रतिशत जमिन खेतीपातीको लागि उपयोगी देखिन्छ । त्यसैगरी ५१.३९ प्रतिशत जमिन वनजङ्गल, ५.७३ प्रतिशत वसोवास क्षेत्र, ०.००५ प्रतिशत तलाउ पोखरी क्षेत्र, ०.५६५ प्रतिशत बालुवा तथा बाँझो क्षेत्र, ३.१७ प्रतिशत घाँसे मैदान र ८.५४ बुट्यान तथा झाँडीले ओगटेको छ । कुनै पनि स्थानको समग्र भू-आवरण मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनका हिसाबले सवल पक्ष हो । यद्यपि सो वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन र खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ। वन जङ्गलमा पाइने जडिबुटीहरु संकलन, भण्डारण र प्रशोधन तथा वन्यजन्तुहरु र चराचुरुङ्गीहरुको सुरक्षा र संरक्षणका लागि गुरु योजना निर्माण गर्न आवश्यक छ ।

### ७.१.२ समस्या

वन सिमाङ्कन व्यवस्थित नहुनु र वन अतिक्रमण बढ्दो हुनु, वन विनाश तथा खुल्ला चरिचरन हुनु, वन क्षेत्रमा चोरी शिकारीको समस्या हुनु, वन तथा जैविकविविधता सम्बन्धी कार्यक्रमको कमी हुनु, इन्धन र काठ दाउराको लागि वनजङ्गलमा दवाव वढ्दै जानु, वृक्षरोपण सम्बन्धी जनचेतनाको अभाव हुनु, सबै प्रजातिका बोटविरुवाको पहिचान तथा संरक्षणको अभाव हुनु, जडिबुटिको पहिचान एवं उचित संरक्षण नहुनु, खोला किनारमा तटबन्धन नहुनु, भू-उपयोगमा आएको परिवर्तनले पानीको मुहान सुक्दै जानु, लोपोन्मुख जीवजन्तु तथा पशुपंक्षीहरुको हेरचाह र संरक्षण नहुनु, पानीका मूहानहरुको संरक्षण नहुनु, नागरिकहरुमा वातावरण संरक्षणबारे चेतना नहुनु, जलवायु परिवर्तनको प्रभाव वढ्दै जानु जस्ता समस्याहरु छन् ।

### ७.१.३ चुनौती र अवसर

#### चुनौती

विकास र वातावरण बीच सन्तुलन कायम राख्न, चरिचरण र वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण गर्न, भूक्षय, वनविनाश, धुवाधुलोको उचित व्यवस्थापन गरी वातावरण संरक्षण गर्न, वैज्ञानिक तवरले वन व्यवस्थापन गर्न, वनजङ्गल प्रयोग सम्झौता कार्यान्वयन गर्न, इन्धनका लागि वैकल्पिक व्यवस्था गर्न, वन तथा वातावरण संरक्षणलाई आय आर्जन र रोजगारीसँग जोड्न, मानव र प्रकृति बीचको अन्तर सम्बन्ध र प्राकृतिक श्रोतको दिगो उपयोगबारे जनचेतना वृद्धि गर्न, वातावरणमैत्री विकासलाई संस्थागत गर्न, खोला, वन जंगल जस्ता सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटो र काठको अत्यधिक र अनियन्त्रित उत्खनन् रोक्न जस्ता चुनौतीहरु छन् ।

#### अवसर

जलाधार तथा उत्पादनशिल वन क्षेत्र उचित मात्रामा उपलब्ध हुनु, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा जैविक उत्पादन तथा हरित वस्तुहरुको आर्कषण बढ्दै जानु, उपभोक्ताहरूलाई सीपमुलक तथा जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन हुनु, वातावरण संरक्षण दिगो विकासको लक्ष्यमा समाविष्ट रहनु, काष्ठ तथा गैरकाष्ठ वनपैदावरको व्यवसायिक लाभको अवसर हुनु, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनको विकासमा टेवा पुग्नु, जनमानसमा वन तथा वातावरण संरक्षण सम्बन्धी चेतना वढ्दै जानु, निजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधीकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गर्न, जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनिकरण तथा अनुकुलनका उपाय अवलम्वन गर्न जस्ता अवसरहरु रहेका छन् ।

### ७.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

उत्पादनशिल वन, संरक्षित भू तथा जलाधार विकास र जैविक विविधताको दिगो संरक्षण, बरेङ गाउँपालिकाको पहिचान ।

**लक्ष्य**

वन जङ्गल, जलाधार, जैविक विविधता र वातावरणको संरक्षण र संवर्द्धन गर्दै प्राकृतिक श्रोतको दिगो उपयोग गर्ने ।

**उद्देश्य**

१. वनजङ्गल, जलाधार एवं जैविक विविधताको विकास र संरक्षण गर्नु ।

२. वातावरण संरक्षण र संवर्द्धन गर्नु ।

### ७.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ वनजङ्गल, जलाधार एवं जैविक विविधताको विकास र संरक्षण गर्नु । | |
| १.१ वन तथा जलाधारको संरक्षणमुखी व्यवस्थापन गरी वन, जलाधार तथा जैविक विविधताको दिगो उपयोग गर्ने । | १.१.१ वन क्षेत्रमा वृक्षारोपणको व्यवस्था गरिनेछ । |
| | १.१.२ सामुदायिक वन साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ विकासका लागि वन क्षेत्रको कम भन्दा कम प्रयोग हुने स्थितिका लागि आवश्यक पहल गरिनेछ । |
| | १.१.४ वन क्षेत्रलाई वैज्ञानिक व्यवस्थापन गरी आय आर्जन र रोजगारीसँग आबद्ध गरिनेछ । |
| | १.१.५ वन डढेलो नियन्त्रणका लागि अग्निरेखा निर्माण गरिनेछ । |
| | १.१.६ निजी जग्गामा जडिबुटी खेति, फलफुल, छिटो वढ्ने र उच्चमूल्यका रुख आदिको विकास गर्न प्रोत्साहन गरिनेछ । |
| | १.१.७ वन क्षेत्रको उद्योग, पर्यटन, कृषि जस्ता क्षेत्रहरुसँग अन्तर्सम्वन्ध स्थापित गरी नागरिकको आय र रोजगारी वढाइनेछ । |
| | १.१.८ चोरी शिकारी नियन्त्रण, जीवजन्तुहरुको संरक्षण आदिमा समुदायको सहभागिता वढाई जैविक विविधता संरक्षण गरिनेछ । |
| | १.१.९ समुदायको सहभागितामा जलाधार क्षेत्र, पानीका श्रोतहरुको संरक्षण गरिनेछ । |
| | १.१.१० समुदायहरुसँग समन्वय र सहकार्य गरी जडिबुटी व्यवस्थित संकलनका र प्रशोधनको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ वातावरण संरक्षण र संवर्द्धन गर्नु । | |
| २.१ वातावरणमैत्री निति, अनुसन्धान, विकास तथा विस्तार गरी पर्यावरणीय सन्तुलन कायम गर्ने । | २.१.१ स्थानीय वातावरण नीति तथा कानुन तर्जुमा गरी लागु गरिनेछ । |
| | २.१.२ वातावरण व्यवस्थापन कार्य योजना तर्जुमा गरी कार्यान्वियन गरिनेछ । |
| | २.१.३ भौतिक पूर्वाधार निर्माण गर्दा विकास र वातावरण बीच सन्तुलन कायम हुने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनुका साथै भारी यन्त्र उपकरणको प्रयोग निरूत्साहित गरिनेछ । |
| | २.१.४ वातावरण संरक्षण क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ । |
| | २.१.५ मानव र वातावरण बीचको अन्तरसम्वन्ध वारे नागरिकमा चेतना जगाउन व्यापक जनचेतना जागरण अभियान सञ्चालन गरिनेछ । |
| | २.१.६ घर र टोललाई सफा राख्न फोहोर व्यवस्थापनका लागि समुदायसँगको सहकार्यमा जैविक मल उत्पादन, फोहोरको व्यवस्थित विसर्जन आदिको व्यवस्था गरिनेछ । |
| | २.१.७ जलवायु अनुकुलनता अभिवृद्धि सम्बन्धी कार्य गर्ने संघसंस्थाहरुसँग |

| | |
|---|---|
| | समन्वय गरिनेछ । |
| | २.१.८ फोहर मैलाको संस्थागत व्यवस्थापन गर्नुका साथै पुनःप्रयोग तथा पुनः प्रशोधन (Reduce, Reuse and Recycle) गरीफोहरलाई सुरक्षित तरिकाले नष्ट गरी व्यवस्थापन गरिनेछ । |

**७.१.६ कार्यकमको प्राथमिकता**

१. निजी जग्गामा जडिबुटी खेति, फलफुल, छिटो वढ्ने र उच्चमूल्यका रुख आदिको विकास गर्न प्रोत्साहन गर्ने ।

२. समुदायहरुसँग समन्वय र सहकार्य गरी जडिबुटी व्यवस्थित संकलनका र प्रशोधनको व्यवस्था गर्ने ।

३. समुदायको सहभागितामा जलाधार क्षेत्र, पानीका श्रोतहरुको संरक्षण गर्ने ।

### ७.१.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | वन क्षेत्रमा वृक्षारोपण | प्रकृया | | निरन्तर | | | | | | गापा |
| २ | | | १.१.२ | क | सामुदायिक वन साझेदारी कार्यक्रम सञ्चालन | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | ” |
| ३ | | | १.१.३ | क | विकासका लागि वन क्षेत्रको कम भन्दा कम प्रयोग | प्रकृया | | निरन्तर | | | | | | ” |
| ४ | | | १.१.४ | क | वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| ५ | | | १.१.५ | ख | वन डढेलो नियन्त्रणका लागि अग्निरेखा निर्माण | प्रतिशत | | | २० | २० | ३० | ३० | १०० | ” |
| ६ | | | १.१.६ | क | निजी जग्गामा जडिबुटी खेति, फलफुल, छिटो वढ्ने र उच्चमूल्यका रुख आदिको विकास गर्न प्रोत्साहन | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ७ | | | १.१.७ | क | वन क्षेत्रको उद्योग, पर्यटन, कृषि जस्ता क्षेत्रहरुसँग अन्तर्सम्वन्ध स्थापना | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ८ | | | १.१.८ | क | चोरी शिकारी र जैविक विविधता संरक्षण कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ९ | | | १.१.९ | क | जलाधारक्षेत्र, पानीका श्रोतहरुको संरक्षण | प्रकृया | | निरन्तर | | | | | | ” |
| १० | | | १.१.१० | ख | जडिबुटी व्यवस्थित संकलन र प्रशोधन | प्रकृया | | निरन्तर | | | | | | ” |
| ११ | २ | २.१ | २.१.१ | क | स्थानीय वातावरण नीति तथा कानुन तर्जुमा | संख्या | ० | १ | | | | | १ | ” |
| १२ | | | २.१.२ | क | वातावरण व्यवस्थापन कार्य योजना तर्जुमा र कार्यान्वयन | संख्या | ० | १ | | | | | १ | ” |
| १३ | | | २.१.३ | ख | भौतिक पूर्वाधार निर्माणमा विकास र वातावरण बीच सन्तुलन कायम कार्यक्रम सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | | | २.१.४ | क | वातावरण संरक्षण क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरुसँग समन्वय र सहकार्य | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| १५ | | | २.१.५ | क | मानव र वातावरण बीचको अन्तरसम्वन्ध चेतना जगाउन व्यापक जनचेतना जागरण अभियान सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| १६ | | | २.१.६ | क | घर र टोललाई सफा राख्न फोहोर व्यवस्थापनका लागि समुदायसँगको सहकार्य | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| १७ | | | २.१.७ | क | जलवायु अनुकुलनता अभिवृद्धि सम्बन्धी कार्यक्रम | संख्या | ० | २ | २ | २ | २ | २ | १० | ” |
| १८ | | | २.१.८ | क | फोहर मैलाको संस्थागत व्यवस्थापन र पुनः प्रयोग कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |

**७.१.८ नतिजा**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याइँको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम भई वन तथा जलाधारीय श्रोतहरूको उत्पादकत्वमा वृद्धि भएको हुने | कुल भूक्षेत्रको अनुपातमा वन क्षेत्र | प्रतिशत | ५१.३९ | | | | | | ५५ | गापा | गापा | | ७ | १३ | ३ |
| **असर १** | वन संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण भएको हुने | उत्पादनमुखी वन क्षेत्र | प्रतिशत | | १० | १० | २० | ३० | ३० | १०० | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.१** | वन क्षेत्रमा वृक्षारोपण भएको हुने | वृक्षारोपण | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ७ | १३ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.२** | सामुदायिक वन साझेदारी कार्यक्रम सञ्चालन | साझेदारी कार्यक्रम | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.३** | विकासका लागि वन क्षेत्रको कम भन्दा कम प्रयोग भएको हुने | वन क्षेत्रको उचित उपयोग | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.४** | वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन भएको हुने | वन क्षेत्रको वैज्ञानिक व्यवस्था | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.५** | वन डढेलो नियन्त्रणका लागि अग्निरेखा निर्माण भएको हुने | अग्निरेखा निर्माण | प्रतिशत | | | २० | २० | ३० | ३० | १०० | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.६** | निजी जग्गामा जडिबुटी खेति, फलफुल, छिटो वढ्ने र उच्चमूल्यका रुख आदिको विकास गर्न प्रोत्साहन भएको हुने | उच्चमूल्यका रुखको विकास | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.७** | वन क्षेत्रको उद्योग, पर्यटन, कृषि जस्ता क्षेत्रहरुसँग अन्तर्सम्वन्ध स्थापना भएको हुने | अन्तर्सम्वन्ध स्थापना | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.८** | चोरी शिकारी र जैविक विविधता संरक्षण कार्यक्रम भएको हुने | जैविक विविधता संरक्षण | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.९** | जलाधारक्षेत्र, पानीका श्रोतहरुको संरक्षण | जलाधार संरक्षण | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.१०** | जडिबुटी व्यवस्थित संकलनका र प्रशोधन | जडिबुटी प्रशोधन | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.११** | स्थानीय वातावरण नीति तथा कानुन तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.१२** | वातावरण व्यवस्थापन कार्य योजना तर्जुमा र कार्यान्वयन | वातावरण व्यवस्थापन कार्य योजना | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.१३** | भौतिक पूर्वाधार निर्माणमा विकास र वातावरण बीच | वातावरण सन्तुलन कायम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ७ | १३ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सन्तुलन कायम कार्यक्रम सञ्चालन भएको हुने | कार्यक्रम | | | | | | | | | | | | | | |
| **प्रतिफल १.१४** | वातावरण संरक्षणक्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरुसँग समन्वय र सहकार्य भएको हुने | समन्वय र सहकार्य कार्यक्रम | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.१५** | मानव र वातावरण बीचको अन्तरसम्वन्ध चेतना जगाउन व्यापक जनचेतना जागरण अभियान सञ्चालन भएको हुने | जनचेतना जागरण अभियान | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.१६** | घर र टोललाई सफा राख्न फोहोर व्यवस्थापनका लागि समुदायसँगको सहकार्य भएको हुने | समुदायसँगको सहकार्य कार्यक्रम | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.१७** | जलवायु अनुकुलनता अभिवृद्धि सम्बन्धी कार्यक्रम भएको हुने | कार्यक्रम | संख्या | ० | २ | २ | २ | २ | २ | १० | गापा | गापा | | ७ | १३ | ३ |
| **प्रतिफल १.१८** | फोहर मैलाको संस्थागत व्यवस्थापन र पुनः प्रयोग कार्यक्रम भएको हुने | फोहर मैलाको संस्थागत व्यवस्था | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ७ | १३ | ३ |

## ७.२ विपद व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपाल विश्वमा उच्च विपद जोखिम क्षेत्रमा रहेको र यहाँ वर्षेनी जोखिमवाट ठूलो धनजनको क्षति हुँदै आएको छ । यस गाउँपालिकामा पनि विपदजन्य घटनाबाट वर्षेनी ठूलो धनजनको क्षति भइआएको छ । संविधानले विपद व्यवस्थापनको गम्भिर्यतालाई विचार गरी तिनै तहको सरकारको आधिकार सूचीमा यसलाई सूचिकृत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन सहित विपद व्यवस्थापन सम्बन्धी विविध जिम्मेवारी सुम्पेको छ । यस गाउँपालिकाको अधिकतम भूभाग भिरालो रहेकोले यहाँ पहिरोको जोखिम उच्च रहेको छ । यसका अतिरिक्त हावाहुरी, चट्याङ, डढेलो जस्ता जोखिमका सम्भावनाहरु पनि उच्च रुपमा रहेका छन् ।

### ७.२.२ समस्या

विपद जोखिम क्षेत्रहरुको पहिचान नहुनु, विपद जोखिम न्यूनिकरण कार्ययोजना नहुनु, विपदका लागि आवश्यक आपतकालिन सामाग्रीहरुको अभाव हुनु, विपद जोखिम व्यवस्थापन समिति क्रियाशील नहुनु, विपद जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनाको अभाव हुनु, धेरैजसो सार्वजनिक संरचना भू-कम्प प्रतिरोधात्मक नहुनु, विपद पूर्वसूचना प्रणाली नहुनु, विपदवाट भएको वार्षिक क्षति सम्बन्धी भरपर्दो तथ्याङ्क नहुनु, न्यून संख्यामा रहेको स्वास्थ्य संस्थामा पूर्वाधारको कमी हुनु, विपदसँग सम्बन्धित घटनाहरु वृद्धि हुँदै जानु, भौगोलिक बनावटका कारण नदी कटान, डुवान, बाढी जस्ता प्रकोपले बस्ती/घर विस्थापित र जोखिममा हुनु, विकास निर्माण गर्दा विपद जोखिम पक्षलाई ध्यान नदिनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ७.२.३ चुनौती र अवसर

**चुनौती**

रक्त सञ्चार केन्द्रको निर्माण गर्न, विपद जोखिम न्यूनिकरण गर्न, विपद जोखिम नक्साङ्कन गर्न, उच्च जोखिम क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न, विपद प्रतिरोधी संरचनाहरुको निर्माण गर्न, विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापन गर्न, विपद व्यवस्थापन क्षेत्रमा काम गर्ने संघसंस्था बीच समन्वय गर्न, विपद व्यवस्थापनमा सरकारी, गैरसरकारी र नीजी क्षेत्रको संलग्नतामा एकीकृत कार्यक्रम सञ्चालन गर्न, भूक्षय, बाढी, पहिरो, चट्टयाङ, आगलागी, जोखियूक्त वस्ती, लगायतका विपदको पूर्व सूचना र पूर्व सावधानी अपनाउन जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

विपद व्यवस्थापन गाउँपालिका सहित सबै तहका सरकारको कार्यक्षेत्रमा पर्नु, विपद व्यवस्थापन गाउँपालिकाको उच्च प्राथमिकतामा पर्नु, पर्याप्त खुला क्षेत्र हुनु, विपद बेला पर्याप्त मानव जनशक्ति परिचालन हुनु, भवन आचारसंहिता लागू हुँदै जानु, विपद न्यूनिकरणका लागि बाटो तथा यातायातको अवस्था सुधारेर प्रत्येक वडामा एम्बुलेन्स/हेलिप्याड व्यवस्था गर्न, गाउँपालिकामा विपद व्यवस्थापन समिति र विपद जोखिम कोषको सक्रिय व्यवस्थापन गर्न जस्ता अवसरहरु रहेका छन् ।

### ७.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

सुरक्षित पूर्वाधारयुक्त विपद उत्थानशील समाजको विकास ।

**लक्ष्य**

विपद जोखिम न्यूनिकरण गरी विपदजन्य क्षति घटाउने ।

**उद्देश्य**

१. विकास निर्माणमा विपद जोखिम न्यूनिकरणलाई मूल प्रवाहीकरण गर्नु ।

२. प्रभावकारी जोखिम व्यवस्थापन गर्नु ।

### ७.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| उद्देश्य १ विकास निर्माणमा विपद जोखिम न्यूनिकरणलाई मूल प्रवाहीकरण गर्नु । | |
| १.१ विकास निर्माणमा विपद जोखिम न्यूनिकरणलाई मूलप्रवाहीकरण गर्ने । | १.१.१ विपद जोखिम न्यूनिकरण सम्बन्धी नीतिगत, कानुनी व्यवस्था गरी कार्ययोजना बनाई लागु गरिनेछ । |
| | १.१.२ गाउँपालिकाद्वारा विकास संरचना निर्माण गर्दा विपद जोखिम पक्षलाई ध्यान दिइनेछ र गाउँपालिका भित्र सञ्चालन हुने सबै विकास निर्माणमा विपद प्रतिरोधी मापदण्ड पालना गराउन समन्वय गरिनेछ । |
| | १.१.३ प्राविधिक अध्ययन विना जथाभावी भौतिक संरचना निर्माणलाई निरुत्साहित गरिनेछ । |
| | १.१.४ सबै क्षेत्रगत नीति निर्माणमा विपद जोखिम न्यूनिकरण पक्षलाई ध्यान दिइनेछ । |
| | १.१.५ जोखिमक्षेत्र नक्साङ्कन गरी जोखिम क्षेत्रमा भौतिक संरचना निर्माण गरिनेछैन र सो क्षेत्रमा निर्माण नगरी नहुने भएमा सोही अनुसारको बलियो संरचना निर्माण गरिनेछ । |
| | १.१.६ नदीबाट उत्पन्न हुने जोखिम नियन्त्रणको लागि गाउँपालिका भित्र रहेका खोलाहरुको आवश्यक स्थानहरुमा तटबन्धनको काम गरिनेछ । |
| उद्देश्य २ प्रभावकारी जोखिम व्यवस्थापन गर्नु । | |
| २.१ जोखिम व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने । | २.१.१ विपद जोखिम प्रतिकार्य योजना बनाई लागु गरिनेछ । |
| | २.१.२ गाउँपालिकाको विपद व्यवस्थापन समितिलाई क्षमता विकास तालिम दिई प्रभावकारी बनाइनेछ । |
| | २.१.३ गाउँपालिकाको विपद जोखिम कोषमा नियमित निश्चित प्रतिशत रकम जम्मा गरिनेछ र कोषको रकम विपद व्यवस्थापनसँग सम्बन्धित काममा वाहेक अन्यत्र खर्च गरिनेछैन । |
| | २.१.४ आकस्मिक उद्धारका लागि नजिकको नेपाली सेनाको व्यारेक, स्थानीय प्रहरी, स्वयंसेवी संघसंस्थाहरु, निजीक्षेत्र, गै.स.सं. आदिसँग सधैं नजिकको सम्पर्कमा रहने व्यवस्था गरिनेछ । |
| | २.१.५ जनतामा विपदबाट बच्नेबारे चेतना अभिवृद्धि गर्न व्यापक चेतनामूलक अभियान सञ्चालन गरिनेछ । |
| | २.१.६ विपद उद्धार कार्यमा युवा स्वयंसेवीहरुलाई व्यापक रुपमा परिचालन गरिनेछ । |
| | २.१.७ विपद न्यूनिकरणका लागि बाटो तथा यातायातको अवस्था सुधारेर प्रत्येक वडामा एम्बुलेन्स/हेलिप्याडको व्यवस्था गरिनेछ । |

### ७.२.६ कार्यक्रमको प्राथमिकता

१. जोखिमक्षेत्र नक्साङ्कन गर्ने ।

२. प्रत्येक वडामा एम्बुलेन्स/हेलिप्याडको व्यवस्था गर्ने ।

३. नदीबाट उत्पन्न हुने जोखिम नियन्त्रणको लागि गाउँपालिका भित्र रहेका खोलाहरुको आवश्यक स्थानहरुमा तटबन्धन गर्ने ।

### ७.२.७ विस्तृत कार्यक्रम

| क्रस | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | विपद जोखिम न्यूनिकरण सम्बन्धी नीतिगत, कानुनी व्यवस्था गरी कार्ययोजना तर्जुमा | संख्या | ० | १ | | | | | १ | गापा |
| २ | | | १.१.२ | क | विकास निर्माणमा विपद प्रतिरोधी मापदण्ड कार्यान्वयन | संख्या | | १ | | | | | १ | " |
| ३ | | | १.१.३ | क | प्राविधिक अध्ययन विना जथाभावी भौतिक संरचना निर्माण निरुत्साहन | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | " |
| ४ | | | १.१.४ | क | क्षेत्रगत नीति निर्माणमा विपद जोखिम न्यूनिकरण नीति अवलम्बन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | " |
| ५ | | | १.१.५ | ख | जोखिमक्षेत्र नक्साङ्कन कार्यक्रम | संख्या | ० | १ | | | | | १ | " |
| ६ | | | १.१.६ | ख | गाउँपालिका भित्र रहेका खोलाहरुमा तटबन्धन कार्य | प्रकृया | | निरन्तर | | | | | | " |
| ७ | २ | २.१ | २.१.१ | ख | विपद जोखिम प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन | संख्या | ० | १ | | | | | १ | " |
| ८ | | | २.१.२ | क | गाउँपालिकाको विपद व्यवस्थापन समितिलाई क्षमता विकास तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |
| ९ | | | २.१.३ | क | गाउँपालिकाको विपद जोखिम कोषमा नियमित निश्चित प्रतिशत रकम व्यवस्थापन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | " |
| १० | | | २.१.४ | क | आकस्मिक उद्धारका लागि नजिकको संघसंस्थाहरुसँग सहकार्य | प्रकृया | | निरन्तर | | | | | | " |
| ११ | | | २.१.५ | क | जनतामा विपदवाट बच्न चेतना अभिवृद्धि अभियान सञ्चालन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | | | २.१.६ | क | विपद उद्धार कार्यमा युवा स्वयंसेवीहरु परिचालन | संख्या | | निरन्तर | | | | | | ” |
| १३ | | | २.१.७ | क | प्रत्येक वडामा एम्बुलेन्स/हेलिप्याड व्यवस्थापन | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |

### ७.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | प्राकृतिक तथा गैरप्राकृतिक विपद एवम् जोखिम न्यूनिकरण गर्दै विपद उत्थानशील समाज र अर्थतन्त्र निर्माण भएको हुने | विपदका घटनाहरूबाट मृत्यु | संख्या | | | | | | | ० | गापा | गापा | | ६ | ११ | ८ |
| **असर १** | जोखिम न्यूनिकरण र पूर्नस्थापनाका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन भएको हुने | विपदका सम्भाव्य जोखिमको लेखाजोखा र पहिचान | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल १.१** | विपद जोखिम न्यूनिकरण सम्बन्धी नीतिगत, कानुनी व्यवस्था गरी कार्ययोजना तर्जुमा भएको हुने | कार्ययोजना | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल १.२** | विकास निर्माणमा विपद प्रतिरोधी मापदण्ड कार्यान्वयन भएको हुने | मापदण्ड कार्यान्वयन | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ६ | ११ | ८ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.३** | प्राविधिक अध्ययन विना जथाभावी भौतिक संरचना निर्माण निरुत्साहन गरेको हुने | अध्ययन विना जथाभावी भौतिक संरचना निर्माण निरुत्साहन | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल १.४** | क्षेत्रगत नीति निर्माणमा विपद जोखिम न्यूनिकरण नीति अवलम्बन भएको हुने | नीति | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल १.५** | जोखिमक्षेत्र नक्साङ्कन कार्यक्रम भएको हुने | नक्साङ्कन | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल १.६** | गाउँपालिका भित्र रहेका खोलाहरुमा तटबन्धन कार्य भएको हुने | तटबन्धन | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ६ | ११ | ८ |
| **असर २** | विपद पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील भएको हुने | पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्य | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल २.१** | विपद जोखिम प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन भएको हुने | विपद जोखिम प्रतिकार्य योजना | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल २.२** | गाउँपालिकाको विपद व्यवस्थापन समितिलाई क्षमता विकास तालिम भएको हुने | क्षमता विकास तालिम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल २.३** | गाउँपालिकाको विपद जोखिम कोषमा नियमित निश्चित प्रतिशत रकम व्यवस्थापन भएको हुने | विपद जोखिम कोषमा नियमित रकम व्यवस्थापन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल २.४** | आकस्मिक उद्धारका लागि नजिकको संघसंस्थाहरुसँग सहकार्य भएको हुने | संघसंस्थाहरुसँग सहकार्य | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ६ | ११ | ८ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल २.५** | जनतामा विपदवाट बच्न चेतना अभिवृद्धि अभियान सञ्चालन भएको हुने | चेतना अभिवृद्धि अभियान | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल २.६** | विपद उद्धार कार्यमा युवा स्वयंसेवीहरु परिचालन भएको हुने | युवा स्वयंसेवीहरु परिचालन | संख्या | | निरन्तर | | | | | | गापा | गापा | | ६ | ११ | ८ |
| **प्रतिफल २.७** | प्रत्येक वडामा एम्बुलेन्स/हेलिप्याड व्यवस्थापन भएको हुने | एम्बुलेन्स/हेलिप्याड व्यवस्थापन | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ६ | ११ | ८ |

# परिच्छेद ८ : सुशासन तथा संस्थागत विकास

## ८.१ सुशासन तथा सेवा प्रवाह

### ८.१.१ पृष्ठभूमि

स्थानीय तह नागरिकका निकटका सरकार हुन् । राज्यका तर्फबाट स्थानीय स्तरमा गरिने सेवा प्रवाह स्थानीय तहको प्रमुख जिम्मेवारी हो । स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरु सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सभागितामूलक हुन आवश्यक छ । यस गाउँपालिकाको संस्थागत संरचनामा गाउँ कार्यपालिका, सभा, न्यायिक समिति र वडासमितिहरु आफ्नो जिम्मेवारी अनुसार क्रियाशील रहेका छन् । हाल गाउँ कार्यपालिकामा २६ जना जन प्रतिनिधि रहेका छन् । योजना तर्जुमा सम्बद्ध समितिहरु गठन भई कार्यरत छन् । यसैगरी स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोवार सञ्चालन भएको, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्यमा सफ्टवेयरको प्रयोग गरिँदै आएको, गाउँपालिका र वडाहरुमा नागरिक बडापत्र प्रकाशित भएका, स्थानीय कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरेको, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण हालसालै आरम्भ भएका छन् ।

विकास प्रयासलाई व्यवस्थित र प्रणालीगत रुपमा सञ्चालन गरी अपेक्षित उपलब्धि हाँसिल गर्न योजनावद्ध विकासको आवश्यकता पर्दछ । भरपर्दो तथ्याङ्क कार्यान्वयनयोग्य योजनाको आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । यसैगरी ऐनले स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, पार्श्वचित्र तथा श्रोत नक्सा अद्यावधिक बनाउने, सूचना तथा अभिलेख केन्द्र सञ्चालन गर्ने, जनशक्तिको तथ्याङ्क संकलन गर्ने आदि कार्य स्थानीय तहको काम, कर्तव्य र अधिकारको दायरामा राखेको छ । यस गाउँपालिकाले घरधुरी सर्वेक्षण र संस्थागत तथ्याङ्क संकलन गरी वस्तुगत विवरण तयार गरेको छ ।

### ८.१.२ समस्या

स्थानीय आवश्यकताका आधारमा संगठन पुर्नसंरचना भई नसक्नु, गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालयको आफ्नो भवन नहुनु, इन्टरनेट नेटवर्कको भरपर्दो सुविधा नहुँदा विद्युतीय सूचना प्रविधिमा आधारित कार्यप्रणाली अवलम्बन गर्न कठिनाई हुनु, आफ्नो अधिकार क्षेत्रभित्रका कानुन, कार्यविधि तथा मापदण्डहरु सबै बनी नसक्नु, बढ्दो जनआकांक्षा अनुरुप सेवा प्रवाह हुन नसक्नु, आन्तरिक श्रोत न्युन रहनु, योजना प्रणालीका बारेमा कम चासो र जानकारी हुनु, कमजोर योजना प्राथमिकीकरण, टुक्रे र वितरणकारी आयोजनाको बाहुल्यता हुनु, श्रोत साधन र योजनाका बीच तादात्म्यताको कमी हुनु, जनशक्तिको अभावले योजना सञ्चालन र अनुगमनमा कठिनाई हुनु, तथ्याङ्क प्रणाली कमजोर हुनु र विद्युतीय प्रणालीमा आबद्ध नहुनु, गाउँपालिकामा कार्यरत सबै निकायको तथ्याङ्क एकिकृत गरी उपयोग गर्न अन्तर निकाय समन्वयको अभाव हुनु, सुशासनका सम्बन्धमा स्थानीय जानकारीको अभाव हुनु जस्ता समस्याहरु रहेका छन् ।

### ८.१.३ चुनौती र अवसर

#### चुनौती

कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत शाखाहरुमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न, संघीय सरकारबाट खटिने कर्मचारीहरुमा स्थायित्व ल्याउन, समायोजित कर्मचारीहरुलाई स्थानीय सेवा अनुसार सञ्चालन गरी व्यवस्थित गर्न, स्थानीय स्तरमा रहेका केन्द्रिय, प्रादेशिक निकाय/कार्यक्रम तथा गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय कायम गर्न, तथ्याङ्कलाई व्यवस्थित गरी विद्युतीय प्रणालीमा आबद्ध गर्न, तथ्याङ्क तथा वस्तुगत विवरणलाई वार्षिक रुपमा अध्यावधिक गर्न, योजना र तथ्याङ्क बीच तादात्म्यिता कायम गर्न, पूर्व सम्भाव्यताका आधारमा आयोजनाहरुको छनौट र कार्यान्वयन गर्न, दामासाहीमा आधारित बजेट वितरणको कार्यलाई योजना अनुशासनमा ल्याउन, संघीय र प्रादेशिक योजना कार्यक्रमको स्थानीय तहसँग समन्वय मिलाउन र योजनागत दोहोरोपना हटाउन, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्न, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न जस्ता चुनौतीहरु छन् ।

#### अवसर

स्थानीय तहको एकल अधिकार भित्रका विषयमा कानुन निर्माण गरी जनशक्ति परिचालन गर्ने अधिकार र अवसर हुनु, समावेशी प्रतिनिधित्व सहित निर्वाचित प्रतिनिधिबाट स्थानीय तहको सञ्चालन हुनु, आफ्नो प्रशासनिक संगठन र संरचना आफै निर्माण गर्न सक्ने अधिकार हुनु, संवैधानिक तथा कानुनी रुपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित श्रोतको सुनिश्चितता रहनु, स्थानीय तवरमा विकास साझेदारहरुको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु, स्थानीय

स्तरमा रहेका अन्य निकायहरु गाउँपालिकासँग समन्वयमा रहने प्रणालीको विकास हुनु, स्थानीय योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा स्थानीय तहलाई पूर्ण अधिकार हुनु, स्थानीय कार्यक्षेत्र भएका गै.स.सं.हरु स्थानीय योजना प्रणालीमा आबद्ध हुँदै जानु, नेपाल सरकारबाट योजना प्रणालीका सम्बन्धमा नमूना कार्यविधिहरु उपलब्ध हुनु, अधिकांश विकास आयोजना तथा कार्यक्रमहरुले स्थानीय प्रतिनिधिकै संयोजकत्वमा आयोजना छनौट गर्ने अभ्यास गर्नु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै जानु, योजना तर्जुमा सम्बन्धी समितिहरु क्रियाशील रहनु जस्ता अवसरहरु छन् ।

### ८.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

संस्थागत विकास र उत्तरदायी सेवा प्रवाह ।

**लक्ष्य**

पहुँचयोग्य, सबल र सुलभ सेवा प्रवाह गरी सुशासन कायम गर्ने ।

**उद्देश्य**

१. संस्थागत सुशासन कायम गर्नु ।
२. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउनु ।
३. तथ्याङ्क प्रणाली व्यवस्थित र सुदृढ गर्नु ।

### ८.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ संस्थागत सुशासन कायम गर्नु । | |
| १.१ संस्थागत सुदृढीकरण गर्ने । | १.१.१ वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नती गरिनेछ र आफ्नो भवन नभएका वडा कार्यालयको भवन निर्माण गरिनेछ । |
| | १.१.२ विधि र कानुनहरुको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना गरिनेछ । |
| | १.१.३ संगठन तथा व्यवस्थापन अध्ययन गरी संगठनात्मक पुर्नसंरचना गरिनेछ । |
| | १.१.४ दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति गरिनेछ । |
| | १.१.५ कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गरिनेछ । |
| उद्देश्य २ सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउनु । | |
| २.१ सेवा प्रवाह प्रभावकारी बनाउने । | २.१.१ गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक गरिनेछ । |
| | २.१.२ पारदर्शी सरकार निर्माणमा जोड दिन गाउँपालिकाको डकुमेन्ट्री निर्माण तथा रेडियो कार्यक्रम मार्फत गाउँपालिका सेरोफरो कार्यक्रमलाई संस्थागत गरिनेछ । |
| | २.१.३ पत्रकार, नागरिक तथा विभिन्न संघसंस्थाहरलाई उचित सम्मान गरिनेछ । |
| | २.१.४ स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार गरी कार्यान्वयन गरिनेछ । |
| | २.१.५ नागरिक बडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक बडापत्र कार्यान्वयनमा ल्याइनेछ । |
| | २.१.६ गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ । |
| | २.१.७ बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ । |
| | २.१.८ अन्तर तह तथा अन्तर निकाय समन्वय प्रभावकारी बनाइनेछ । |
| | २.१.९ “जनतासँग अध्यक्ष” कार्यक्रम सञ्चालन गरी स्थानीय गुनासो सुन्ने, पृष्ठपोषण लिने र व्यवस्थापन गर्ने प्रणालीको अवलम्बन गरिनेछ । |
| | २.१.१० बेरुजुको विवरण सहितको वार्षिक प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुत गरिनेछ । |
| | २.१.११ अनुगमन योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ । |

| | |
|---|---|
| | २.१.१२ नतिजामा आधारित सूचकहरु निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना गरिनेछ । |
| | २.१.१३ आयोजनागत रुपमा अनुगमनको जिम्मेवारी तोकी नियमित अनुगमन प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाइनेछ । |
| उद्देश्य ३ तथ्याङ्क प्रणाली व्यवस्थित र सुदृढ गर्नु । | |
| ३.१ तथ्य र तथ्याङ्कमा आधारित योजना प्रणाली स्थापित गर्ने । | ३.१.१ वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुँच सहितको श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ । |
| | ३.१.२ वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ । |
| | ३.१.३ गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ । |
| | ३.१.४ भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायतका विषय क्षेत्रका खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरिनेछ । |
| | ३.१.५ मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन गरिनेछ । |

### ८.१.६ कार्यक्रमको प्राथमिकता

१. विधि र कानूहरुको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना गर्ने ।

२. कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गर्ने ।

३. वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नती गर्ने र आफ्नो भवन नभएका वडा कार्यालयको भवन निर्माण गर्ने ।

## ८.१.७ विस्तृत कार्यक्रम

| क्रम | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | १.१.१ | ख | वडा कार्यालय भवनहरुको निर्माण, मर्मत संभार तथा स्तरोन्नती | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा |
| २ | | | १.१.२ | क | विधि र कानुनहरु निर्माण र संस्थागत कार्यप्रणाली स्थापना | संख्या | | १ | | | | | १ | ” |
| ३ | १ | १.१ | १.१.३ | क | संगठनात्मक पूर्नसंरचना | प्रकृया | | निरन्तर | | | | | | ” |
| ४ | | | १.१.४ | ख | दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ७ | | | १.१.५ | क | कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| ८ | | | २.१.१ | क | गाउँपालिकाको वेवसाइटको नियमित अध्यावधिकता | प्रकृया | | निरन्तर | | | | | | ” |
| ९ | | | २.१.२ | क | पारदर्शी सरकार निर्माणमा जोड दिन गाउँपालिकाको डकुमेन्ट्री निर्माण तथा रेडियो कार्यक्रम मार्फत गाउँपालिका सेरोफरो कार्यकमलाई संस्थागत गर्ने | प्रतिशत | ० | ४० | ६० | | | | १०० | ” |
| १० | | | २.१.३ | क | पत्रकार, नागरिक तथा विभिन्न संघसंस्थाहरलाई उचित सम्मान | पटक | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| ११ | २ | २.१ | २.१.४ | क | स्थानीय विकास संरचना तथा सेवा प्रवाह मापदण्ड तयार र कार्यान्वियन | संख्या | ० | १ | | | | | १ | ” |
| १२ | | | २.१.५ | क | नागरिक बडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक बडापत्र कार्यान्वयन | संख्या | | १ | | | | | १ | ” |
| १३ | | | २.१.६ | क | नागरिक उत्तरदायी संयन्त्रहरुको सशक्तिकरण | प्रकृया | | निरन्तर | | | | | | ” |
| १४ | | | २.१.७ | क | बजेट, कार्यक्रम तथा कार्यप्रगति नियमित रुपमा सार्वजनिक | संख्या | १ | १ | १ | १ | १ | १ | ६ | ” |
| १५ | | | २.१.८ | क | अन्तर तह तथा अन्तर निकाय समन्वय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | | | २.१.९ | क | "जनतासँग अध्यक्ष" कार्यक्रम सञ्चालन | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| १७ | | | २.१.१० | क | बेरुजुको विवरण सहित वार्षिक प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुतिकरण | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| १८ | | | २.१.११ | क | अनुगमन योजनाको निर्माण र कार्यान्वयन | संख्या | ० | १ | | | | | १ | ” |
| १९ | | | २.१.१२ | क | नतिजामा आधारित सूचकहरु निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना | संख्या | | १ | | | | | १ | ” |
| २० | | | २.१.१३ | क | आयोजनागत रुपमा अनुगमनको जिम्मेवारी तोकी नियमित अनुगमन | प्रकृया | | निरन्तर | | | | | | ” |
| २१ | | | ३.१.१ | क | श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गर्ने | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | ” |
| २२ | | | ३.१.२ | क | वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने | प्रकृया | | निरन्तर | | | | | | ” |
| २३ | ३ | ३.१ | ३.१.३ | ख | सूचना तथा अभिलेख केन्द्र स्थापना | संख्या | ० | १ | | | | | १ | ” |
| २४ | | | ३.१.४ | क | विषय क्षेत्रका खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार | संख्या | | १ | १ | १ | १ | १ | ५ | ” |
| २५ | | | ३.१.५ | क | मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन | संख्या | ० | १ | | | | | १ | ” |

### ८.१.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७/७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराव संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | | | | | | |
| **प्रभाव** | स्थानीय स्तरमा सार्वजनिक सेवा प्रवाह गर्ने तह एवं कार्यालयहरुको क्षमता विकास, प्रभावकारी एवं गुणस्तरीय सेवा प्रवाहको सुनिश्चिता र जवाफदेहीता अभिवृद्धि गर्दै | प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु. हजारमा | २२ | | | | | | ४२ | गापा | गापा | | ८ | १६ | ७ |
| | | लक्षितवर्ग, सशक्तिकरण र क्षमता विकास | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय संघ संस्थाहरु गैसस, निजी, सहकारी, एवं गै.स.स.हरुको प्रवर्द्धनका साथै पारदर्शीता र सुशासन अभिवृद्धि भएको हुने | कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग | | | | | | | | | | | | | | |
| **असर १** | संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानुनको परिपालनाबाट सेवाप्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि भएको हुने | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र ( विधायन, सुशासन, लेखा, राजश्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | | | | | | | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल १.१** | वडा कार्यालय भवनहरुको निर्माण, मर्मत संभार तथा स्तरोन्नती भएको हुने | वडा कार्यालय भवनहरुको निर्माण तथा स्तरोन्नती | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल १.२** | विधि र कानुनहरु निर्माण र संस्थागत कार्यप्रणाली स्थापना भएको हुने | विधि र कानुनहरु निर्माण | संख्या | | १ | | | | | १ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल १.३** | संगठनात्मक पूर्नसंरचना भएको हुने | संगठनात्मक पूर्नसंरचना | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल १.४** | दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति भएको हुने | कर्मचारी पद पूर्ति | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल १.५** | कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास कार्यकम भएको हुने | क्षमता विकास कार्यकम | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **असर २** | प्रभावकारी संगठन संरचना निर्माणका साथै संस्थागत | गाउँपालिकामा कार्यरत मानव | संख्या | ३५ | २ | २ | २ | २ | २ | ४५ | गापा | गापा | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास भई गुणस्तरीय सेवा प्रवाहमा अभिवृद्धि भएको हुने | संशाधन | | | | | | | | | | | | | | |
| | | गाउँपालिका तथा वडा कार्यालय भवन | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.१** | गाउँपालिकाको वेवसाइटको नियमित अध्यावधिकता भएको हुने | वेवसाइटको नियमित अध्यावधिक | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.२** | पारदर्शी सरकार निर्माणमा जोड दिन गाउँपालिकाको डकुमेन्ट्री निर्माण तथा रेडियो कार्यक्रम मार्फत गाउँपालिका सेरोफरो कार्यक्रमलाई संस्थागत भएको हुने | गाउँपालिका सेरोफरो कार्यक्रम | प्रतिशत | ० | ४० | ६० | | | | १०० | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.३** | पत्रकार, नागरिक तथा विभिन्न संघसंस्थाहरलाई उचित सम्मान गरेको हुने | सम्मान कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.४** | स्थानीय विकास संरचना तथा सेवा प्रवाह मापदण्ड तयार र कार्यान्वयन भएको हुने | सेवा प्रवाह मापदण्ड तयार र कार्यान्वयन | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.५** | नागरिक बडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक बडापत्र कार्यान्वयन भएको हुने | डिजिटल नागरिक बडापत्र कार्यान्वयन | संख्या | | १ | | | | | १ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.६** | नागरिक उत्तरदायी संयन्त्रहरुको सशक्तिकरण भएको हुने | नागरिक उत्तरदायी संयन्त्रहरुको सशक्तिकरण | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.७** | बजेट, कार्यक्रम तथा कार्यप्रगति नियमित रुपमा सार्वजनिक | बजेट, कार्यक्रम तथा कार्यप्रगति | संख्या | १ | १ | १ | १ | १ | १ | ६ | गापा | गापा | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको हुने | नियमित रुपमा सार्वजनिक | | | | | | | | | | | | | | |
| **प्रतिफल २.८** | अन्तर तह तथा अन्तर निकाय समन्वय भएको हुने | समन्वय कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.९** | "जनतासँग अध्यक्ष" कार्यक्रम सञ्चालन भएको हुने | "जनतासँग अध्यक्ष" कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.१०** | बेरुजुको विवरण सहित वार्षिक प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुतिकरण भएको हुने | वार्षिक प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुति | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.११** | अनुगमन योजनाको निर्माण र कार्यान्वयन भएको हुने | अनुगमन योजनाको निर्माण र कार्यान्वयन | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.१२** | नतिजामा आधारित सूचकहरु निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना भएको हुने | नतिजामा आधारित सूचक निर्माण | संख्या | | १ | | | | | १ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.१३** | आयोजनागत रुपमा अनुगमनको जिम्मेवारी तोकी नियमित अनुगमन भएको हुने | आयोजनागत अनुगमन | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.१४** | श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक भएको हुने | श्रोत नक्साहरु अध्यावधिक | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.१५** | वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध भएको हुने | वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध | प्रकृया | | निरन्तर | | | | | | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.१६** | सूचना तथा अभिलेख केन्द्र स्थापना भएको हुने | सूचना तथा अभिलेख केन्द्र | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थापना | | | | | | | | | | | | | | |
| **प्रतिफल २.१७** | विषय क्षेत्रका खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार भएको हुने | वस्तुगत विवरण तयार | संख्या | | १ | १ | १ | १ | १ | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल २.१८** | मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन भएको हुने | घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन | संख्या | ० | १ | | | | | १ | गापा | गापा | | ८ | १६ | ७ |

## ८.२ लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासन

### ८.२.१ पृष्ठभूमि
प्रभावकारी आन्तरिक लेखा परीक्षणबाट राज्य कोषको दुरुपयोग रोकिएको तथा मितव्ययी लेखा परीक्षण नियमित रुपमा सञ्चालन भइरहेको अवस्था छ । हरेक चौमासिकमा आन्तरिक लेखा परीक्षण भइरहेको र लेखा परीक्षणका क्रममा भौचर, बैंक, नगदी किताब, बैंक स्टेटमेन्ट, बिल भरपाई सम्पूर्ण उपलब्ध भएको अवस्था छ । छनौट भएका आयोजनाहरुमा खर्चको व्यवस्थापन, आयोजनाको ठेक्कापट्टा पारदर्शी र प्रविधिमैत्री ढंगले प्रतिस्पर्धाको आधारमा गर्न, खरिद प्रकृयालाई नियम संगत ढंगले पारदर्शी बनाउन र लेखा सुशासन सँगसँगै वित्तीय सुशासन कायम गरी आर्थिक समृद्धिको बाटो तर्फ लैजान जरुरी छ । राजश्व संकलन तथा परिचालन प्रणालीको सुदृढिकरण, वित्तीय सुशासन, आय र व्ययको अनुमान, नियमित र प्रभावकारी लेखा परीक्षण र वित्तीय कारोवारलाई वैकिङ प्रणाली मार्फत संस्थागत संरचना पुनर्निर्माण गर्न आवश्यक छ । बरेङ गाउँपालिकामा होटल व्यवसाय तथा उद्योग, कृषि तथा फर्म, मनोरञ्जन, घर तथा जग्गा कर आदि मुख्य राजश्व आम्दानी हुन् ।

### ८.२.२ समस्या
गाउँपालिकाको वित्तीय व्यवस्थापन गर्ने निकायको सुदृढिकरण नहुनु, बेरुजु फछ्र्योट सम्बन्धी ध्यान नपुग्नु, सम्झौता अघि काम गर्ने र सम्झौता अघिको बिल ल्याउने प्रवृतिमा सुधार नहुनु, राजश्व संकलन र परिचालन क्षमतामा वृद्धि नहुनु, विकास खर्च कम हुनु, विकास आयोजनाहरुको ठेक्का पट्टा निर्धारित समयमा नहुनु, विद्युतीय वोलपत्रको व्यवस्था नहुनु, खरिद् प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शी हुन नसक्नु, विद्युतीय आर्थिक कारोवार व्यवस्थित नहुनु र आर्थिक वर्षको अन्त्यमा आएर मात्र खर्च गर्ने परिपाटी कायम रहनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### ८.२.३ चुनौती  र अवसर
**चुनौती**

लेखा परीक्षण गर्ने क्रममा आवश्यक तयारी पुग्न गाह्रो, लेखाको क्रममा सुत्र सिस्टमको प्रयोग गर्नुपर्नेमा केही कारोबारहरु सिस्टम भन्दा बाहिर गर्ने प्रवृति हुनु, गाउँपालिकाबाट विभिन्न शिर्षकमा गर्ने खर्चहरुमा प्रभावकारिता, मितव्ययीता र नियमितता कायम गर्न, संघ र प्रदेशवाट प्राप्त अनुदान समयमा नै निकासा भई विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न, वार्षिक राजश्व र व्ययको अनुमान यथार्थ परक बनाई कार्यान्वयन गर्न, राजश्व संकलन र परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन, खरिद प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शी, नियमित र व्यवस्थित गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा सञ्चालन गर्न, विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम सञ्चालन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

स्थानीय तहका समस्याहरु पहिचान हुनु, वार्षिक रुपमा गाउँ सभाबाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा वजेट विनियोजित गर्न, संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानद्धारा विभिन्न विकास आयोजना सञ्चालन गर्न, गाउँपालिकाको विभिन्न करबाट राजश्व वृद्धि गर्न, ठेक्का पट्टा र खरिद प्रकृया नियमसंगत र पारदर्शी बनाई समयमा नै कार्य सम्पादन गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतिय माध्यमबाट सञ्चालन गरी सुशासन कायम गर्न, जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय सुशासनसम्बन्धी तालिम प्रदान गरी कार्य क्षमतामा वृद्धि गर्न, गाउँपालिकाका सम्पूर्ण वित्तीय कारोवारहरुरमा सुशासन कायम गरी नमुना गाउँपालिका निर्माण गर्ने जस्ता अवसरहरु रहेका छन् ।

### ८.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य
**सोच**

वित्तीय सुशासनको लागि उत्तरदायी राजश्व परिचालन र पारदर्शी लेखा प्रणाली ।

**लक्ष्य**

आय र व्ययलाई व्यवस्थित र पारदर्शी बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

### उद्देश्य

१. लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु ।

२. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु ।

३. दिगो तथा नियमित र अधिकतम उपलब्ध हुने वित्तीय श्रोतको पहिचान गर्नु ।

### ८.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु । | |
| १.१ लेखाका कारोबार तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढी बनाई आन्तरिक नियन्त्रण प्रणाली सबलीकरण गर्ने । | १.१.१ लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता वृद्धि गरिनेछ । |
| | १.१.२ सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि तयार गरिनेछ । |
| | १.१.३ आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी गरिनेछ । |
| | १.१.४ चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परीक्षणबाट देखिएका वेरुजु फछ्र्यौट कार्य गरिनेछ । |
| उद्देश्य २ स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु । | |
| २.१ योजना तर्जुमा प्रक्रियमा समावेशी सहभागिता तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्र विस्तार गर्ने । | २.१.१ उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र प्रचलित कानुन वमोजिम उपभोक्ता समिति गठन गरिनेछ । |
| | २.१.२ नागरिकलाई कर तिरेको प्रत्याभुति गराई नागरिकलाई करको दायरामा ल्याउने कार्य गरिनेछ । |
| | २.१.३ शून्य वेरुजु कायम गर्न आवश्यक ऐन, नियम निर्माण गरिनेछ । |
| उद्देश्य ३ दिगो तथा नियमित र अधिकतम उपलब्ध हुने वित्तीय श्रोतको पहिचान गर्नु । | |
| ३.१ आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृढ बनाउने । | ३.१.१ गाउँपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गरिनेछ । |
| | ३.१.२ राजश्व अभिवृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था गरिनेछ । |
| | ३.१.३ SUTRA प्रणालीमा आवद्ध रहेको गाउँपालिकाको वित्तीय कारोवारलाई व्यवस्थित गरिनेछ । |
| | ३.१.४ राजश्वको दायरालाई बढाउने र दरलाई न्यूनिकरण गर्ने नीति निर्माण गरिनेछ । |

### ८.२.६ कार्यक्रमको प्राथमिकता

१. आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी गर्ने ।

२. नागरिकलाई कर तिरेको प्रत्याभुति गराई नागरिकलाई करको दायरामा ल्याउने ।

३. गाउँपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गर्ने ।

## ८.२.७ विस्तृत कार्यक्रम

| क्र.स | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम | इकाई इकाई | आधार वर्ष २०७७/७८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| १ | १ | १.१ | १.१.१ | क | राजश्व परिचालनको क्षमता वृद्धि | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा |
| २ | | | १.१.२ | क | सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि तयार | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | ” |
| ३ | | | १.१.३ | क | आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी | प्रकृया | | निरन्तर | | | | | | ” |
| ४ | | | १.१.४ | क | चुस्त दुरुस्त लेखा प्रणाली विस्तार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ५ | २ | २.१ | २.१.१ | क | उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र प्रचलित कानुन वमोजिम उपभोक्ता समिति गठन | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | ” |
| ६ | | | २.१.२ | क | नागरिकलाई करको दायरामा ल्याउने कार्य | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | ” |
| ७ | | | २.१.३ | क | शून्य वेरुजु कायम गर्न आवश्यक ऐन, नियम निर्माण | संख्या | ० | १ | | | | | १ | ” |
| ८ | ३ | ३.१ | ३.१.१ | क | राजश्व सुधार सम्भाव्यता अध्ययन | संख्या | ० | | १ | | | | १ | ” |
| ९ | | | ३.१.२ | ख | राजश्व अभिवृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| १० | | | ३.१.३ | क | SUTRA प्रणालीमा आवद्ध रहेको गाउँपालिकाको वित्तीय कारोवारको व्यवस्था | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | ” |
| ११ | | | ३.१.४ | क | राजश्वको दायरालाई बढाउने र दरलाई न्यूनिकरण गर्ने नीति निर्माण | संख्या | ० | १ | | | | | १ | ” |

## ८.२.८ नतिजा

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७७ /७८ | उपलब्धि | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईको श्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८ /७९ | २०७९ /८० | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ | | | | | | | |
| **प्रभाव** | लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम भएको हुने | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | | | | | | | ५० | गापा | गापा | | ८ | १६ | ७ |
| | | समयमा सम्पन्न आयोजना/कार्यक्रम को अनुपात | प्रतिशत | | | | | | | १०० | गापा | गापा | | ८ | १६ | ७ |
| | | तर्जुमा भएका विषयगत रणनैतिक योजना विषय) | क्षेत्र | ५ | | | | | | ५ | गापा | गापा | | ८ | १६ | ७ |
| | | सहभागिता मुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षितवर्ग/समुदाय को प्रतिनिधित्व | संख्या प्रति योजना | | ५ | ५ | ५ | ५ | ५ | २५ | गापा | गापा | | ८ | १६ | ७ |
| **प्रतिफल १.१** | राजश्व परिचालनको क्षमता वृद्धि भएको हुने | क्षमता वृद्धि कार्यक्रम | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | गापा | गापा | | ८ | १६ | ७ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल १.२** | सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि तयार भएको हुने | खरिद योजना कार्यविधि | प्रतिशत | | ३० | ३० | ४० | | | १०० | गापा | गापा | | ८ | १६ | ७ |
